लेखापरीक्षण प्रतिवेदन

कमल गाउँपालिका, झापा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

कमल गाउँपालिका, झापा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/176

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
कमल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
झापा ।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२६ करोड २२ लाख ९३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु४४लाख २० हजार र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु २८ लाख ७३ हजार समेत गरी रु२६ करोड ९५ लाख ८६ हजार समावेश गरेको छैन।

२. यस गाउँपालिकाको रु.१ अर्व ९५ करोड ५५ लाख २४ हजार लेखापरीक्षण गरिएकोमा रू.४ करोड ८० लाख १९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ करोड ५ लाख ५० हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.१ करोड ३६ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९६ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४३ लाख ७९ हजार रहेको छ। गत वर्षसम्म रु.१६ करोड ५१ लाख ३४ हजार बेरुजू बाँकी

रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १४ करोड ७९ लाख ९५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने कमल गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **कमल गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(बालकृष्ण थापा)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
८९	६६	४,८०,१८,७१६	०	९	१,०५,५०,२६६	२,७०,०००	८९	५७	३,७७,३८,४४८	१,३९,५१,२२५	१,४३,७९,१९४	९४,०८,०३२	०	०	२,३७,८७,२२६	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
झापा	१६,५१,३४,०००	०	५,४८,७७,०६४	११,०२,५६,९३६	०	३,७७,३८,४४८	१४,७९,९५,३८४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	६८	लागत साझेदारी -	२०,०००
२	२०८०/८१	८१	बढी भुक्तानी -	६,८५५
३	२०८०/८१	७७	बढी भुक्तानी -	१०,२००
४	२०८०/८१	७६	फरक कार्यको भुक्तानी -	१४,७४५
५	२०८०/८१	१२५	प्राईम कोटको भुक्तानी -	१,२७,१२५
६	२०८०/८१	९९	निशुल्क पाठ्यपुस्तक रकम निकासाः	१,४९६
७	२०८०/८१	११३.२	नमुना विद्यालयः	१,००,००,०००
८	२०८०/८१	८६	इट्टाभट्टा शुल्क -	३,६०,०००
९	२०८०/८१	३९	अनुपातिक कट्टी -	९,८४५
१०	२०७९/८०	६४	ह्युम पाइप खरिद	१,८०,३८५
११	२०७९/८०	९९	माछा भुरा वितरण	४,९६,०००

१२	२०७९/८०	३८.२	बैठक भत्ता तर्फ	५९,०००
१३	२०७९/८०	४२.३	बैठक भत्ता	१०,०००
१४	२०७९/८०	४५	बिल भरपाई भन्दा बढी भुक्तानी	२,२००
१५	२०७९/८०	८०	बढी ग्रेड भुक्तानी	१९,०७४
१६	२०७९/८०	५४.२	पुष्पथिर प्रतिष्ठान नहरचोक कालोपत्रे सडक निर्माण (ठेक्का नं. १४।KRM।ROAD।०७९।८०)	२०,०००
१७	२०७९/८०	९५	पर्यटन पूर्वाधार विकास कार्यक्रम	४,९५,५३२
१८	२०७९/८०	९७.१/९७.२	तराई-मधेश समृद्धि कार्यक्रम	१५,९३,४४८
१९	२०७९/८०	५६	ठेक्का नं 15/KRM/MANDIR/2079/080	१,३३,८३८
२०	२०७९/८०	७४	घटी लागत साझेदारी	६,३७७
२१	२०७९/८०	१००	एक घर एक पशु सुत्केरी कार्यक्रम	१९,९४,९५६
२२	२०७९/८०	७३	उपभोक्ता समितिमार्फत कार्यक्रम	१३,०४,६१६
२३	२०७९/८०	७०	उपभोक्ता समितिको काम निर्माण व्यवसायीबाट	५,३६,२५०
२४	२०७९/८०	४३	अन्य निकायलाई रकम निकासा	२,००,०००
२५	२०७९/८०	४७	अग्रीम कर	२३,८८७
२६	२०७८/७९	२२	सफ्टवेयर खरिद	१६,७२,०१४
२७	२०७८/७९	२५	शुभकामना प्रकाशन तथा क्यालेण्डर छपाई	७४,२७१
२८	२०७८/७९	४१	शिक्षण सिकाइ अनुदान	३,१०,२००
२९	२०७८/७९	४०	विद्यालय भौतिक पूर्वाधार निर्माण	६३,००,०००
३०	२०७८/७९	१९	भेरीएसन	५३,०७,४१०
३१	२०७८/७९	३९	दिवा खाजा	६४,४८,६२०
३२	२०७८/७९	२८	अनुगमन प्रतिवेदन	७,२०,०००
३३	२०७८/७९	२६	अध्यक्षको भ्रमण	४७,६००
३४	२०७७/७८	३२	न्यायीक समिति भत्ता वितरण	४,०३२
३५	२०७७/७८	७४.१	निर्माण स्थल र खरिद सम्झौता	१,०९,४१,५१७
३६	२०७४/75	विभिन्न	२०८१।१२।२८ को निर्णय र च.नं.२१ को २०८१।१२।२८ को पत्र अनुसार	८५,०३,७९४
३७	२०७५/७६	विभिन्न	२०८१।१२।२८ को निर्णय र च.नं.२१ को २०८१।१२।२८ को पत्र अनुसार	६७,३०,०४२
३८	२०७६/७७	विभिन्न	२०८१।१२।२८ को निर्णय र च.नं.२१ को २०८१।१२।२८ को पत्र अनुसार	७,४२,०००

जम्मा	६,५४,२७,३२८

(८०११२५०२३०० - कमल गाउँपालिका, झापा)

परिचय

१ **परिचय**

(क) परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेशमा अवस्थित यस पालिकामा ७ वडा र ३९ सभा सदस्य रहेका छन् । पालिकाको क्षेत्रफल १०४.५९ वर्ग किलोमिटर तथा १३१६५ घरधुरी, ८३.५ प्रतिशत साक्षरता दर र ५३८९४ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।२६ देखि २०८१।९।३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोरा यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार लिई सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीको कार्यसम्पादन रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमा लेखापरीक्षणमा रहेका छन् । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु थप सीमाको रुपमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- गाउँपालिकाको आय-व्ययतर्फ रु.१ अर्ब ९५ करोड ५५ लाख २४ हजार लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	मेडिकल अधिकृत फुलकचन्द्र लावति लिम्बुलाई कम कर कट्टी भएको रकम दाखिला	१८३१०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको र पालिकाबाट प्रस्तुत एकिकृत आय व्यय विवरण अनुसूचीमा समावेश गरिएको छः

कमल गाउँपालिकाको कार्यालय							
तोपगाँछी झापा							
आर्थिक वर्ष २०८०।८१							
एकिकृत आय व्यय विवरण							
क्र स	आय	रकम	रकम	क्र स	व्यय	रकम	रकम
१	शुरु मौज्दात		१०९९२३१६४	१	खर्च		६४४९५४३५४
		८१२३६६०३			चालु खर्च गाउँपालिका	३७९२०५२०७	
	धरौटी आय	१२८६४११८			पुँजीगत खर्च खाता	२६५७४९१४७	
	विविध खर्च खाता	१०७३९८५					
	प्रकोप व्यस्थापन कोष	४३११८५३					
	विविध कोष	१०४३६६०५					
२	राजस्व		१३८०३९३१५	२	संघीय सरकार विषयगत कार्यक्रम		२६९५८५९००
	आन्तरिक श्रोत	२२१७४८७४			सामाजिक सुरक्षा कार्यक्रम	२६२२९३०००	
	राजस्व बाँडफाँड संघ	८९८७१४३९			स्थानीय पूर्वाधार विकास कार्यक्रम	२८७२९००	
	राजस्व बाँडफाँड प्रदेश सवारी	६८३५५९९			एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	४४२००००	
	राजश्व विज्ञापन कर	०					
	राजस्व बाँडफाँड प्रदेश मालपोत	१९१५७४०२				०	
३	संघीय सरकार विषयगत कार्यक्रम		२६९५८५९००	३	पेश्की	०	०
	सामाजिक सुरक्षा कार्यक्रम	२६२२९३०००					
	पर्यटन पुर्वाधार विकास कार्यक्रम	२८७२९००		४	धरौटी फिर्ता	१४९३९२३८	१४९३९२३८
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४४२००००		५	विविध कोष	११६०२६७४	११६०२६७४
		०		६	विविध खर्च खाता	१०६९१६९४	१०६९१६९४
४	संघ वित्तिय हस्तान्तरण		४५१९१३०००		प्रकोप व्यवस्थापन कोष	६७१४९०५	६७१४९०५
	वित्तिय समानीकरण	१३११३००००		७	फिर्ता		
	सशर्त अनुदान	२८२७८३०००			सशर्त अनुदान संघ	३९०३६३६९	४६८२५४४९

	समपुरक अनुदान	२००००००००			समपुरक अनुदान संघ	१४८१५८४	
	विशेष अनुदान	१८००००००			विशेष अनुदान संघ	८३६८५५	
		०			प्रदेश समपुरक अनुदान	२४८९०५५	
५	प्रदेश वित्तिय हस्तान्तरण		३७४६२९०९		प्रदेश सशर्त अनुदान	२९८१५८६	
	वित्तिय समानीकरण	९०४५०००		८	अन्तिम यथार्थ मौज्दात		
	सशर्त अनुदान	२०६७५०००			धरौटी खाता	२०७४२४६२	५४८१९७२३
	समपुरक अनुदान	७६८७९०९			चालु खाता	०	
	सामाजिक मन्त्रालयबाट प्राप्त	५५०००			पुजिगत खाता	०	
					एनएमबी बैंक विविध कोष खाता	१४०७३१४३	
६	अन्य		३०३९२०६७		एनएमबी बैंक सञ्चित कोष खाता	१६८७२०२४	
	विविध कोष	१५२३९२१२			एनएमबी बैंक प्रकोप व्यवस्थापन कोष खाता	१५६९१४८	
	विविध खर्च खाता	१११८०६५५			एनएमबी बैंक विविध खर्च खाता	१५६२९४६	
	प्रकोप व्यवस्थापन कोष	३९७२२००				०	
७	धरौटी आय	२२८१७५८२	२२८१७५८२				
	जम्मा		१०६०१३३९३७		जम्मा		१०६०१३३९३७

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २६२२९३०००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ४४२०००० र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु २८७२९०० समेत गरी रु २६९५८५९०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **बढी जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा समावेश आय व्यय विवरण अनुसार रु. १०९९०८१६४।४० मौज्दात रहेकोमा यो वर्ष रु. १०९९२३१६४।४० जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १५००० बढी जिम्मेवारी सारेको छ । बढी जिमेवारी सम्बन्धमा यकिन गरि प्रमाण पेश गर्नुपर्दछ ।

५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ कमल गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण कार्य गराएतापनि अन्तिम लेखापरीक्षण अविधसम्म उक्त प्रतिवेदनमा औल्याएका व्यहोरा कार्यान्वयन गरेको छैन । आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

६ **नीति तथा कार्यक्रम कार्यान्वयन**

कमल गाउँपालिकामा हरेक आर्थिक वर्षमा नगर प्रमुखबाट नीति तथा कार्यक्रम र उप प्रमुखबाट बजेट प्रस्तुत हुने तथा गरेको छ । पालिकामा उपलब्ध जनशक्ति र पदाधिकारीसँग छलफल हुँदा आर्थिक वर्ष २०८०।८१ मा घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था निम्नानुसारको रहेको छ :

क्र स	घोषित कार्यक्रम , योजना वा विषय	कार्यान्वयन अवस्था वा कार्यालयबाट प्राप्त विवरण
१	एक घर एक करेसावारी कार्यक्रम (न्यूनत्तम एक कठ्ठा)	२४५ घरधुरीमा कार्यक्रम संचालन भएको, क्षेत्रफल २४५ कठ्ठा
2	भूमि बैंक स्थापना	नभएको
३	कन्काई नहरभित्र सिचाई पम्पमा आर्थिक सहयोग नगरिने	१० वटा सिचाइ मोटरको लागि ५० प्रतिशत अनुदान नगदैदिएको, नहर क्षेत्रभित्र नपर्ने गरी
४	कन्काई नहर सिँचाई सेवा शुल्क असुली (लक्ष्य र वक्यौतासमेत)	नहर संचालक समिति मार्फत सेवाशुल्क असुली गरेको
५	पशु सुत्केरी पोषण कार्यक्रम	बजेट- २० लाख, २२२२ वटा पशुलाई वितरण,खर्च – रु. १९९५३५५/-
६	नियम/विनियमको पालना नगर्ने सहकारीहरुलाई जरीवाना	नगरेको
७	सहकारीमार्फत सहुलियत दरमा ऋण उपलब्ध गराउने	११ सहकारी मार्फत १११ व्यवसायीहरुलाई कुल १९६७००००/- ऋण प्रवाह ब्याज अनुदानमा
८	घुम्ति शिक्षक व्यवस्थापन	बजेट- २ लाख, शिक्षिका- २ जना , क्षेत्र- नृत्य, विद्यालय- २१
		नाम- प्रनिशा नेपाल र स्मृति सुव्वा तलब- ३००००/- प्रतिव्यक्ति
९	शैक्षिक ऋण उपहार कार्यक्रम	उर्लावारी मोरङ्गस्थित मदन भण्डारी प्राविधिक शिक्षालयलाइ यस गा.पा. क्षेत्रका अध्ययनरत विद्यार्थीलाई सहज रुपमा ऋण उपलब्ध गराउने प्रयोजनका लागि ऋण कोषमा रु. २ लाख अनुदान
१०	पालिकाका सम्पूर्ण कर्मचारी (करार समेत)लाई निशुल्क स्वास्थ्य बिमा	९५ जना कर्मचारीलाई रु. ३५००/- का दरले रु. ३३२५००/- उपलब्ध गराएको
११	गर्भावस्थादेखि सुत्केरी अवस्था र २ वर्षसम्म मेडिको मोबाईल कार्यक्रम	कार्यक्रम नभएको
१२	निशुल्क पोर्टेबल भिडियो एक्सरे कार्यक्रम	बजेट- ८ लाख, खरिद- ५.९५ लाख, हाल संचालनमा रहिरहेको
१३	विद्युतिय स्थानीय तह पार्श्वचित्र (Digital LG Profile)	प्रथम जनप्रतिनिधीको कार्यकालमा मात्र बनेको ०७४/७५
१४	पालिकाभित्रका सार्वजिनक तथा सरकारी जग्गाको अभिलेख र संरक्षण	आंशिक र निरन्तर भईरहेको
१५	स्थायी फोहोर संकलन केन्द्रको व्यवस्थापन	पालिकाबाट १ वटा ट्रयाक्टर र ३ जना सफाइ कर्मचारीबाट फोहोर संकलन गरी एक वटा डम्पिङ्ग साइटमा फोहोर व्यवस्थापन गर्ने गरेको
१६	व्यवसाय कर संकलन व्यवस्थित गर्ने तथा घर बहाल करको दायरा बढाईने	व्यवशाय कर- २१७३१३७/४७, घरबहाल कर- २१६८५११/९६ कुल आन्तरीक राजश्व -२२१७४८७३/९६
१७	घुम्ति व्यवसाय दर्ता सेवा कार्यक्रम	संचालन नभएको, वडा कार्यालयहरुमा नियमित रुपमा दर्ता गर्न सकिने व्यवस्था रहेको

पालिकाले कार्यान्वयन गर्ने गरी नीति अवलम्बन गरेका तथा कार्यान्वयनमा लगेका योजना तथा कार्यक्रमलाई नेपाल सरकारका अन्य निकायसँग दोहोरो नपर्ने गरी व्यवस्थित गर्नुका साथै उपलब्ध श्रोत र क्षमताको विश्लेषणका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गर्ने र

घोषित नीति तथा कार्यक्रमको कार्यान्वियनका लागि श्रोत व्यवस्थापन सहित प्रभावकारी कार्यान्वियन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था बमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली जारी गरेको छ । सो मा उल्लेख भएका व्यहोराहरुको प्रभावकारी कार्यान्वियन नदेखिदा देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छन् :

वजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको छैन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृती गरेको छ तर सो व्यवस्था पूर्ण पालना गरेको छैन ।

खरिद व्यवस्थापन तर्फ

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना योजनागत र कार्यक्रमगत रुपमा तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार भएको पुष्ट्याई हुने अवस्था छैन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकंन गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।

• मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन ।

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वयन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

विविध तर्फ

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको वा त्यसको अभिलेख राखेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको छैन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन ।

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको छै न।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन सकेको छैन ।

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

• पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा

समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थलको कार्य अगाडी बढेको देखिएन ।

• पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यदिश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।

सामाजिक सुरक्षातर्फ -

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्ट गरीएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको जिम्मेवार वदाधिकारीले प्रमाणित गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन । पालिकाले यसतर्फ ध्यान दिने पर्दछ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

उपरोक्त व्यहोरामा सुधार गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छ यसको पूर्ण कार्यान्वयन कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

८ **एकमुष्ट बजेट बिनियोजन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा एकमुष्ट नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष रु १ करोड ५५ लाख ३७ हजार अबण्डा बजेट व्यवस्था गरी संलग्न अनुसूची बमोजिमका २७ भन्दा बढी शिर्षकअन्तर्गत कार्यपालिकाको निर्णयबाट समय समयमा छुट्टै निर्णय गरी रु. १ करोड ४३ लाख ५० हजार खर्च गरेको छ । बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

क्र.सं.	कार्यक्रको शिर्षक वा क्षेत्र	विनियोजन	खर्च
१	पूँजीगत अनुसन्धान तथा परामर्श	३००००००.	२१९०१८८.
२	व्यवसाय प्रबर्दन कोष	१९०००००.	१९०००००.
३	विविध खर्च	१७०००००.	१६८९२४९.
४	विविध कार्यक्रम खर्च	१४०००००.	१३९७१८८.
५	विभिन्न बाटो मर्मत	१००००००.	९६३६१८.
६	अन्य सामाजिक सहायता	१००००००.	९४३०१३.
७	विभिन्न मर्मत सम्भार	५०००००.	५०००००.
८	वडा फर्निचर खरिद	४५००००.	४४८३४५.
९	टोनेल वितरण	४०००००.	४०००००.
१०	विद्युत सुधार तथा विस्तार	४०००००.	३२९९९९.
११	वडाका सडकहरु मर्मत	३०००००.	२९२५००.
१२	अन्य विविध कार्यक्रम	२७५०००.	२७३२१७.
१३	बिपन्न परिवारलाई स्वास्थ्य बिमा	२६२५००.	२६२५००.
१४	बाह्रबिघेको विभिन्न बाटो मर्मत	२५००००.	२४३७५०.
१५	विविध कार्यक्रम	२५००००.	१६४५७८.
१६	वडाका विभिन्न बाटाहरु मर्मत	२४००००.	२४००००.
१७	विपन्न परिवारलाई धारा जडान	२१००००.	२१००००.
१८	विपन्न तथा अपाङ्गता स्वास्थ्य बीमा	२१००००.	२१००००.
१९	विविध कार्यक्रम संचालन	२०००००.	१९८१९०.
२०	विविध कार्यक्रम खर्च	२०००००.	१९७४४०.
२१	आवश्यक विद्युतिकरण व्यवस्थापन	२०००००.	१९७४३९.
२२	सिद्धार्थ अमलडागी टोलका विभिन्न बाटोहरु मर्मत	२०००००.	१९५०००.
२३	सडक वत्ती व्यवस्थापन	२०००००.	१९०९६५.
२४	बाह्रघरे नौसिटे सडक मर्मत	२०००००.	१९००००.
२५	ह्युमपाइप खरिद	२०००००.	१८१९८१.
२६	कमल बुलेटिन प्रकाशन	२०००००.	१७९९९६.
२७	मागमा आधारित प्रबदनात्क तथा तालिम	१९००००.	१६००००.
	जम्मा	१५५३७५००.	१४३४९१५६.

९ **धरौटी तर्फ -**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। कार्यालयले धरौटीतर्फ गत वर्षको रु.१,२८,६४,११८.१४ अल्या गरेकोमा यस वर्षको रु.२,२८,१७,५८२.०० प्राप्त गरी कूल आम्दानी रु.३,५६,८१,७००.१४ देखाएकोमा रु.१,४९,३९,२३८.०० फिर्ता/ सदरस्याहा गरी रु. २,०७,४२,४६२.१४ मौज्दात बाँकी रहेको देखिन्छ।

१० **अद्यावधिक पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । साथै, खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दाको बैंक जमानत, सम्झौतामा तोकिएको शर्त, तरीका र अवधीमा पेश्की फछ्र्यौट अवस्था, ढिलो फछ्र्यौटमा नियम ५१ बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षसम्म निम्न कार्यक्रम/ योजनामा विभिन्न निर्माण व्यवसायी/निकाय/व्यक्ति तथा संस्थालाई रु ५११००० पेश्की दिएकोमा म्याद नाघेको पेश्की रु ११००० रहेको छ । बाँकी पेश्कीलाई नियमानुसार फछ्र्यौट गर्नुका साथै म्याद नाघेको पेश्की रु. ११००० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने व्यहोरा औल्याईएकोमा छलफलको क्रममा रु ११०००० को फछ्र्यौट भएको भौचर र प्रमाण पेश गरेको छ ।

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	कर्मचारी भए पद	म्याद ननाघेको	जम्मा
१	२०८१/०३/२३	१२४८	पानी तथा बिजुली	मुक्ती प्रसाद माझी	कार्यालय सहयोगी	०.	१०००००.
२	२०८१/०३/२३	१२४८	संचार महसुल(कार्यालय प्रयोजन)	मुक्ती प्रसाद माझी	कार्यालय सहयोगी	०.	१००००.
३	२०८०/०७/०२	३	गुरुङ टोल मार्ग सडक निर्माण	साइला कन्स्ट्रक्सन प्रा.लि.		५०००००.	५०००००.
४	२०८०/०७/२२	४	गुरुङ टोल मार्ग सडक निर्माण	साइला कन्स्ट्रक्सन प्रा.लि.		५०००००.	५०००००.
५	२०८१/०२/१४	३७	लखनपुर स्वास्थ्य चौकीको भवन निर्माण	चाराली/मा पाथिभरा/इनोभेशन जे। भी।		२००००००.	२००००००.
६	२०८१/०२/२३	४५	लखनपुर स्वास्थ्य चौकीको भवन निर्माण	चाराली/मा पाथिभरा/इनोभेशन जे। भी।		२००००००.	२००००००.
			जम्मा			५०००००००.	५११००००.

११ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्न सक्ने तथा आन्तरिक श्रोतको क्षमता विश्लेषण गरी मितव्ययी तवरले सहायता र सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिलाई निम्नानुसारका १० क्रियाकलाप/शिर्षक(उदाहरणका लागि)मा रु. ३५ लाख ४२ हजार आर्थिक सहायता वा सहयोग वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु २ करोड २१ लाख ७५ हजारको १५.९७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर वितरणमुखी तवरले पटके निर्णयका आधारमा आर्थिक सहायता वितरण गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ । साथै, पालिकाबाट वितरण भएको अनुदानको वेभसाइटमा सार्वजनिकिकरण गर्नु पर्दछ ।

क्र.सं.	सहयोग वा सहाताको शिर्षक	विनियोजन	खर्च
१	अन्य सामाजिक सहायता	१००००००.	९४३०१३.
२	आर्थिक सहायता कार्यक्रम	५००००.	४००००.
३	आर्थिक सहयोग सहित समवेदना कार्यक्रम	२५००००.	२५००००.
४	आर्थिक सहयोग सहित समवेदना कार्यक्रम	५४२५०.	५३८००.
५	याक्थुङ फिल्म प्रा लि (लिम्बु संसकार संस्कृतिमा आधारित चलचित्र सेमिफुङ निर्माण सहयोग)	५००००.	५००००.
६	वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको नव गठित संजालको सुरुवाती सहयोग संचालन खर्च	२५०००.	२४९९५.
७	बिपन्न बर्ग निशुल्क स्वास्थ्य बिमा।	३५००००.	३५००००.
८	सम्पुर्ण वडावासीलाई सर्पदंशको निशुल्क उपचारमा	१०००००.	१०००००.
९	“ग र घ” वर्गका विपन्न अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वस्थ्य बिमा	३५००००.	३५००००.
१०	गाउँपालिकाका बिपन्न ३७५ परिवारको स्वास्थ्य बिमा गरिने	१३१२५००.	१३१२५००.
	जम्मा	३५४१७५०.	३४७४३०८.

१२ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा रु १ करोड २६ लाख ६४ हजार बराबर बजेट विनियोजन गरी सञ्चालन गरेका संलग्न अनुसूची बमोजिमका बमोजिमका ३० भन्दा बढी कार्य जिन्सी, कृषि सामाग्री खरिद, खरिद लगायतका वितरणमुखी कार्यक्रममा रु ८२ लाख भन्दा बढी खर्च गरेको छ । वितरणमुखी प्रकृतिका खर्च शिर्षक फरक गरि भुक्तान भएका प्रशासनिक खर्च, आर्थिक सहायता, अनुदान सहायता लगायतमा समेत समावेश भएकोले थप मात्रामा समेत रहेका छन् । पालिकामा उपलब्ध सिमित श्रोतलाई माग, वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । साथै उक्त सामग्री सम्वन्धित लाभग्राही व्यक्ति वा समुहलाई दोहोरो नपर्ने गरि वितरण भएको यकिन गर्न कठिन रहेको तथा गत विगतदेखी यसै प्रकृतिका कार्य सञ्चालनमा पालिकाको अत्यधिक बजेट र समय व्यतित भएको देखिएको छ । पूँजी निर्माण नहुने र उपलब्धी मुल्यांकन सहित लाभग्राही समुदायको स्तरोनन्ती भएको मापन गर्न नसकिने यसप्रकारका वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ । पालिकाबाट वितरण भएको अनुदानको पालिकाको वेभसाईटमा समेत सार्वजनिकिकरण गर्नु पर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा १२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१३ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले संलग्न अनुसूची बमोजिमका ५५ शिर्षकमा कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनका लागि रु २३ करोड ३४ लाख बजेट विनियोजन भई रु २० करोड ८१ लाख अनुदान खर्च लेखेको छ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन नगरेको र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरिएको छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी श्रोतको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा १३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१४ मिडिया/सञ्चार सम्बद्ध खर्च

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । सञ्चारसँग सम्बन्धित अनुसूचीमा संलग्न विवरण बमोजिम मुख्य ४१ मिडिया सम्बद्ध फर्म वा कम्पनीलाई वर्षभर रु ३६ लाख भन्दा बढी खर्च भएको देखिएको छ । यसप्रकारको खर्चको मात्रा अत्यधिक रहेको तथा गत विगतदेखी नै यो बढदो दरमा रहेको देखिएकोले मितव्ययिता कायम गर्ने निर्देशिकाको अधिनमा रहि आवश्यकता, उपलब्धी, औचित्य र निरन्तरताका सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

१५ **बिमा सम्बद्ध कार्यक्रम**

स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना/कार्यक्रम प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, र लागत सहभागिता लगायतलाई उल्लेख गरेको र सोही अनुसार प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत विगतदेखी विपन्न लक्षित, कृषि, पशु लगायत स्वास्थ्य विमा कार्यक्रममा संलग्न विभिन्न शिर्षकमा आर्थिक वर्ष २०८०।८१ सम्म रु २ करोड २५ लाख भन्दा बढी खर्च गरेको छ । पालिकासँग विपन्न नागरिकको अभिलेख नरहेको, कार्यक्रमहरु साना र वितरणमुखी योजनाका रुपमा सञ्चालन हुने गरेको, लाभग्राहीको तथ्यांक वा अभिलेखका आधारमा दोहोरो लाभ प्राप्त हुने नहुने यकिन नभएको, लागत सहभागिता भन्दा निशुल्क बढी रहेको तथा सामाजिक सुरक्षा भत्ता एवं दिर्घरोगीका लागि स्वास्थ्योपचार खर्च लगायतमा दोहोरो खर्च भए नभएको यकिन गरेको छैन । बिमा सम्बद्ध कार्यक्रममा विगत ५ वर्षको खर्च निरन्तर बढ्दो अवस्थामा देखिएकोले खर्चको उपादेयता र प्रभावकारिता विश्लेषण वेगर पालिकाले यसप्रकारका बिमा कार्यक्रम सञ्चालन गर्दा वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी आवश्यकता मुल्यांकन गरी सो को पृष्ठपोषणका आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।



आ व	बजेट	खर्च
२०७६।७७	६१७५०००	११४८६५८
२०७७।७८	१३६२००००	१८६५३८८
२०७८।७९	२०६४९५००	४५३०७७१
२०७९।८०	२९६४३५००	५१०००७२
२०८०।८१	१४३०२०००	९८८५०५८
जम्मा	८४३९००००	२२५२९९४७

१६ पूर्वाधार लगानीमा स्वामित्व

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालन गरेका संलग्न अनुसूची बमोजिमका (उदाहरणको रुपमा) १८ पूर्वाधार योजनासँग सम्बन्धित जग्गाको स्वामित्व यकिन बेगर लाभग्राही समुह, गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थामार्फत कार्य गराएको छ । पालिकाले गरेको पूर्वाधार क्षेत्रको लगानी सरकारी जग्गा वा स्वामित्वमा नै रहे नरहेको यकिन गर्न विवरण माग गरिएकोमा सम्वन्धित वडाका वडाध्यक्षज्यूहरुले टेलिफोनबाट दिएको जानकारी अनुसार तयार गरिएको स्वामित्व संस्थाको नाममा र व्यक्तिको नाममा नै स्वामित्व रहेको समेत देखिएको छ । सो मध्ये १८ योजनासँग सम्बन्धित जग्गाको स्वामित्व सम्बन्धित संस्था र व्यक्तिको नाममा रहेको र निम्नानुसारका योजना व्यक्ति र संस्थाको जग्गामा निर्माण भएको देखिएकोले जग्गाको स्वामित्व सार्वजनिक कायम गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
१६.१	आदिवासी समावेशी ताजपुरिया युवा क्लव मर्मत कमल ७	१४६,२५०
१६.२	कृषि सामुदायिक भवन छाना तथा घेराबेरा कमल ६	२३३,२८१
१६.३	पारुहाङ्ग मन्दिरमा घेराबेरा तथा टहरा निर्माण कमल ५	२९२,५००
१६.४	मदन भण्डारी स्मृति भवन कमल २	९४८,०८२
१६.५	राधाकृष्ण मन्दिर निर्माण कमल ५	२८९,५८४
१६.६	हाम्रो खुल्ला व्यायामशाल तथा कभर्ड हल निर्माण कमल ४	२,३४३,१३२

(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	४२,५२,८२९

१७ सवारी उपयोग र स्वामित्व

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ४ मा बजेट निकासा, खर्च र नियन्त्रण सम्बन्धि व्यवस्था रहेको तथा नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने र सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षण लगायतका व्यवस्था छन् । पालिकालाई आन्तरिक मामिला मन्त्रालयबाट २०७७।६।२८ मा प्राप्त भएको रु ३७७३३९० मुल्य बराबरको TATA XENON 4x4 CC A.BAG पिक अप भ्यान पालिकाको स्वामित्वमा नरहेको तथा प्राप्त भ्यान केरखा प्रहरी चौकीले प्रयोग गरिरहेको छ । साथै उक्त सवारी साधन पालिकाको स्वामित्वमा रहनुपर्ने तथा भ्यान सञ्चालनका लागि प्रति महिना ४० लिटर डिजेल र समय समयमा मर्मत सम्भारको खर्च समेत पालिकाले भुक्तान गरेको अनियमित देखिएको एवं आफ्नै बजेट व्यवस्था हुने संघीय कार्यालयको खर्च भुक्तानी गर्ने कार्य बन्द गरी पालिकाको स्वामित्वमा आएको प्रमाण पेश गर्नुपर्ने व्यहोरा औंल्याइएकोमा उक्त पालिकाको आफ्नै नगरप्रहरी नरहेको र शान्ति सुरक्षाका लागि नजिकको प्रहरीलाइ सवारी साधन प्रयोग गर्न दिइएको छलफलमा जनाएको छ ।

१८ **उपभोक्ता समितिलाई सापटी**

(३-२०८०।१०।१९ र ५-२०८०।११।८) पालिकाले व्यवसाय प्रवर्द्धन घुम्ती कोष सञ्चालन कार्यविधि, २०७६ मिति २०७६।४।१ मा स्वीकृत गरेको छ । सहकारीमार्फत युवा रोजगारी र उद्यमशिलता विकासका लागि घुम्ति कोष परिचालन हुनुपर्नेमा तोपगाँछी खानेपानी उपभोक्ता समितिलाई मिति २०८०।१०।१४ को निर्णयका आधारमा रु २५ लाख र रु ५ लाख गरी जम्मा रु ३० लाख सापटी उपलब्ध गराएको छ ।उक्त उपभोक्ता समिति र सोही नामका स्किमलाई पालिकाले विभिन्न आर्थिक वर्षमा गत विगतदेखी संरचना निर्माण र मर्मत लगायतका कार्यमा भुक्तानी भैरहेको समेत देखिएबाट निश्चित उपभोक्ता सिमितिको माग अनुसार म्याचिङ्ग फण्ड प्रयोजनलगायतमा रकम उपलब्ध गराउने कार्य नियमसम्मत देखिएन । साथै, यसप्रकारको रकम भुक्तानी दिने कानूनी आधार नदेखिएको तथा व्यवसाय प्रवर्द्धन कोषको उद्देश्य र कार्यविधि विपरित खानेपानी उपभोक्ता समितिलाई रकम निकासा/सापटी दिएको सम्बन्धमा निर्णय गर्ने एवं भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम पालिकाको सम्बन्धित कोषमा फिर्ता गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३०,००,०००

१९ **योजना प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १८० योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या सम्पूर्ण कार्यक्रम समेत	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	१४	७	७
२	वडास्तरीय	१६६	४१	१२५

२० **न्यायीक समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत आर्थिक वर्षको ७ वटा समेत यस वर्ष कुल ४४ विवाद दर्ता भएकोमा ३३ वटा मुद्दाको समाधान भएको र ११ वटा मुद्दा वाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२१ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री प्रमिला न्यौपानेले मिति २०८०।०३।१० गते रु. ७६ करोड ७१ लाख २१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्ष श्री हुकुम सिंह राईले मिति २०८१।०३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएको हुँदा बजेटको कार्यान्वयन पक्षमा प्रभावकारीता वृद्धि गर्नेतर्फ ध्यान दिनु पर्दछ ।।

२२ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले २० वटा ऐन, ४४ वटा कार्यविधी, ४ वटा नियमावली, ५ वटा निर्देशिका, १ वटा मार्गदर्शन र १ वटा आचार संहिता पास गरेको विवरण पेश गरेको छ । स्वीकृत कानूनलाई पालिकाले व्यवहारमा कार्यान्वयन गर्नुपर्दछ।

विवरण	ऐन	कार्यविधि	नियमावली	निर्देशिका	मार्गदर्शन	आचार संहिता	जम्मा
लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या	२०	४४	४	५	१	१	७५

२३ **जिन्सी व्यवस्थापन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाबाट तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा ल्यापटप, टेलिभिजन, प्रिन्टर, कम्प्युट र ईन्भटर लगाएतका मालसामान लिलाम गर्नुपर्ने भनि उल्लेख छ तर नियमावलीमा व्यवस्था भए बमोजिम प्रयोगमा नरहेको मालसामान मर्मत वा लिलाम प्रक्रिया अगाडि बढाएको देखिएन । ऐन, नियमावलीमा व्यवस्था भएबमोजिम मर्मत वा लिलाम गर्नु पर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

२३.१ PAMS दाखिला :

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले खरिद मालसामानहरु (PAMS) मा प्रविष्ट गर्ने गरेतापनि वडा कार्यालयहरुबाट खरिद भएका मालसामानहरु (PAMS) मा दाखिला गरेको देखिएन। ऐन नियमावलीमा व्यवस्था भए बमोजिम (PAMS) प्रणाली लागु गर्नु पर्दछ ।

२३.२ सरकारी सम्पत्ती अभिलेख :

स्थानीय सरकार संचालन ऐन ९७(४) मा नगरपालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अध्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जग्गा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण (PAMS) प्रणालिमा अध्यावधिक गरेको देखिएन। पालिका अन्तर्गतका सम्पुर्ण भवन तथा सरकारी जग्गाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा पुर्ण रुपमा विवरण अध्यावधिक गर्नु पर्दछ।

२४ **सेवा प्रवाह**-

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । कार्यायबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ।

क्र.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या	कैफियत
१	नागरिकता सिफारिस	२३७०	२३७०	
२	घरबाटो सिफारिस	१७३८	१७३८	
३	नाता प्रमाणित	१५१५	१५१५	
४	जन्म दर्ता	७६२	७६२	
५	मृत्यु दर्ता	३६८	३६८	
६	अन्य	१४०३४	१४०३४	

२५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	८४७८५७५४.	७२९२७२७७.१	११.३१
२	सामाजिक विकास	३३०७६८५९७.	२८७७२१६८४.६९	४४.६१
३	पूर्वाधार विकास	२२२७१६७५२.२६	१८८०३६८७६.	२९.१६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	४०७५०००.	३७४३५०२.	०.५८
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१०२४६३५००.	९२५१००१४.२६	१४.३४
जम्मा			६४४९३९३५४.०५	१००.

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सवैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ४४.६१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा कम ०.५८ प्रतिशत रहेको देखिन्छ ।

२६ **धरौटी सदरस्याहा** -

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६७ र ६८ को व्यवस्था अनुसार फिर्ता लिन नआएको, नाम नामेसि नखुलेको धरौटीलाई प्रयोजन समाप्त भएको वा शर्त बमोजिमको अवधि समाप्त भएपश्चात राजश्व आम्दानी बाध्नुपर्ने व्यवस्था छ । कार्यालयमा अध्यावधिक धरौटी खाता बमोजिम विभिन्न संस्था तथा व्यवसायीको संलग्न अनुसुचीमा समावेश विवरण अनुसारको रु.४५४११० अवधि सकिएको धरौटी बाँकी रहेको देखिएको हुँदा कार्यालयले यकीन गरी आवश्यक प्रक्रिया पुरा गरी राजस्व खातामा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.

क्र.सं.	धरौटी जम्मा गर्ने	गत आ.ब.को सदर्स्याहा गर्नुपर्ने धरौटी रकम	बाँकी	कैफियत
१	डिप लाइट इनर्जी प्रा.लि.	३८,०००.००	३८,०००.००	
२	द्वारिका रेग्मी	२२,०००.००	२२,०००.००	
३	मुस्कान पव्लिकेशन एण्ड ट्रेडर्स	१,०००.००	१,०००.००	
४	रोट्स एडभरटाइजिङ	२३,०००.००	२३,०००.००	
५	श्री हाङ्गमादिम सप्लायर्स	३६,०००.००	३६,०००.००	
६	स्कुल मेटेरियर्लस	३२,३८९.००	३२,३८९.००	
७	छायाँ एडभरटा्इजिङ्ग	१०,०००.००	१०,०००.००	
८	जन आदर्श निर्माण सेवा	५,०००.००	५,०००.००	
९	तामाकोशी कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	५,०००.००	५,०००.००	
१०	अमृता देवी दाहाल	२,९९५.००	२,९९५.००	
११	आइन्द्र बहादुर देवान	२०,५००.००	२०,५००.००	
१२	इन्दिरा राई	१,०००.००	१,०००.००	
१३	एङ्गल गुरुङ्ग	४००.	४००.००	
१४	एपीलाल इङ्गनाम	५,०००.००	५,०००.००	
१५	काजिमान श्रेष्ठ	५०,२५५.५०	५०,२५५.५०	
१६	खगेन्द्र प्रसाद ढकाल	५,०००.००	५,०००.००	
१७	गणेश वहादुर घिमिरे	१,८७५.००	१,८७५.००	
१८	चन्द्र माया श्रेष्ठ	५,०००.००	५,०००.००	
१९	देवी प्रसाद दाहाल	४००.	४००.००	
२०	दिलमाया ढकाल	६,०८०.००	६,०८०.००	
२१	धिरज श्रेष्ठ	२,०५०.००	२,०५०.००	
२२	नन्दिता घिमिरे	४,५६०.००	४,५६०.००	
२३	नाम नखुलेको	१,०५०.५०	१,०५०.५०	
२४	निलिमा घिमिरे	४५५.	४५५.००	
२५	बिबिध	२०,०००.००	२०,०००.००	
२६	भक्तेश्वर देवान	५,०००.००	५,०००.००	
२७	भीमचन्द्र न्यौपाने	५,०००.००	५,०००.००	
२८	मुक्ती प्रसाद माझी	१०,०००.००	१०,०००.००	
२९	राजकुमार राई	५,०००.००	५,०००.००	
३०	राम प्रसाद धिताल	५,०००.००	५,०००.००	

३१	लक्ष्मी कुमारी ढकाल	८०,९९९.५०	८०,९९९.५०	
३२	लोक वहादुर श्रेष्ठ	५,०००.००	५,०००.००	
३३	वेदनिधी पौडेल	५,०००.००	५,०००.००	
३४	वुधरानी साउदेन	५,०००.००	५,०००.००	
३५	विनय श्रेष्ठ	१४,०००.००	१४,०००.००	
३६	विष्णु कुमारी घिमिरे	५,०००.००	५,०००.००	
३७	विष्णु कुमारी श्रेष्ठ	५,०००.००	५,०००.००	
३८	सुन्दरी माझी	५,०००.००	५,०००.००	
३९	हेमन्त तामाङ्ग	१००.	१००.००	
जम्मा		४५४,१०९.५०	४५४,१०९.५०	

प्रमाण पेश नगरेको	४,५४,११०

२७ **कर्मचारी व्यवस्थापन** -

पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गर्नु पर्दछ । पालिकाले संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी संरचन अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन। पालिकाले १२९ वटा दरवन्दी सभाबाट स्वीकृत गरेको देखियो। यसरी थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरेको देखिएन। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३२ जना पदपूर्ती भएको देखिन्छ भने पदपूर्ती मध्ये ७५ जना कर्मचारीहरू करारमा पदपूर्ती गरेको छ । पालिकाले आफैले सभाबाट स्वीकृत गरेको १२९ दरबन्दीभन्दा असिस्टेन्ट सव ईन्जिनियर १, कम्प्युटर अपरेटर १ र अनमि १ जना गरी जम्मा ३ जना पदपूर्ती गरी वार्षिक रु.१३५४४७०.०० भुक्तानी दिएको नियमसम्मत देखिएन । दरवन्दी र पदपूर्तिको अवस्था अनुसूचीमा समावेश गरिएको छ।

क्र.स.	स्वीकृत पद	स्वीकृत दरवन्दी	सेवा	तह	पदपूर्ती				रिक्त पद	करारवाट पदपुर्ती	कैफियत
					संघबाट समायोजन	साविक स्थानीय निकाय	आन्तरिक लोकसेवा	जम्मा पदपूर्ति			
१	प्रमुख प्रशासकीय अधिकृत	१	प्रशासन	राप तृतीय				१	०		संघबाट कामकाज
२	अधिकृत प्रशासन	२	प्रशासन	६	१		१	२	०		
३	अधिकृत शिक्षा	१	शिक्षा	७।८	१			१	०		
४	अधिकृत लेखा	१	लेखा	७।८	१			१	०		
५	आलेप पाँचौ	१	लेखा	५।६			१	१			
६	इन्जिनियर सिभिल	१	इन्जिनियरिङ	७।८			१	१	०		
७	जनस्वास्थ्य अधिकृत	३	स्वास्थ्य	६	४			४	०		१ जना अध्ययन विदा
९	सिअनमि छैटौ(क.न.)	३	स्वास्थ्य	६	२			४			पाँचौ तहको २जना अन्य पालिकाबाट कामकाजमा
१०	कृषि अधिकृत	१	कृषि	७।८				०	१		
११	पशु अधिकृत	१	पशु	८।९				०	१		
१२	सहायक पाँचौ प्रशासन	७	प्रशासन	५।६			७	७	०		
१३	प्रा स सहायक पाँचौ	१	शिक्षा	५।६			१	१	०		
	क. अ.	१	विविध	५			१	२	०	१	करार हालसम्म कार्यरत
	स. म. वि. नि	१	विविध	४	२			२	०		फरक जिम्मेवारी १ जनालाई दिइएको
१४	लेखा सहायक पांचौ	१	लेखा	५।६			१	१	०		
१५	सव ईन्जिनियर पांचौ	४	इन्जिनियरिङ	५।६		१	३	४	०		
१६	ना.प.स्वा.प्रा.÷प.स्वा.प्रा.(पशु,ला.पो.डे.डे.,मत्स्यक्)पांचौ	२	पशु	५।६	१		१	२	०		
१७	ना.प्रा.स.÷प्रा.स. पांचौ (कृषि)	२	कृषि	५।६	१		१	२	०		
२०	सहायक हे.ई. पाचौ	४	स्वास्थ्य	५	४			४	०		
२१	सहायक हे.ई.चौथो	२	स्वास्थ्य	४	२			२	०		

२२	सहायक क.न.चौ.	२	स्वास्थ्य	४	२			३	०		१जना अन्य पालिकाबाट कामकाजमा
२३	सहायक चौथो	४	प्रशासन	४	१	२		३	१		
२४	अ.सव ईन्जिनियर चौथो	५	इन्जिनियरिङ	४			४	६		२	दरबन्दी भन्दा बढी १ जना करारमा
२५	ना.प.स्वा.प्रा.चौथो कृषि (पशु)	२	पशु	४			२	२			
२६	ना.प्रा.स.चौथो	१	कृषि	४			१	१			
२७	खापासटे	१	इन्जिनियरिङ	५	१			१	०		
२९	कास(स्थायी)	२	प्रशासन		२			२			पशु र स्वास्थ्य
३०		५७	०		२५	३	२५	६०	३	३	
वडा र पालिका करार कार्यरत संख्या र कार्यक्रम अन्तर्गत तहगत एकमुष्ट											
	अधिकृत छैंटो	५		६				५	०	५	कृषि,रेमी, रो., सू.
	सहायक पाँचौ	५		५				५	०	५	रो., रे.,पञ्जि
	सहायक चौथो	५		४				५	०	५	अ. स.,उ.वि,कृ/प
३१	सकअ	७	प्रशासन	४				७	०	७	
३२	हे स चा	१	प्रशासन	तह विहिन				१	०	१	
३३	ह स चा	४	प्रशासन	तह विहिन				४	०	४	
२८	अमिन	१	नापी					१	०	१	
	प्रा. ल्याब सुपरिवेक्ष	१						१	०	१	
३४	कास	१४	प्रशासन	तह विहिन				१४	०	१४	२ जना अस्थायी
३५	सरसफाइ कर्ता	२	प्रशासन	तह विहिन				२	०	२	
		४५						४५	०	४५	
	स्वास्थ्य सेवा तर्फ करारमा कार्यरत										
३७	मेडिकल अधिकृत	१	स्वास्थ्य	८				१	०	१	
३९	अहेव	६	स्वास्थ्य	४				६	०	६	

४१	ल्याव टेक्निसियन	१	स्वास्थ्य	५।६				१	०	१	
४२	अनमी	६	स्वास्थ्य	४				६	०	६	
४३	ल्याव असिष्टेण्ट	२	स्वास्थ्य	४				२	०	२	
४४	रेडियो ग्राफर	१	स्वास्थ्य	५।६				१	०	१	
४६	फार्मसी सहायक	१	स्वास्थ्य	५।६				१	०	१	
४७	सुरक्षा गार्ड	१	स्वास्थ्य	५।६				१	०	१	ज्यालादारी
४८	कार्यालय सहयोगी	८	प्रशासन	तह विहिन				८	०	८	ज्यालादारी-1
		२७						२७	०	२७	
	जम्मा	१२९						१३२	३	७५	

अनियमित भएको	१३,५४,४७०

२८ **कर्मचारी करार** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। तर पालिकाले माथि उल्लेखित पद वाहेक अभिकृत आठौ १ लगाएत विभिन्न सेवाको सहायक गरी १६ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.१६,२९,७९७ भुक्तानी गरेको छ । कानूनमा भएको व्यवस्था विपरीत यस्ता पदमा नियुक्ती र पारिश्रमिक भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्ने देखिन्छ। पालिकाले स्वीकृत दरवन्दीमा लोकसेवा आयोग मार्फत पदपूर्तीका लागि माग पठाए नपठाएको सम्बन्धमा जानकारी माग गरिएकोमा माग गरिएको र पदपूर्ती हुने क्रममा रहेको जनाएको छ । दरवन्दी र पदपूर्तिको अवस्था अनुसूचीमा समावेश गरिएको छ।

सि.नं.	पद तह	संख्या	तलव चाडपर्व समेत
	आठौँ तह	१	६३३५८१
	पाँचौ तह	५	५६८४९०
	चौथो तह	१०	४२७७२६
जम्मा		१६	१६२९७९७

२९ **व्यवसाय प्रवर्द्धन कोष**

पालिकाले व्यवसाय प्रवर्द्धन घुम्ती कोष सञ्चालन कार्यविधि, २०७६ मिति २०७६।४।१ मा स्वीकृत गरेकोमा सहकारीमार्फत युवा रोजगारी र उद्यमशिलता विकासका लागि घुम्ति कोष परिचालन गर्नेगरी आर्थिक वर्ष २०७८।७९ मा निम्न ११ सहकारीमार्फत रु १९६७०००० बिउपुँजी उपलब्ध गराएको र कार्यपालिकाको मिति २०८०।८।१६ को निर्णयानुसार विभिन्न बचत तथ ऋण सहकारीलाई ऋण उपलबध २०७८ मंसीरमा उपलब्ध गराएको ऋण वा बिउँ पुजीको अवधि समाप्त भैसकेकोले रकम फिर्ता गर्नका लागि पत्राचार गर्ने निर्णय गरेतापनी आर्थिक वर्ष २०८०।८१ सम्म रु १०९५४२१२ फिर्ता भएको देखिएतापनी रु.८७१५७८८ बाँकी रकम असुल भएको छैन । सहकारीमार्फत कृषि, पशुपन्छी र मत्स्यपालन लगायतमा व्यवसाय गर्ने कृषक र कृषि व्यवसायलाई आवेदन, कार्ययोजना र प्रगतिका आधारमा बढीमा रु २ लाखको दरमा उपलब्ध गराउने, बिमा गरिएको प्रमाण अभिलेख ट्याग सहित बुझाउने,

तोकिएको अवधिमा फिर्ता गर्ने र सहकारीले वार्षिक १० प्रतिशत ब्याजदरमा उपलब्ध गराउने लगायतका शर्त तोकिएकोमा उक्त कोषको उद्देश्यबमोजिम कार्य भए नभएको यकिन गर्ने आधार छैन । पालिकाले २०८१।३।२१ मा सहकारीको अनुगमन गरेकोमा यस किसिमको बिउँपुजी सम्बन्धमा कुनै पनि व्यहोरा उल्लेख नभएको तथा व्यवसाय प्रवर्द्धनका लागि उपलब्ध गराईएको बिउँपुँजी लक्षित उद्देश्यबमोजिम परिचालन भए नभएको सम्बन्धमा अध्ययन मुल्यांकन गरी कोषको उपयोग अवस्था यकिन गर्नुपर्ने रु

क्र.सं.	सहकारीको नाम	भुक्तानी रकम
१	आइ.पि.एम.कृषि सहकारी संस्था लिमिटेड	१३१००००.
२	इन्द्रेणी बहुउदेश्यीय सहकारी संस्था लिमिटेड	२१०००००.
३	तमोर कृषि उद्यमी सहकारी संस्था लिमिटेड	१७००००.
४	नेपाल दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड	५१००००.
५	नौलो बिहानी कृषि सहकारी संस्था लिमिटेड	६८००००.
६	पुर्वनेपाल वहुउदेश्यीय सहकारी संस्था लिमिटेड	५९०००००.
७	लखनपुर साना किसान कृषि सहकारी संस्था लि	३४६००००.
८	लगनशिल कृषि सहकारी संस्था लिमिटेड	९१००००.
९	लेकवेशी कृषि सहकारी संस्था लिमिटेड	१४२००००.
१०	शुभदर्शन कृषि सहकारी संस्था लिमिटेड	२८७००००.
११	समयगढ कृषि सहकारी संस्था लिमिटेड	३४००००.
	जम्मा	१९६७००००.

कार्यपालिकाको ४८ औ बैठकले मिति २०८०।१०।१४ को निर्णयबाट सहकारीहरुले समयमा रकम फिर्ता नगरेको र छलफलका लागि समेत उपस्थित नभएकोले सार्वजनिक सूचना आव्हान गरी २४ घण्टाभित्र बैंक स्टेटमेन्ट सहित उपस्थित हुन पत्राचार गर्ने निर्णय समेत गरिसकेको अवस्थामा वितरित रकमको उपयोग सम्बन्धमा आवश्यक छानविन गरि रकम सदुपयोग भए नभएको यकिन गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	८७,१५,७८८

३० **योजना/कार्यक्रम संशोधन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा विभिन्न सभा/कार्यपालिका बैठकबाट आगामी नगरसभाबाट अनुमोदन गराउने गरी कार्यक्रम संशोधन गर्ने गरेको छ । पालिकाले बजेट वक्तव्यमार्फत विनियोजित शिर्षकबाट वर्षको शुरुवातबाटै कार्यपालिकाको निर्णयानुसार पटक पटक कार्यक्रम र योजना संशोधन गर्ने गरेको छ । साथै संशोधित कार्यक्रम र योजना अनुमोदन सम्बन्धमा हिउँदे नगरसभामा पेश गरेको र सोही सभाबाट थप कार्यक्रम वा योजनामा बजेट विनियोजन गरेको छ । लेखापरीक्षणमा संशोधित कार्यक्रम सम्बन्धि विवरण सम्बन्धमा कार्यपालिकाका निर्णय अध्ययन विश्लेषण गर्दा यस सम्बन्धी विवरण निम्नानुसार देखिएको छ । पालिकाले स्वीकृत कार्यक्रम र योजनामा अत्यावश्यक अवस्था र ऐनको सिमाभित्र रहने गरी यसप्रकारको परिपाटीमा सुधार गर्नुपर्दछ ।

क्र.स.	सभा/ कार्यपालिका	योजना/ कार्यक्रमको प्रकार	योजना/ कार्यक्रमको संख्या	संशोधित योजना/ कार्यक्रमको संख्या	संशोधित कुल बजेट
१	२०८०।११।३	नगरस्तरीय र वडास्तरीय दुवै	४२	६३	१७४६८८००
२	२०८०।११।११	विषयगत शखा ३ र न्यायिक समिति	४४	४६	२१६८५०००
३	२०८०।३।८	अन्य	११	४	११०४३२५०
		जम्मा	९७	११३	५०१९७०५०

३१ **बजेट सीमा निर्धारण समिति –**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरी प्रमुख प्रशासकिय अधिकृतले विषयगत शाखा र वडा समितिलाई क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३२ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु.हजार मा)

बजेट शिर्षक उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
जम्मा खर्च	**२३५७४९**	**४९६३**	**४०८१६**	**६७६२८**	**१५२३४२**	**७६०५२**
खर्च प्रतिशत	**१००**	**२.११**	**१७.३१**	**२८.६९**	**६४.६२**	**३२.२६**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.२३ करोड ५७ लाख ४९ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४९ लाख ६३ हजार (२.११ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४ करोड ८ लाख १६ हजार (१७.३१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.६ करोड ७६ लाख २८ हजार (२८.६९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१५ करोड २३ लाख ४२ हजार (६४.६२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७ करोड ६० लाख ५२ हजार (३२.२६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३३ **चालु/प्रशासनिक खर्च नियन्त्रण -**

नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ देखि २०८०।८१ सम्मको विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ :



पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्तबमोजिमका खर्च शिर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शिर्षक बाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ। त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरेको नदेखिएको वा लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

क्र स	खर्च शिर्षक	२०८०।८१		२०७९।८०		२०७८।७९	
		विनियोजन	खर्च	विनियोजन	खर्च	विनियोजन	खर्च
१	विविध खर्च	३१२५२००	३१०३२९५	२८५३४००	२७७६८७७	३५४४७१४	३२५५४०८
२	ईन्धन खर्च	३६६८०००	३६६७३०१	३१९१०००	३१८८३००	२८०६०००	२७८७७६३
३	सवारी साधन मर्मत खर्च	२३२१०००	२२४४१६१	१६७९०००	१६७८१३०	१६७००००	१६३९८०५
४	बैठक भत्ता	१७६८०००	१६३८६९०	१५८१६००	१४४५१४०	२१३५४००	१८५९४००
५	पत्रपत्रिका छपाई सूचना प्रकाशन खर्च	२८९००००	२४०४३५२	३१०००००	१३७४२३२	४३५००००	३३००३६८
६	भ्रमण खर्च	१६७००००	१५११४३४	१४६००००	१३१९९००	१७६३०००	१३३५५६०
७	करार सेवा शुल्क	१९८०००००	१९७५८५२	१७७०००००	१७७०००००	१३५०००००	१३५०००००
८	मसलन्द तथा कार्यालय सामाग्री खर्च	४४९२८००	४१६८७८७	४४०००००	३९९५५४२	४३६००००	४१४९६५६
	जम्मा	३९७३५०००	२०७१३८७२	३५९६५०००	३३४७८१२१	३४१२९११४	३१८२७९६०

३४ **महशुल र वक्यौता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने तथा नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले यस आर्थिक वर्षमा विद्युत महशुल, पानी र सञ्चारमा निम्नानुसार खर्च गरेकोमा कार्यालय सहयोगी मुक्तिप्रसाद माझीलाई समय समयमा पेश्की दिने र फछ्र्यौट गर्ने गरेको तथा सडक वत्ति व्यवस्थानका लागि ११ मिटरको वक्यौता रकम (रु ८६६७३१ जरिवाना समेत) रु ४३३३६५९ मध्ये रु ५ लाख भुक्तान गरेको छ । महशुल भुक्तान गर्दा सम्बन्धित बिल अनुसार सेवा प्रदायकलाई सिधै खातामा भुक्तान गर्न सकिनेमा सो नगरेको, संलग्न बिल भरपाईमा बिल समावेश नगरी नगदी रसिद र रि प्रिन्ट कपि पनि रहने गरेको कारण पेश्की फछ्र्यौटमा दोहरो रसिद समावेश भई भुक्तान भए नभएको यकिन गरी पेश गर्नुपर्ने देखिएको तथा बक्यौता भुक्तानी लगायतमा जरिवाना भुक्तान गरेको नियमसम्मत नदेखिएको रु

क्रस	**शिर्षक**	**बजेट**	**खर्च**
१	पानी तथा बिजुली	३८४००००	३३९१२६३
२	सञ्चार	९४५०००	६२३६९२
३	विद्युत बक्यौता	५०००००	५०००००
	जम्मा	**५२८५०००**	**४५१४९५५**

४५ औ कार्यपालिका बैठकबाट कतिपय स्थानमा सडक बत्ति प्रयोग नभएको अवस्था समेत रहेकोले लाईन काटन प्राधिकरणलाई अनुरोध गर्ने निर्णय समेत गरेको सन्दर्भमा यसप्रकारका बिल भुक्तान गर्दा सम्बन्धित महिना र सेवा प्रदायको सक्कल बिजक सहित रकम भुक्तान गर्ने व्यवस्था गर्नुका साथै पालिकाले विद्युत वक्यौता भुक्तानी गर्न नसकि बक्यौता र जरिवाना बढ्दै गएको तथ्यलाई दृष्टिगत गरी सडक वत्ति जडानको आधिकारिकता, आवश्यकता र खर्चको श्रोत सुनिश्चित गरि मितव्ययी तवरले खर्च व्यवस्थापन गर्नुपर्दछ ।

अनियमित भएको	८,६६,७३१

३५ **मसलन्द तथा कार्यालय सामाग्री** –

कार्यालय सञ्चालनको लागि पालिकालाई वर्ष भरमा आवश्यक पर्ने सामनाको वर्गिकरणको विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटकपटक सोझै बजारबाट खरिद गरी रु.४१ लाख ६८ हजार ७ सय ८७ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शूरुमा नै निश्चित नगरी सोझै खरिद गर्दा न्यून लागतमा सामान प्राप्त

नहुने र गुणस्तरमा समेत प्रभाव पर्ने हुँदा प्रतिस्पर्धात्मक रुपले आपुर्तिकर्ता छनौट गरी खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

३६ **इन्धन खर्चको मापदण्ड** -

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लिखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी पालिकाले इन्धनमा कुल रु.३६ लाख ६७ हजार ३ सय खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

३७ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष विविध खर्चतर्फ पालिकाले कुल आन्तरिक आय रु.२ करोड २१ लाख ७४ हजार ८ सय ७४ को तुलनामा करिव १४.०९ प्रतिशत अर्थात रू.३१ लाख ३ हजार २ सय ९५ खाना,खाजा, पानी, चिया, विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भए भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्वेश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

३८ **अन्य निकाय खर्च** -

सार्वजनिक निकायले खर्च लेख्दा आवश्यकता तथा औचित्यताको आधारमा खर्च लेख्नुपर्ने तथा सम्बन्धित कार्य प्रयोजनको लागि मात्र खर्च लेख्नुपर्दछ ।पालिकाले खर्च रकम लेख्दा निजी तथा सामुदायिक रुपमा सञ्चालन रहेका संस्थालाई खर्च रकम पुष्टि गर्ने कागजात संग्लन नगरी तथा कार्यक्षेत्रमा नपर्ने निकायमा समेत खर्च लेखेको छ । यसरी गरिने खर्चमा नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

भौ.न./मिति	भुक्तानी पाउने	रकम	प्रयोजन
६५६-२०८०।१२।२५	याक्थुङ्ग फिल्मप्रा.ली.	५००००	फिल्म निर्माण
६६८-२०८०।१२।२८	डाइनामिक पब्लिकलाईब्रेरी	१०००००	महाअधिवेश सहयोग
८९४-२०८०।२।१७	पूर्वाञ्चल बहिरा संघ	२०००००	तालिम कार्यक्रम संचालन

३९ **अनुपातिक कट्टी** - (३-२०८०-५-२५):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **९,८४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४० **विमा कार्यक्रममा विविधता** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। पालिका तथा वडा कार्यालयले बिमा कार्यक्रम संचालन गरी रकम भुक्तानी गरेकोमा देहायको व्यहोरा देखियो ।

• पालिकाले विपन्न नागरिकको लागि ३७५ परिवारको स्वास्थ्य विमा कार्यक्रम गरी रु.१३१२५०० भुक्तानी गरेको छ । विपन्न छनौट तथा वितरणको मापदण्ड तयार नगरी बिमा कार्यक्रम संचालन भएको देखियो ।

• वडा नं. १ ले ५० प्रतिशत लागत साझेदारीमा ५३३ जनाको रु.७९९५०० भुक्तानी गरी विमा कार्यक्रम संचालन गरेको देखिन्छ । वडा नं. २,४,७ ले पुरै बिमा रकम भुक्तानी गरेको छ ।

• महिला तथा बालबालिका शाखाले ग र घ वर्गका अपाङ्गता परिचय पत्र पाएका १०० जनाको बिमा वापत रु.३५०००० ।- भुक्तानी गरेको देखिन्छ ।साथै ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य बीमा (५०/५० प्रतिशत) साझेदारीमा रु.२१३२५० भुक्तानी गरेको छ ।

• पालिकाका ९५ जना कर्मचारीको बिमा वापत रु.३३२५०० भुक्तानी भएको देखिन्छ ।

एउटै पालिकाले समेत कार्यक्रम विविधता गरी सञ्चालन गरेको देखियो । कुनै मापदण्ड तथा कार्यक्रममा एकरुपता देखिएन ।१ नं. वडाले आधा साझेदारी गर्दा पालिका तथा अन्य वडाले पूर्ण निशुल्क गरी बिमा गरिदिएको देखियो साथै कर्मचारीको समेत पालिकाले पूर्ण विमा गरिदिएको देखिन्छ । अत निश्चित मापदण्डको आधारमा पालिका भित्र एउटै प्रकारले कार्यक्रम संचालन गर्नुपर्दछ ।

४१ **खेलकुद सामाग्री खरिद** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले पालिका स्तरीय तथा वडा स्तरीय क्रियाकलापको लागि खेलकुद सामाग्री खरिद तथा हस्तान्तरण गरेको देखिन्छ । जसमा एउटै संस्थाले समेत कार्यक्रम पिच्छे फरक फरक दररेट राखी पेश गर्दा समेत पालिका तथा खरिद समितिले कुनै फरक परेको देखिएन । जसबाट पालिकाले खरिद गरेको कार्य मितव्ययी तथा पारदर्शी छ भनी भन्न सकिने अवस्था नदेखिदा खरिद कार्यलाई मितव्ययी तथा प्रतिस्पर्धात्मक बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सामाग्री	आपुर्तककोदररेट					
	आसियन म्युजिक एण्ड स्पोर्ट्स पथरी		स्पोर्टसग्यालरी उर्लाबारी		सिटीस्पोर्टस ग्यालरी बिराटचौक	
	पालिका बजेट	बडाबजेट	पालिकाबजेट	बडाबजेट	पालिकाबजेट	बडाबजेट
भलिबल	२२००	४०००	२१९०	४५००	२१५०	४२००
नेट		६०००		६५००		६०००
फुटबल	२०५०	४०००	२०६०	४५००	२०४५	४२००

• पालिका र वडाले एउटै विद्यालयको बालक्लवलाई बितरण गरेको देखिन्छ । पालिकाले भौ.न.३९२ बाट किनेको वडा नं. २ को अरनिको बालक्लव, पिङडाँडा बालक्लव, सिंहदेवी बालक्लब र ब्राईट फ्युटर बालक्लवलाई बितरण गरेकोमा पुन २ वडाले खेलकुद सामाग्री खरिद गरी सोही बालक्लबलाई हस्तान्तरण गरेको देखिन्छ । यसरी एउटै सामाग्री पटक पटक खरिद गरी बितरण गरी दोहोरो बितरण गरेको कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,४९,३९२

४२ **सोझै वितरण** - (४४०-२०८०-१०-१७):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कमल गाँउपालिका वडा नं. ४ ले वडा स्तरीय बजेटबाट मकै रोप्ने मेशिन ८ सेट १९६२५ का दरले ८० प्रतिशत लागत साझेदारीको र. १५७००० भुक्तानी गरेको छ ।खरिद गरेको सामाग्री विभिन्न ८ टोल बिकास

संस्थालाई हस्तान्तरण गरेको देखियो । सामाग्री कार्यालयमा दाखिला नगरी म्यानुअल हस्तान्तरण गरेको देखिन्छ । कृषकको समुहलाई हस्तान्तरण गर्नुपर्नेमा टोल बिकास संस्थालाई हस्तान्तरण गरेको कार्य नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,५७,०००

४३ **भाडा रकम** - (855-२०८१-२-११):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। पालिकाले नेपाल आदिबासी जनजाती महासंघ वडा नं. ३ को मासिक भाडाँ रु.४५०० को दरले बार्षिक हुने रु.५४००० भुक्तानी गरेको देखियो । आफ्नै विधान तथा कार्यसमिति रहेको संस्थालाई सास्कृतिक कार्यमा सहयोग गरिरहेको देखिएकोमा संस्थाको बार्षिक भाडा समेत भुक्तानी भएको देखिदा भुक्तानी रकमलाई नियम सम्मत मान्न नसकिएको रु.

अनियमित भएको	५४,०००

४४ **कर्मचारी कल्याण कोष** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी उक्त कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष आन्तरीक श्रोतबाट कर्मचारी कल्याण कोषमा रु.१००००००। ट्रान्सफर गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम मासिक रुपमा तलबबाट १०% कट्टा नगरी कार्यलयले मात्र विनियोजन गरी उक्त कोषमा रकम राखेको देखियो। यसरी कानुनमा भएको व्यवस्थालाइ पुर्ण रुपमा पालना नगरी सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१०,००,०००

४५ **क्षमता बिकास कार्यक्रम** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। पालिकाले क्षमता विकास कार्यक्रमबाट जनप्रतिनिधी तथा कर्मचारीको लागि तालिम कार्यक्रम संचालन गरेको भनी पालिका भन्दा बाहिर गएर कार्यक्रम संचालन गरेको देखिन्छ । आफ्नो ठाँउभन्दा बाहिर तालिम संचालन गर्दा संचालन खर्च वृद्धी हुने देखिदा क्षमता विकास कार्यक्रम विषय विज्ञबाट पालिका भित्रनै संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

भौ.न.	विवरण	कुलखर्च	स्थान	कैफियत
४२०	महिला जनप्रतिनिधि र महिलाहरुलाई क्षमता अभिबृदि	१२३७७२	केराबारी गाँउपालिका मोरङ्ग	
५३८	जनप्रतिनिधीतालिम तथा क्षमता विकास कार्यक्रम	२७५१७५	धनकुटा, पाख्रीबास	सवारी साधनभ्रमण खर्च ५००००
८७७	वडा नं. ४मा पदाधिकारीलाई भ्रमण	७००००	ईलाम झापा	
९१६	वडा नं. ५ का टोल बिकास संस्थाका प्रतिनिधीलाई क्षमता विकासकार्यक्रम	१९६०३०	सुर्योदय नगरपालिका	गाडी भाडा ३५००० र बास खर्च १९००० थप व्ययभार परेको

४६ **आर्थिक सहयोग सहित समवेदना कार्यक्रम** -

वडा नं. २ ले वडाभित्रका मृतकका परिवारलाई प्रति परिवार रु.१०००० का दरले रु. ५५८,८०० आर्थिक सहयोग र समवेदना कार्यक्रममा खर्च गरेको देखिन्छ । वडाले वडाभित्रका सबै मृतक परिवारलाई रकम हस्तान्तरण गरेको देखिन्छ । यसरी आफ्नो राजश्व क्षमताको वृद्धी नहुदा आर्थिक सहयोग चाहिने परिवारको यकिन नगरी सबै परिवारलाई रकम दिने वडाको प्रवृतीमा सुधार गर्नुपर्दछ ।

४७ **प्राङ्गारिक मल/झोलमल उत्पादन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन श्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफिलको उचित गुणस्तर कायम हुने गरि मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । कमल गाउँपालिकाले आर्थिक वर्ष २०७६।७७ देखी प्राङ्गारिक मल उत्पादन र निशुल्क वितरणका लागि भौतिक पूर्वाधार निर्माण एवं तालिमका लागि निम्नानुसार खर्च गरेकोमा लाभग्राही दोहरीने, प्राङ्गारिक मल सम्बन्धमा भए गरेका कामको मुल्यांकन र वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको छैन । हालसम्म लाभान्वित संख्या/पटक १०९०० रहेको विवरण पालिकाबाट पेश भएतापनि मल उत्पादन र वितरणमा लगानी हरेक आर्थिक वर्षमा बढ्दै गईरहेको र यसको प्रभावकारिता मुल्यांकन भएको नदेखिएकोले सो विश्लेषण गरी लाभाग्राही वर्गको समेत लागत सहभागिता हुने तथा लागत मुल्यलाई सोधभर्ना हुने गरि मितव्ययी व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

आर्थिक वर्ष	शिर्षक	बजेट	खर्च
०८०।८१	पूर्वाधार, वितरण र तालिम	४८०००००	४१२१६१६
०७९।८०	पूर्वाधार, वितरण र तालिम	११०००००	६८११६५
०७८।७९	पूर्वाधार, वितरण र तालिम	१२५९०००	१०३५५५७
०७७।७८	पूर्वाधार, वितरण र तालिम	२३०००००	२००७८५०
०७६।७७	पूर्वाधार, वितरण र तालिम	११२५०००	६२५०००
	जम्मा	१०५८४०००	८४७११८८

४८ **कृषी पशु अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट १२४७१ जनाको लागि रु.१,८१,६५,९३३.०० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ

। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

क्रस	अनुदानको किसिम	व्यक्ती संख्या	रकम
१	बजारमुखी एक सामुहिक तरकारी उत्पादनका आधारमा प्रोत्साहन कार्यक्रम	६५	४२७५००
२	एक घर एक करेशाबारी उत्पादनमा प्रोत्साहन कार्यक्रम	२४५	२४५०००
३	नदी उकास तथा अन्य बाँझो जमिनमा खरभुजा तरभुजा परबल लगायत अन्य लहरेबाली उत्पादनमा प्रोत्साहन कार्यक्रम	२	२००००
४	कन्काई नहर जल उपभोक्ता संस्थामा आवद्ध कृषकहरूको मागको आधारमा साझेदारी कार्यक्रम	१५	७५५००
५	महिला लक्षित पुष्प खेती उत्पादनका आधारमा प्रोत्साहन कार्यक्रम	२	२४०००
६	साना मेसिनरी मकै रोप्ने मकै छोडाउने स्प्रे टंकी पावर विडर आदि मर्मत सम्भार तालिम	२५	३४४५०
७	अर्गानिक मल जैविक बानस्पतिक मल विषादी निर्माण सम्बन्धी स्थलगत कृषक तालिम	२००	१९२४५०
८	भान्सा नै औषधालय तालिम	३००	२६१३२०
९	अधियाँ ठेक्का गर्ने विपन्न कृषकहरुलाई ५०%अनुदानमा कृषि सामग्री वितरण	३३	६७११२
१०	कमल झोलमल तथा प्राङ्गारिक मल निर्माण र वितरण निःशुल्क	४०००	१३८८९९९
११	तरकारी खेती गर्ने कृषकहरुका लागि फेरोमेन ट्रायाप अनुदानमा वितरण निःशुल्क	२५४०	४६९९००
१२	ठेला खरीद र वितरण निःशुल्क	११	३९९७६४
१३	तरकारीको मिनीकीट वितरण	२९४३	५२९९००
१४	मिचाहा प्रजाती ब्यवस्थापन तालिम	५०	८५०००
१५	होडिङ्ग बोर्ड राख्ने	६	३९७५९
१६	टनेल वितरण ७५% अनुदान	१०३	५०००००
१७	प्लाष्टिक मल्चिङ्ग वितरण ७५% अनुदान	३४	२४४०३
१८	सिँचाई मोटर अनुदानमा वितरण ५०% अनुदान	३५	६२८२७८
१९	राष्ट्रिय धान दिवस मनाउने	२६०	१५००००
२०	कृषि चुन अनुदानमा वितरण ७५ % अनुदान	१००	३७५०००
२१	आकष्मिक विषादी वितरण निःशुल्क	६५०	३०००००
२२	कृषि सम्बन्धी अन्य कार्यक्रम (माटो परीक्षण)	२००	१४६१९०
२३	माटो परीक्षण कीट र री एजेन्ट खरीद	१७	१४५१४८
२४	कृषिका कार्यक्रमहरुको मिडियामार्फत प्रसारण गर्ने	१	१०००००
२५	धान उत्पादन प्रवर्द्धन कार्यक्रम	४८१	७०४०७०
२६	साना ब्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम	१४६	४४५१९०
२७	नमूना कष्टम हायरिङ्ग सेन्टर स्थापना	१	५९७१०००
२८	प्राङ्गारिक मल पूर्वाधार निर्माण	१	२५४००००
२९	क्याम्पा कृषि बजार निर्माण	१	२०००००

३०	सोलार सिँचाई जडान	४	१६७६०००
जम्मा		**१२४७१**	**१८१६५९३३**

४९ **माटो परीक्षण किट** - (८४९-२०८१-२-४):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । माटो परिक्षण एच पि मिटरु खरिद वापत पूर्वाञ्चल साईन्टिफिक प्रा.लि.लाई पि एच.मिटर २ थान र एजेन्ट किट १५ सेट खरिद गरेको देखिन्छ । स्पेशिफिकेशन बमोजिम एजेन्ट किट १ सेटले २५ पटक परिक्षण गर्न पुग्ने कृषि शाखाले जनाएको छ जसबाट खरिद गरिएको किटले ३७५ पटक परीक्षण गर्न मिल्नेमा आ.ब.मा जम्मा २०८ वटामात्र परिक्षण गरेको देखिदा ७ सेट (प्रति सेट ७७९०) अझै शाखामा बाँकी रहनुपर्नेमा सो अभिलेखबाट नदेखिएको हुँदा यकिन गरी प्रमाण पेश गर्नुपर्ने औँल्याइएकोमा छलफलको क्रममा अभिलेख प्रमाण पेश भएको ।

५० **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति** -

स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानिय निकायले समयमा नै योजना सम्झौता गरि सम्पन्न गर्नुपर्दछ । गाँउपालिकाले यस आ.ब अन्तर्गत योजना छनौट गरि समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.ब २०८०।०८१ मा छनौट गरिएका योजना कति सम्पन्न भए, कतिको रनिङ बिल मात्र भुक्तानी भए , अद्यावधिक कार्य कति छ सोको अभिलेख पालिकाले राखेको छैन । पालिकाले सडक निर्माण, सडक मर्मत , सिचाँइ लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्वन्धित आर्थिक वर्षसम्म कुन अवस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले आगामि वर्षहरुमा पुन क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भाबना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुन्छ । गाँउपालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन, सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको बिवरण अद्याधिक राखी तथा यकिन गरी अभिलेख व्यबस्थापन गर्नुपर्दछ ।

५१ **हेभी इक्विपमेण्टको प्रयोग** —

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत तथा वडाबाट सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

भौ.न.	विवरण	भुक्तानी रकम	कार्यालयको योगदान	निर्माण व्यवसायी	भुक्तानी रकम
१३-२०८०।९।१०	आदिमपुरेको घर हुदै छाता चौक सडक स्तरोन्नती	१०८५५९२	९७५०००	दिक्षित इन्फ्राटेक एण्ड डेभलपमेन्ट कम्पनी काठमाडौं	१००१०००
४८-२०८०।७।२२	समयगढ रतनचौक गौरादह सडक	५५०७०६	४८४४४४	एन वि ए निर्माण सेवा	४९८३३०
५४-२०८०।८।१०	शान्ती चौकदेखी श्याम चौधरीको घरसम्म बाटो स्तरोन्नती	२२४७६१	१९५०००	चिमरीया कन्सट्रक्सन सर्भिस प्रा.ली.	२२८८८७
		१८६१०५९	१६५४४४४		१७२८२१७

५२ **रितपूर्वको बिजक जारी नभएको** -

मल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २९(१घ) र २९(२) बमोजिम झुट्ठा कर विजक र दर्ता नभएकोले दर्ता भएको व्यक्तिसरह कारोबार गरेमा शत प्रतिशत जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनसक्ने व्यवस्था रहेको छ । पालिकाले देहायको कार्य उपभोक्ता समितिबाट गराउदा पेश भएको बिजक रितपूर्वक नभई फोटोकपी गरी राखेको, प्रिन्ट गरेको तथा फोटोकपी गरी लेखेको जस्ता कार्य गरेको देखिदा सो सम्बन्धमा पालिकाले यकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा कानून बमोजिम कारवाही गरी असुल गर्नुपर्ने रु.

भौ.न./मिति	उपभोकता समिति	रकम	कैफियत	बिल नं.	रकम
७-२०८०।५।१८	ट्रस ब्रिज निर्माण शुक्रबारेबाट रतनचौर जाने सडक उ.स.	९५६०५६	भद्रकाली ट्रेडिङ्ग FY ०७९-८० लेखेको प्रिन्ट बिल	SB-02682	३०८०७२
				SB-02592	८५४९०
५६-२०८०।८।१७	दुई नम्बर वडाका विभिन्न सडक मर्मत उपभोक्ता समिति	३४१२५०	Barytech infrastructure pvt.ltd. Koteshower 32 Kathmandu लेखेको A4 साइजको बिल	१९	३५००००
				असुल गर्नुपर्ने	७,४३,५६२

५३ **उपभोक्ता समिति मार्फत कार्य** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । गाउँपालिकामा उपभोक्ता समिति मार्फत भएका कार्य मध्ये केही कार्यहरुको नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

• पालिकाले योजना सञ्चालन एवं कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

• हेभी मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

• योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र पालिकाबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

• कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

• पालिकाले उपभोक्ता समितिलाई एकमुष्ट भुक्तानी गरेको छ । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन भएको देखिन्छ तर अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

• उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

• उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण गर्ने तथा उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

• उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न पालिकाले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानको तोकिएको

परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ पालिकाले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ ।घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५४ **डोर हाजिरी** -

गाँउपालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म.ले.प.फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा योजनाहरुमा के कति डोर हाजिरी फारमहरु को कसकोनाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका सबै डोर हाजिरमा सहि छाप गरेको देखिदैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

५५ **लागत अनुमान तथा दर बिष्लेषण** -

सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन गरेका योजनाहरुको लागत अनुमान तयार गर्दा सडकका लागि सडक विभागको र भवनको लागि भवन विभागबाट जारी भएको नर्म्सको प्रयोग गरी निर्माण सामाग्री लगायत स्थानीय श्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण गरी किफायती नर्म्सको प्रयोग गर्नुपर्दछ ।

५६ **नापी किताब प्रबिष्टी एवं अभिलेख** -

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ। क्रमागत तथा बहुबर्षिय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

५७ **स्थलगत निरीक्षण** -

गाँउपालिकाले यसवर्ष अधिकांश निर्माण कार्य उपभोक्तासमितबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यवस्था छ । पालिकाले भुक्तानी श्रेस्तासाथ संलग्न गरेको योजना अनुगमन समितिको सिफारिस फारममा संलग्न पदाधिकारी र योजनाको नाम लेख्ने गरेको, लागत अनुमान, सम्झौता मिति, सम्पन्न मिति लगायतका विवरणहरु पूर्ण रुपमा नभरी आंशिक भर्ने गरेको देखियो । अनुगमन पश्चात दिएको योजनाको प्रतिबेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी लगायतको कुराहरु उल्लेख नगरी पहिले नै राम्रो रहेको भनी भरेको फारम संलग्न गरेको देखियो । भौतिक पुर्बाधार तर्फका योजनाहरुको अनुगमन प्रतिवेदन भएकोले पालिका स्तरबाट हुने सम्पूर्ण पुर्वाधारका योजना,तालिम कार्यक्रम, बितरणमुखी कार्यक्रम तथा क्षमता बिकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा बिश्लेशण गर्नुपर्दछ ।

५८ **कन्टेन्जेन्सी खर्च** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको बर्कचार्ज स्टाप खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । सो अनुसारको अभिलेख नराखी खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन । पालिकाले यस वर्ष कन्टेन्जेन्सी वापत खर्च रकमको ३ प्रतिशत कट्टीगर्ने गरेको जनाएकोमा योजनागत रूपमा अभिलेख राखेको देखिएन । यसरी अभिलेख नराखी खर्च लेखेकोले वास्तविक पुंजीगत खर्चको अनुपातमा कन्टिन्जेन्सी खर्चको सीमा नाघे ननाघेको सम्बन्धमा यकिन गर्ने आधार भएन।

५९ **बढी दर भुक्तानी :-** (७२-२०८०-९-११):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं. १ को सोलमारी गढुरमारी सम्म बाटो स्तरोन्नती कार्यको लागि संसोधित लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई रु.१९५०००।– पालिकाबाट भुक्तानी भएको छ । जसमा सब बेसको काम ०.१५ मि गर्नुपर्नेमा ०.०५ मि. मात्र गरी कम्याक्सन बापत २४.३८ घनमिटरको भुक्तानी भएको छ । लुज ग्राभेल राखी भुक्तानी गर्नुपर्नेमा सो नगरी कम्याक्सन गरेको देखिदा नापी गर्ने प्राविधक कर्मचारीलाई जिम्बेबार बनाउदै बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

कार्य विवरण	परिमाण	एकाई	मुल्य		फरक	बढी भुक्तानी
			दिएको	दिनुपर्ने		
Gravel	२४.३८	घनमिटर	१९२८.८७	१२५२.५	६७६.३७	१६४८९.९०

असुल गर्नुपर्ने	१६,४९०

६० **बढी भुक्तानी :-** (१३-२०८०-९-१०):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाको आदिमपुरेको घर हुदै छाता चौक सडक स्तरोन्नतीका लागि रु.१११०५९२ नापी किताब बमोजिम कार्य भएको देखिन्छ । दर बिश्लेषण अनुसार सडकमा रोलर लगाएर कम्पाक्सन गराउने गरी लागत अनुमान तयार गरी भुक्तानी भएको छ । संलग्न बिल १००१००० दिक्षित इन्फ्रोटेक एण्ड डेभलपमेन्ट कम्पनी काठमाडौंलाई भुक्तानी भएको छ। निर्माण व्यवसायीमार्फत भएको बिल रकम १००१००० पेश हुदा समेत उपभोक्ता समितिले थप ११०००० को डोर हाजिरी पेश गरेको देखिन्छ । दर बिश्लेषणमा सबै काम मेशिनबाट हुने गरी तयार गरेको अवस्थामा समेत डोर हाजिरी गरी रकम भुक्तानी भएको नियमसम्मत देखिएन । अत: पेश भएको निर्माण व्यवसायीको बिलको आधारमा लागत अनुमानको ९ प्रतिशत सहभागिता कट्टा गरी पालिकाले रु.९००९०० भुक्तानी गर्नुपर्नेमा रु.९७५००० भुक्तानी गरेको देखिदा रु. ७४१०० बढी भुक्तानी भएको देखिदा बढी भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७४,१००

६१ **कर बिजक**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाको वडा नं.२ को भवन निर्माण कार्य अन्सुवी कन्काई ववई जे.भी. सँग मिति २०७८।११।१० सम्झौता गरी मिति २०८०।६।३० सम्म म्याद थप भएको देखियो ।जे.भी.ले पेश गरेको कर बिजक छायाँप्रति गरी सो माथी हातले लेखेको छ। तिन पटक भुक्तानी भएकोमा तिनवटै बिजक रितपूर्वक जारी भएको देखिएन । अत सो सम्बन्धमा कर समायोजन प्रमाण पेश गर्नु पर्दछ ।

फर्मको नाम	जारी मिति	बिल नं.	रकम	भ्याट	कुल
अंशुवी कन्काई बबई जे.भी.	२०८०।५।१८	१	१२९३७२८	१६८१८४.७	१४६१९१३
	२०८०।६।२७	२	७४११४६	९६३४९.०	८३७४९५
	२०८०।६।२९	३	२९१५४४०	३७९००७.२	३२९४४४७
कुल			४९५०३१४	६४३५४०.८	५५९३८५५

६२ **पदाधिकारी सुविधा** -

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले कोशी प्रदेशका पालिकाका पदाधिकारी सुविधा सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले यस आर्थिक वर्षमा पदाधिकारीको सेवा सुविधामा गरेको खर्च विवरण निम्नानुसार रहेको छ :

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडा अध्यक्ष ७ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २४ जना	जम्मा ३९ जना
१	बैठक/ अनुगमन भत्ता	१४५०००	१४४०००	५८६०००	२३२९४०	५७००००	१६७७९४०
२	यातायात खर्च		६००००	३३६०००	१८००००	५७६०००	११५२०००
३	टेलिफोन,मोबाइल	३६०००	३६०००	१६८०००	१०८०००	१८८०००	५३६०००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	६००००	६००००	२५२०००	१०८०००	५७६०००	१०५६०००
५	समन्वय तथा सहजीकरण/ खाजा खर्च	६००००	६०००००	२५२०००	१०८०००	४३२०००	१४५२०००
६	अतिथि सत्कार	१०८०००	६००००	३३६०००	१४४०००	४३२०००	१०८००००
७	खानेपानी/बिजुली	३००००	३००००	८४०००	३६०००	१४४०००	३२४०००
8	सरसफाई	३००००	३००००	८४०००	७२०००	०	२१६०००
9	चाडपर्व खर्च	१००००	१००००	७००००	६००००	२४००००	३९००००
	जम्मा	३३४०००	८२६०००	१२४६०००	६३६०००	२०१२०००	५०५४०००

यस वर्षको पदाधिकारी सुविधा रु.५०५४०००।०० खर्च भएको छ । पालिकाको यस वर्षको आन्तरिक आय रु.२,२१,७४,८७३.०० को तुलनामा २२.७९ प्रतिशत खर्च रहेको देखिन्छ । कानूनेले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेको देखिन्छ। तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्ने प्रयत्न गर्नुपर्दछ ।

६३ **तलवी प्रतिवेदन** -

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष प्रतिवेदन पारित नगराई स्वास्थ्यतर्फका १८ जना कर्मचारीको रु.१ करोड ३७ लाख ८७ हजार २ सय ५२, शिक्षातर्फका २५३ जना शिक्षकको रु.१५ करोड ३३ लाख ५० हजार ६ सय ५० र पालिकाका ३३ जना कर्मचारीको रु.२ करोड ३९ लाख ६६ हजार ७ सय ८५ समेत जम्मा रु.१९ करोड ११ लाख ४ हजार ६ सय ८७ खर्च लेखेको छ । सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्दा तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा परीक्षण वा नियन्त्रण गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

६४ **तलब तथा सुविधा**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरवार काठमाण्डौंको बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको लागि पुनः एकीकरण परियोजना (ReMi) सञ्चालन सम्बन्धी वित्तीय मार्गदर्शन, २०८० अनुसार तलबमा थप सुविधा वापत सामाजिक सुरक्षा कोषको नियमानुसार कर्मचारीको तलबको २० प्रतिशत रोगजारीदाताबाट थप र कर्मचारीको तलबबाट ११ प्रतिशत गरी आधारभूत तलबको कूल ३१ प्रतिशत रकम प्रत्येक महिना सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । स्थानीय तहमा पुनः एकीकरण सम्बन्धी सेवा संचालन गर्न परियोजना अन्तर्गत करारमा नियूक्त ४ जनालाई परियोजनाबाट तलब तथा सुविधा प्रदान गरेको छ । यस व्यवस्था अनुसार ४ जना कर्मचारीलाई रु.५८३३९२.०० थप भुक्तानी दिएकोले थप व्ययभार बढेको देखिन्छ ।

६५ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि तोकिएबमोजिमको अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले निम्नानुसारका फर्मसँग रु १३९७४४३१.६४ को औषधि (सर्जिकलसमेत) खरिद गरेको देखिएको छ।

क्र.सं.	सप्लायर्स वा विक्रेता	भुक्तानी रकम	खरिद विधि
१	नाइल फर्मा	१६३३७३५.५९	बोलपत्र
२	अष्टाङ्ग फर्मास्युटिकल्स प्रा.लि.	२७८०६१.०२	सोझै खरिद
३	अधिकारी मेडिकल हल	४९२९१२३.१६	बोलपत्र
४	अर्जुन मेडिकल हल	१०९००५९.८९	सोझै खरिद
५	शुभ किरण मेडिको	८५३३२२.०३	सोझै खरिद
६	तिरुपती सर्जिकेम सप्लायर्स	६६३३९०.९६	सोझै खरिद
७	पशुपती सर्जिकल सप्लायर्स	५४६४६४.४१	सोझै खरिद
८	हिमाल सर्जिकल एण्ड केमिकल सप्लायर्स	४४२०७३.४५	सोझै खरिद
९	गणेश सर्जिकल सप्लायर्स एण्ड फिटनेस शप	२२१२०६.७८	सोझै खरिद
१०	नेशनल सर्जिकेम सप्लायर्स	५७२८८९.२७	सोझै खरिद
११	हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि.	२७४४१०५.०८	बोलपत्र
	जम्मा	१३९७४४३१.६४	

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

६६ **कमल नगर अस्पतालः**

आर्थिक वर्ष २०८०।०८१ को यस नगर अस्पतालको आय व्यय विवरण यस प्रकार छः

आय			व्यय			
शीर्षक	प्रस्तावित आय	वास्तविक मौज्दात (क)	शीर्षक	प्रस्तावित बार्षिक बजेट	वास्तविक खर्च (ख)	वास्तविक मौज्दात (क-ख)
अन्तरिक श्रोत	२२५००००००	८२५७४४९	चालु	१८५०००००	७२२७६३८	
१३४११ अन्य संस्थागत आन्तरिक अनुदान	०	०	२१११११ पारिश्रमिक कर्मचारी	५६०००००	१९८२०	
३२१२१ नगद	०	०	२११३४ कर्मचारीको बैठक भत्ता	४०००००	२०१०००	
३२१२२ बैंक मौज्दात	०	०	२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	१२०००००	०	
			२२१११ पानी तथा बिजुली	५०००००	१५०२८२	
			२२११२ संचार महसुल	१०००००	१०००००	
			२२३११ मसलन्द तथा कार्यालय सामाग्री	२६७००००	२०४१५७०	
			२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	३००००	३००००	
			२७२१३ औषधीखरिद खर्च	८००००००	४६८४९६७	
			पूंजीगत	४००००००	९२१८५०	
			३११२२ मेशिनरी तथा औजार	४००००००	९२१८५०	
जम्मा	**२२५०००००**	**८२५७४४९**	**जम्मा**	**२२५०००००**	**८१४९४८७**	**१०७९६२**

यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

यस अस्पतालको प्रस्तावित आय रु.२ करोड २५ लाख भएकोमा आय रु.८२ लाख ५७ हजार देखिन्छ र आम्दानी मध्ये खर्च रु.८१ लाख ४९ हजार भै रु.१ लाख ७ हजार बाँकी देखिन्छ । अस्पतालको आय तथा व्ययको हिसाब गाउँपालिका बाटै भएको देखिन्छ । अस्पताल सञ्चालनलाई थप व्यवस्थित बनाउने र आय व्ययको सन्तुलन कायम गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

जिन्सी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• नगर अस्पतालले गत वर्षको मौज्दात रहेका र यस वर्ष आफै खरिद भएका औषधि तथा समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा केही को गरेको पाइएन । अस्पतालले औषधि तथा सामान खरिद गर्दा केहिको Manual दाखिला गरेको पाईयो । पुर्णरुपमा अनिवार्य PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्ने तर्फ ध्यान दिनुपर्दछ।

६७ **निःशुल्क उपचार सहायताः**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट 96जनाको लागि रु५७,६०,०००।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

क्रम	उपचारको किसिम	व्यक्ती संख्या	रकम रु हजारमा
१	क्यान्सर	७५	४५,००,०००।-
२	डायलासिस	१९	११,४०,०००।-
३	मृगौला प्रत्यारोपण	१	६०,०००।-
४	स्पाईनल ईन्जुरी	१	६०,०००।-
	जम्मा	९६	५७,६०,०००।-

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वर्ष यस पालिका क्षेत्रका ११ अस्पतालबाट १५५ जनाको लागि रु.१५५,००,०००.०० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम खुल्ने विवरण सम्वन्धित अस्पतालबाट प्राप्त गरी लक्षित वर्गले उक्त अनुदान वा सहायता पाए नपाएको बारेमा अनुगमन र विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

क्रम	अस्पतालः नाम ठेगाना	उपचारको किसिम	व्यक्ती संख्या	रकम रु हजारमा
१	पुर्बान्चल क्यानसर अस्पताल बिर्तामोड,झापा	क्यान्सर	२५	२५,००,०००
२	नोबेल मेडिकल कलेज	क्यान्सर,मुटु,मृगौला	१७	१७,००,०००
३	बिराट टिचिंग हस्पिटल	क्यान्सर,मुटु,मृगौला	१४	१४०००००
४	शहिद गंगालाल हृदय रोग केन्द्र	मुटु	२१	२१०००००
५	लाईफलाईन अस्पताल दमक	डायलासिस	८	८०००००
६	बि.पी कोईराला क्यान्सर अस्पताल भरतपुर	क्यान्सर	१६	१६०००००
७	भक्तपुर क्यान्रर अस्पताल	क्यानसर	१८	१८००००००
८	न्युरो कार्डियो मल्टीस्पेशियालिटी प्रा.लि	हेड ईन्जुरी, मुटुङ्सपाईनल ईन्जुरी	४	४०००००
९	न्युरो हस्पिटल बिराटनगर	स्पाईनल हेड ईन्जुरी	५	५०००००
१०	बि.पी कोईराला मेमोरियल धरान	क्यानसर	१३	१३०००००
११	बि.एणड सि मेडिकल बिर्तामोड	हेड ईन्जुरी	१४	१४०००००
जम्मा			**१५५**	**१,५५,००,०००**

६८ **लागत साझेदारी -**

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। पालिकाले विभिन्न सिपमुलक तालिम संचालनको लागि प्रस्ताव आह्वान गर्दा १० प्रतिशत लागत साझेदारी रकम संस्थाको हुनुपर्ने भनी उल्लेख गरेको साथै कार्यपालिकाको मिति २०८०।४।२७ को बैठकमा उल्लेखित तालिममा संस्थाको १० प्रतिशत लागत सहभागिता हुनुपर्ने भनी उल्लेख भएकोमा कार्यसम्पन्न पश्चात पेश गरेको बिलमा कार्यालयको रकम मात्र उल्लेख गरी बिजक जारी गरेको देखिदाँ संस्थाको साझेदारी खुल्न आएको देखिएन अत साझेदारी बापतको रकम असुल हुनुपर्ने रु.

भौ.न.	विवरण	संस्था	पालिकाको भुक्तानी	साझेदारी रकम
५२३-२०८०।११।१५	एडभान्स मोवाईल मर्मत तालिम १ महिने	चन्द्रसुर्य सिप विकास संस्था	२०००००	20000
५२६-२०८०।११।१५	एसी र फ्रिज मर्मत सम्बन्धी तालिम १ महिने	चन्द्रसुर्य सिप विकास संस्था	२०००००	20000
५२७-२०८०।११।१५	ड्राईभिङ्ग तालिम ३२ दिन	चन्द्रसुर्य सिप विकास संस्था	५०००००	50000
कुल			०	९००००

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	९०,०००

६९ **घर नै औषधालय** - (577-२०८०-११-३०):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। भान्सानै औषाधलय कार्यक्रम पालिकाको ७ वडै बडामा सञ्चालन गरी रु.२६१३२० भुक्तानी भएको देखिन्छ । ७ वटै वडामा कार्यक्रम संचालन भएको भएपनि खाजा वापत होटल हलेशीबाट

रु. ४२४५० र आस्मा फुड कर्नर एण्ड मोमो सेन्टरबाटबाट रु.२७७०० भुक्तानी दिएको देखियो । फरक फरक वडामा कार्यक्रम संचालनमा वडाँ नं. ७ र २ मा रहेको होटलबाट खाजा खुवाएको देखिन्छ । कमर्सियल एग्रिकल्चर फ्रूट एण्ड ट्रि डेभलपमेन्ट फर्म डुम्राह सुनसरीबाट प्राकृतिक स्वास्थ्य सार पुस्तक ८८ थान पुस्तक रु.३५२०० मा खरिद गरेको देखिन्छ । खर्च रकम भुक्तानीलाई व्यवस्थित गर्नुपर्दछ ।

७० **मदन भण्डारी प्राविधिक शिक्षालयलाई शैक्षिक ऋण** - (६१०-२०८०-१२-७):

मदन भण्डारी प्राविधिक शिक्षालयलाई शैक्षिक ऋण वापत रु.२,०००००।– निकासा दिएको देखिन्छ । पालिकाका १५ जना विद्यार्थी पठनपाठन गरिरहेकोले पठनपाठनमा सहयोग पुगोस भनी निकासा दिएको पालिकाले जनाएको छ । पालिका र प्रतिष्ठान बिच रकमको प्रयोगको सम्बन्धमा कुनै सम्झौता नभएको, निजी प्रतिष्ठानलाई ऋण सहयोग भनेकोमा सो ऋण फिर्ता हुने नहुने यकिन नभएको र विद्यार्थीले उपयोग गरेको सुनिश्चिता सम्बन्धमा कुनै कागजात पेश नभएको देखिदा आफ्नो कार्यक्षेत्रभन्दा बाहिर यसरी दिईने अनुदान वितरण कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,००,०००

७१ **तालिम सामाग्री** - (६५५-२०८०-१२-२३):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। सिलाई कटाई तालिम वडा नं. २ ले मिति २०८०।९।४ देखी २०८०।११।३० सम्म सिलाई कटाई तालिम संचालन गरी रु.२००००० भुक्तानी भएको देखिन्छ । जसमा १० थान कैची खरिद भएको र सिलाई कपडा विभिन्न प्रकारको रु.१००००० को खरिद भएको छ । खर्च भएर नजाने समान हस्तान्तरण भएको देखिएन भने कपडाको प्रयोग खुलेको देखिएन अत: आवश्यकताको आधारमा तालिम सामाग्री खरिद गरी मितव्ययी तरिकाले तालिम सञ्चालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७२ **रितपूर्वक बिजक जारी नभएको** - (६५९-२०८०-१२-२५):

मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २९(१घ) र २९(२) बमोजिम झुठ्ठा कर विजक र दर्ता नभएकोले दर्ता भएको व्यक्तिसरह कारोबार गरेमा शत प्रतिशत जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनसक्ने व्यवस्था रहेको छ । किरात याक्थुङ्ग चुम्लुङ्गको सास्कृतिक कार्यक्रम संचालन वापत रु.५०००० भुक्तानी भएको छ । आशिष मल्टी सर्भिसको २ थान टेन्टको रु.१९००० र बक्स गेट लगायतको रु.१६००० बिल रसिद मात्र संलग्न गरेको र कम्प्युटरबाट तयार गरेको देखिदा सक्कल बिल बिजक पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३४,०००

७३ **व्यक्तिगत खातामा रकम जम्मा :-**

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। पालिकाले विभिन्न प्रहरी चौकीबाट अनुरोध भए बमोजिम सहयोग उपलब्ध गराएको देखिन्छ । यसरी सहयोग गर्दा सहयोग रकम सम्बन्धित कार्यालयको खातामा जम्मा नगरी कार्यालयको प्रमुखको व्यक्तिगत खातामा जम्मा गर्ने गरेको देखियो । यसरी कार्यालयको नाउमा जम्मा नगरी व्यक्तिको नाउमा जम्मा गर्ने पालिकाको प्रवृतीमा सुधार हनुपर्दछ । केही उदाहरण :

नाम थर	पद	कार्यालय	प्रयोजन	रकम
अनिस खड्का		ट्राफिक प्रहरी कार्यालय केर्खा	मोटरसाईकल मर्मत	
खगेन्द्र राज बि.क.		तोपगाछी प्रहरी चौकी	मोटरसाईकल मर्मत	१००००

७४ **पशु सुत्केरी कार्यक्रम** -

यसमा पालिकाले पशु सुत्केरी कार्यक्रमको लागि क्यालसियम र मिनिरल मिक्सचर देहाय बमोजिम खरिद गरी रु. १९९५७९८ भुक्तानी गरेको देखिन्छ ।१ लिटर क्याल्सियममा १ के.जी.मिनिरल मिलाएर सुत्केरी भएको १५ दिनपश्चात खुवाउने गरी एक किसान एक सेट वितरण भएको छ । जसमा खरिद भएको २२२२ सेट कृषकको निवेदनको आधारमा वितरण गरेको छ ।पालिकाले गत आ.ब.मा यस्तो औषधी कति मौज्वाद रहेको थियो निकासा खातामा उल्लेख गरेको देखिएन । गत आ.ब.मा कति औषधी खरिद भएको थियो र यस वर्षको आवश्यकताको पहिचान भएको देखिएन । लागत अनुमान तयार गर्दा औशत दररेट कायम गरी गरेकोमा विगत वर्षको दररेटलाई आधार मानेको देखिएन । अत: पालिकाभित्र कति पशु सुत्केरी भएका थिए र औषधी कति सेट वितरण भएको थियो विवरण यकिन गरेरमात्र यस्ता कार्यक्रम संचालनमा गर्नुपर्दछ ।

भौ.न./मिति	कार्यक्रम	औषधीको नाम	परिमाण	रकम
२५९-२०८०।८।१७	एक घर एक सुत्केरी कार्यक्रम	Calcium Adb 1 लि.	११११	४४३०६६
		Mineral mixture	११११	५५४८३३
६८८-२०८०।१२।३०		Calcium Adb 1 लि.	११११	४४३०६६
		Mineral mixture	११११	५५४८३३
जम्मा				१९९५७९८

७५ **प्लाष्टिक टनेल वितरण** - (८०१-२०८१-१-३१):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले टनेल वितरण वापत राजेश स्टोर्सलाई रु.४००००० भुक्तानी भएको छ । ११९ थान प्लाष्टिक टनेल खरिद भएकोमा सो टनेल वडा नं. ४ का टोल बिकास संस्थालाई वितरण गरिएको छ । टोल बिकास संस्थामा उल्लेखित नाममा केरमेट गरेको र वितरण गरिएका व्यक्तिको न्यूनतम जग्गा भए नभएको यकिन गरी वितरण गरेको देखिएन । यसरी कृषक फर्म वा समुहलाई वितरण नगरी टोल बिकास संस्थालाई वितरण गरेको देखिदा कृषक समुह वा फर्ममार्फत वितरण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । साथै गाँउसभाले प्लाष्टिक टनेलमा ७५ प्रतिशत अनुदान दिने भनेकोमा सभाको निर्णय भन्दा अन्यथा निर्णय गरी लागतसहभागिता कम गराएको देखिदा बिल रकम रु.४९९९६० को ७५ प्रतिशतले हुने रु.३७४९७० मात्र पालिकाले भुक्तानी दिनुपर्नेमा रु.४०००००सभामा घोषणा भएको लागत सहभागिता दर भन्दा फरक गरी कार्य गराइ भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२५,०३०

७६ **फरक कार्यको भुक्तानी** - (831-२०८१-२-२):

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१४,७४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७७ **बढी भुक्तानी** - (८-२०८०-५-१७):

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७८ **खर्चको पुष्ट्याईं** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले निम्नानुसारको खर्च लेख्दा खर्चको पुष्ट्याईं संलग्न नगरी खर्च लेखेको देखिदा प्रमाण कागजात पेश हुनुपर्ने रु .

गौ. भौ. न	कैफियत	रकम रु
१२	पशुसेवाका लागि औषधी खरिदवापत गडसन भेट्स फर्मालाई रु.९९७५७ भुक्तानी भएको छ । मिति २०८०।३।१५ मा खरिद आदेश भएको दाखिला ३।२० मा भएकोमा सो औषधीको प्रयोगको अवस्था खुलेको देखिएन । आवश्यकता यकिन नगरी बर्षान्तमा बजेट फ्रिज हुन नदिने उदेश्यले खरिद गरिने परिमाटीमा नियन्त्रण गरी औषधी उपयोगको प्रमाण पेश गर्नुपर्ने रु.	९९७५७
५४५	यसमा रोशन दाहाल मिति २०८०।११।०६ देखी २०८०।११।१२ सम्म मन्त्रालय काज भनी काठमाडौ गएको भनी रु. ७५०० भुक्तानी भएको छ । प्रयोजन खुलेको नदेखिदा प्रमाण कागज पेश गर्नुपर्ने रु.	७५००
८०३	शैक्षिक सामाग्री निर्माण तथा बाल मैत्री शिक्षण विधी सम्बन्धी ५ दिने तालिम बापत १९९५०० को भुक्तानीमा प्रशिक्षक वापत दुर्गा शिवाकोटी र रेनु सिलवाललाई ३४००० भुक्तानी भएकोमा विज्ञताको प्रमाणपत्र पेश नभएको	३४०००

प्रमाण पेश नगरेको	१,४१,२५७

७९ **बंगुर पकेट कार्यक्रम** - (१५-२०८०-५-२४):

कमल गाँउपालिका वडा नं. ४ मा बंगुरपकेट क्षेत्र कार्यक्रम फलोअप अन्तर्गत ५० जनालाई गोठ सुधार कार्यक्रम वापत ५० प्रतिशत लागत साझेदारीमा ४००००० भुक्तानी भएको छ । जसमा देखिएका व्यहोरा देहाय बमोजिम रहेको छ ।

• ५ वटा समुहका ७० जना लाभग्राहीबाट ५० जना छनौट आधार पेश भएको देखिएन । लाभग्राहीको व्यवसायको अवस्था प्रकृतीको आधारमा छनौट गर्नुपर्दछ ।

• संलग्न बिल र भरपाई हेर्दा ढलाई र बारबेरको कार्य भनेकोमा प्राविधिकको लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन समेत पेश नहुदा काम कति को थियो र कतिको भयो प्राविधिक पुष्टाई देखिएन ।

• लागत साझेदारीमा कृषक समुहको समेत ५० प्रतिशतले हुने ४००००० पालिकाले जम्मा गर्न लगाएको देखिएन । लागत अनुमान तयार नभएको र लागत साझेदारीको रकम समेत पालिकाले जम्मा गर्न लगाएको नदेखिदा लागत साझेदारी वास्तविक थियो भनी भन्ने अवस्था देखिदैन । अत: लागत अनुमान तयार गरी प्राविधिक नापजाँच सहित लागत साझेदारीको रकम दाखिला नगरी कार्यक्रम संचालन गर्ने कर्मचारीलाई जिम्बेबार बनाउदै विश्वसनियरुपमा कार्यक्रम संचालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

८० **कानूनी परामर्शदाता** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ । पालिकाले अध्यक्षको निजी सचिवमा रोशन दाहाललाई मासिक रु.२५००० र आवश्यक कानूनी परामर्शका लागि भनी लय प्रसाद चम्लागाईलाई कानुनी परामर्शदाताको रुपमा मासिक रु.२५००० पाउने गरी नियुक्ती गरेको देखिन्छ । आवश्यकता बमोजिम पालिकालाई कानूनी परामर्श दिने र नियमित कार्यालयमा हाजिर भएको तथा करार सम्झौतामा भएको दशै भत्ता रु.२५००० र पोशाक भत्ता रु.१००० समेत रु.३५००० भुक्तानी भएको देखियो । अत: कानूनी परामर्शदाताले आफ्नो परामर्श सेवावापत बिजक जारी गरेरमात्र परामर्श दातालाइ भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

८१ **बढी भुक्तानी** - (34-२०८०-६-७):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **६,८५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

८२ **दुर्घटना बिमा** - (49-२०८०-६-१०):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।बारुणयन्त्र कामको शिलशालामा गएको बखत झापाको बुद्धशान्तीमा मोटरसाईकलसँग दुर्घटना हुदा मोटरसाईकल चालकलाई रु.२०००० भुक्तानी प्रशासन सहायक पर्वत भण्डारी मार्फत भएको देखिन्छ । पालिकाले वारणयन्त्रको तेस्रोपक्ष बिमा समेत रहेको अवस्थामा समेत मागदाबी गरेको देखिएन । यसरी बिमा गर्ने तर मागदाबी नगर्दा बिमाको प्रयोजन खुल्न गएन। अत मागदाबी गर्ने समयसमेत व्यतित भईसकेको र मागदाबी बेगर भुक्तानी भएको रकमलाई नियमित मान्न नसकिएको रु.

अनियमित भएको	२०,०००

८३ **सवारी मर्मत** - (५६९-२०८१-९-२७):

पालिकाले मिति २०८०।१०।१९ मा दुर्घटना भएको कार्यालयको मे.१.झ १४७ को गाडीको मर्मत बापत पाथिभरा अटो सेन्टरलाई रु.१४७१७५ भुक्तानी भएको छ । गाडी दुर्घटना भएकोमा तेस्रो पक्ष बिमा दावी लिएर सोधभर्ना गर्नेगरी मर्मतका लागि टिप्पणी सदर भएकोमा बिमा लिएको नदेखिदा बिमा सोधभर्ना लिएको प्रमाण कागज पेश गर्नुपर्ने र.

प्रमाण पेश नगरेको	१,४७,१७५

८४ **पदाधिकारीको दशै भत्ता** - (१०९-२०८०-६-२०):

गाँउ तथा नगर सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५ को दफा ३(४) मा आन्तरिक आम्दानी र राजश्वलाई बिचार गरी एकपटक रु.१०००० कार्यपालिकाबाट निर्णय गरी भुक्तानी लिन सकिने उल्लेख भएको छ । कार्यपालिकाको मिति २०८०।६।२९ गतेको बैठकबाट निर्णय गरी ३९ जना पदाधिकारीले रु.१०००० का दरले चाडपर्व खर्च भुक्तानी लिएको देखिन्छ । गाँउ तथा नगर सदस्यहरुको सुविधा सम्वन्धी ऐनमा उल्लेख भएको राजश्व क्षमता तथा आन्तरिक आम्दानीलाई बिचार गरेको देखिएन । पालिकाले आय ठेक्का व्यवस्थापन नगरेको, करछुट देखिएको अवस्थामा समेत चाडवाड खर्च भुक्तानी गरेको देखिदा राजश्व बढाएरमात्र यस्था भत्ता रकमको भुक्तानी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८५ **कर्मचारीमार्फत भुक्तानी** -

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। कार्यालयले विभिन्न स-सना कार्यको लागि प्रशासन सहायक मार्फत खर्च लेख्ने गरेको देखियो ।सामान्य दैनिक कार्यालय संचालनका सम्बन्धमा भएका खर्चरकम मात्र भुक्तानी गर्नुपर्नेमा अन्य विविध खर्चको बिल समेत राखी रकम भुक्तानी गरेको देखिदा व्यक्तिलाई भन्दा सम्बन्धित फर्मलाई भुक्तानी गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।केही उदाहरण :

भौ.न.	विवरण	रकम
३७९-२०८०।९।२९	कुमार मोटरसाईकल वर्कसपलाई मोटरसाईकल मर्मत बापत भुक्तानी	३३६००
५९९-२०८०।१२।५	कुमार मोटरसाईकल वर्कसप	१०१००
	पानासोनिक इलोक्ट्रोनिक्स वल्ड	१२०००
	रिजाल आयल स्टोर्स	१२०००

८६ **इट्टाभट्टा शुल्क** -

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **३६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८७ **बिक्री तथा निकासी शुल्क -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको पहिचान गरी सो अनुसारको राजस्व संकलन गर्नु पर्ने व्यवस्था छ । आ.ब.२०८०/८१ मा कमल गाउँपालिका तथा दमक नगरपालिकाको सिमानामा पर्न रतुवा खोलाको नदिजन्य पदार्थ उत्खननका लागि दमक नगरपालिकाले दुई पालिकाको सिमामा रहेको रतुवा खोलावाट ४०२००.०० घनमिटर नदिजन्य पदार्थ उत्खननका लागि चौथो पटक मिति २०८०।९।२७ सम्म ठेक्का आव्हान भएकोमा कुनै पनि ठेक्का पेश भएन । प्रारम्भिक वातावरणीय मुल्याङ्कन (IEE) प्रतिवेदनले रतुवा खोलाबाट रु.५९,२२,८५५.०० को नदिजन्य पदार्थ बिक्री गर्न सकिने भनेकोमा ठेक्का नलाग्दा दुई पालिकालाई प्राप्त हुने रु.५९,२२,८५५.०० राजश्व कम संकलन भएको देखिदा समयमा नै ठेक्का लगाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

८८ **राजस्व असुली दाखिला -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाको सुत्र प्रणालीमा राजश्व दाखिला रु.२,२१,७४,८७३.३२ देखिएको छ भने पालिकाले प्रयोग गर्दै आएको राजश्व प्रणाली सञ्चालन गर्ने सुशासन प्रणालीमा रु.२,०५,९२,८७६.३२ देखिन्छ । पालिकाले दुई वटा राजश्व सम्बन्धी सफ्टवेयर प्रणाली प्रयोग गर्दा रु.१५,८१,९९७.६४ रकम फरक परेको देखिन्छ । अतः गाउँपालिकाले महालेखा नियन्त्रक कार्यालयले व्यवस्था गरेको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली Sub-National Treasury Regulatory Application (SuTRA) पूर्णरुपमा लागु गरी पालिकाको आय लाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

८९ **छुट तथा मिन्हा –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नदीजन्य पदार्थ उत्खनन लगायतका आय ठेक्काको सम्झौता रकममा पालिकाले छुट तथा मिन्हा गर्ने प्रावधान उल्लेख भएको छैन । गाउँपालिकाको मिति २०८० अषाढ ९ मा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाको राजश्व शाखाबाट पेश भएको स्थानीय पूर्वाधार शुल्क संकलनको लागि ठेक्का आव्हानका लागि टिप्पणी सहित निर्णयार्थ पेश भएकोमा आ.ब. २०८०/०८१ का लागि स्थानीय पूर्वाधार शुल्क संकलनको ठेक्का आव्हान नगर्ने निर्णय गरी छुट तथा मिन्हा गरेको पाइयो । गत आर्थिक वर्ष २०७९।०८० मा यस आयको ठेक्कामा रु.४,५३,७९०.०० आय प्राप्त भएकोमा यस वर्ष २०८०।०८१ को बजेट तथा निति कार्यक्रममा समेत रु.८ लाख ५० हजार समेत आय अनुमान भएकोमा कार्यपालिकाले निर्णय गरी आय छुट गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	८,५०,०००

९० **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१७,९९,९३८.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

९१ **विज्ञापन कर -**

पालिकाले अन्तर सरकरी वित्त व्यवस्थापन ऐन,२०७४ को संसोधित समेतको दफा ५ को घ मा विज्ञापन कर गाँउपालिकाले लगाउने र उठाउने अधिकार दिएको छ । सो बमोजिम आ.ब. २०७८/७९ मा ३ वर्षको लागि विज्ञापन कर संकलनको लागि सूचना प्रकाशन भएकोमा रुटस एडभरटाईजिङ्ग काठमाण्डौंले बार्षिक रु.४ लाख ५५ हजार (भ्याट बाहेक) सम्झौता गरी प्रत्येक वर्ष ठेक्का अंकको १०

प्रतिशत थप गरी बुझाउने र बुझाउदा एक मुष्ठरुपमा बुझाउदा १० प्रतिशत छुट दिने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०७८।०७९ मा रु.४,६२,७३५.०० (१० प्रतिशत छुट सहित), आर्थिक वर्ष २०७९।०८० मा रु.५,०९,००९.०० (१० प्रतिशत छुट सहित) र यस बर्ष रु.६,२२,१२१.५० (मु.अ.कर सहित) विभाज्य खातामा रु.५५०५५०.०० र सो भ्याट रु.७१५७१.५० संचित कोषमा दाखिला गर्नुपर्नेमा लेखापरीक्षणको अवधि सम्ममा दाखिला भएको देखिएन । विज्ञापन करको दायरलाई विस्तार गरी थप राजश्व प्राप्तीमा ध्यान दिनुपर्दछ साथै म्याद भित्र कर नबुझाएमा लिइने थप शुल्कको (एक आ.व भ्याद नाघेमा) दर १० प्रतिशत जरिवाना सहित रुटस एडभरटाईजिङ्ग काठमाण्डौंसँग थप जरिवाना गणना गरि असुल दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६,८४,३३३.६५

९२ **हाटबजार सेवा शुल्कः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको पहिचान गरी सो अनुसारको राजस्व संकलन गर्नु पर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(०२) ग मा व्यवस्था भए बमोजिम कमल गाउँपालिका राजश्व परामर्श समितिको मिति २०७९ पुष १३ गतेको निर्णयबाट यस गाउँपालिका भित्र रहेका केर्खा हाटबजार, क्याम्पा हाटबजार, सरडपाडा हाटबजार, मंगलबारे हाटबजार, पुर हाटबजार, गठरिया हाटबजार, बाहघरे हाटबजारहरुमा आ.व. २०८०/८१ मा संकलन गरिने हाटबजार सेवा शुल्क संकलन गर्ने निर्णय भई प्रचलित कानुनी व्यवस्था बमोजिम स्थानीय हाटबजार सेवा शुल्क संकलन गर्न शाखाबाट टिप्पणी पेश भएकोमा कार्यपालिकाको २०८० अषाढ ९ गतेको निर्णय अनुसार रु.८ लाख ७५ हजार कायम गरी ठेक्का आव्हान गर्ने निर्णय अनुसार २०८०।३।१९ गते सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकासित भएकोमा कुनै पनि ठेक्का नपरेको पालिकाको भनाई रहेको छ । प्रथम पटक प्रकासित भएको सुचनामा ठेक्का नपरेकोमा पुनः ठेक्का आव्हान भएको देखिएन । ऐन बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको पहिचान गरी सो अनुसारको राजस्व संकलन गर्नु पर्ने तर्फ गाउँपालिकाले ध्यान दिनु पर्दछ ।

९३ **आन्तरिक आय** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । यो आर्थिक वर्षमा पालिकाले सम्पति कर, भुमि/मालपोतकर, सिफारिस दस्तुर, व्यवसाय कर, वहाल कर, फोहोरमैला व्यवस्थापन शुल्क, हाटबजार कर, दहत्तर बहत्तर लगाएतका शिर्षकबाट रु.२,२१,७४,८७३.९६ आम्दानी गरेको देखिन्छ । राजस्व आम्दानी, अभिलेख र प्रतिवेदनसँग सम्बन्धित थप व्यहोरा देहायबमोजिम रहेका छन् :

९३.१ वडागत राजश्व संकलन -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको वडा कार्यालयगत राजश्व संकलन विवरण देहाय बमोजिम छ :



९३.२ **तुलनात्मक परिक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकमा राजश्वको वार्षिक अनुमान गरी राजश्व शुल्क उठाउने गरेको छ । कुनै शिर्षकमा अनुमानित रकम भन्दा धरै र कुनै शिर्षकमा शुन्य राजश्व संकलन भएको अवस्था छ। राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ ।

राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	आम्दानी	आम्दानी प्रतिशत
११३१३	सम्पती कर	६५०००००.	५३२३१४१.४	२४.०१
११३१७	वहाल कर	८०००००.	२१६८५११.९६	९.७८
११३१८	वहाल विटौरी कर	५०००००.	३०१०००.	१.३६
११४५१	सवारी साधन कर (साना सवारी)	०	१२,८००.००	०.०६
११४७९	अन्य मनोरञ्जन कर	०	२,५००.००	०.०१
११६९१	अन्य कर	०	९९०.	०.
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	०	९,८००.००	०.०४
१४२२१	न्यायिक दस्तूर	५०,०००.००	५,४३०.००	०.०२
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	४०००००.	१२२८२९९.६९	५.५४
१४२४२	नक्सापास दस्तुर	१८०००००.	१९११७५५.६	८.६२
१४२४३	सिफारिश दस्तुर	४१८००००.	४१२९५१८.२७	१८.६२
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	३०००००.	५७८४७५.	२.६१
१४२४५	नाता प्रमाणित दस्तुर	३२००००.	६२५.	०.
१४२४९	अन्य दस्तुर	२००००००.	६५,५३०.२२	०.३
१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	४५,७००.००	०.२१
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	०	४५०.	०.
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	१०००००.	८१,७५४.८५	०.३७
१४५२९	अन्य राजस्व	०	४०८२४५४.५	१८.४१
१४६११	व्यवसाय कर	२००००००.	२१७३१३७.४७	९.८
१५१११	बेरूजू	०	५३,०००.००	०.२४
जम्मा			२२१७४८७४	१००.

९३.३ राजश्व आयको प्रवृत्ति :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको विगत तीन आ.व.को आन्तरिक राजश्व संकलनको तुलनात्मक विवरण देहायको चार्टमा प्रस्तुत गरिएको छ । आन्तरिक श्रोतका थप क्षेत्र पहिचान गरी आम्दानी स्तर वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।



आ. व .	राजश्व आम्दानि	गत आ. व . भन्दा फरक	गत भन्दा घटेको / बढेको	कैफियत
२०७७।७८	१७७०१.७२	0		
२०७८।७९	२६९२७.१८	९२२५.५	बढेको	
२०७९।८०	२४९७७.१८	१९५०.	घटेको	
२०८०।८१	२२१७४.८७	१७७०१.७२	घटेको	

(विस्तृत विवरण बेरूजु दफा ९३.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

९४ **सहकारी नियमन -**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र जम्मा ३२ वटा सहकारी संस्था मध्ये ४ वटा निष्कृय अवस्थामा रहेका ४ वटा मर्ज भएको र बाँकी २४ वटा सकृय अवस्थामा छन । सक्रिय २४ वटा सहकारी संस्था मध्ये अधिकांश सहकारीले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण प्रविष्ट गरेको देखिएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्नु पर्दछ ।साथै कार्यपालिकाको मिति २०८०।४।२७ को निर्णयानुसार अनुगमन प्रतिवेदन पेश भएकोमा ५ सहकारी समस्याग्रस्त, आठमा सुधार भएको, बाह्रमा सुधार भएको, दुईलाई मर्जको स्वीकृती र सम्पर्कमा नआएका २ रहेको विवरण पेश भएको छ । सहकारीहरुको निरन्तर अनुगमन गरी सहकारीहरुलाई थप व्यवस्थित गर्नुपर्दछ ।

९५ **स्यानिटरी प्याड-** (३०१-२०८१-३-२४):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १५३० जना रहेका छन। पालिकाले जस्मिन हाइजिन प्रोडक्ट्स प्रा.लि.बाट १६६६६ थान स्यानिटरी प्याड रु.९९९८२१.६७ (मु अ कर समेत) मा खरिद

गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा २०८१।३।२४ मा खरिद तथा दाखिला गरी १२ विद्यालयलाई दामाशाहीको आधारमा ९०७२ (१२६ काटुन प्रति काटुन ७२ पिसका दरले) थान हस्तान्तरण गरी ७५९४ थान बाँकी रहेको फाँटवारीमा संलग्न गरेको छ । विद्यालयका विद्यार्थीहरुको माग र आवश्यकता अनुसार हस्तान्तरण गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरि बाँकी स्टोरमा राखेको देखिन्छ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र कार्यविधि अनुसार प्याड खरिद तथा वितरण गर्नुपर्ने तथा यस आर्थिक वर्षमा खरिद गरी बाँकी रहेको हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने व्यहोरा औंल्याइएकोमा छलफलको क्रममा वितरण भरपाइ पेश भएको छ ।

९६ **शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या अनुसूचीमा समावेश गरिएको छ । शिक्षक दरवन्दीलाई विद्यार्थी संख्याको अनुपातमा व्यवस्थापन गरी शिक्षक पदपूर्तीको व्यवस्था गर्नुपर्दछ । शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था अनुसूचीमा समावेश गरिएको छ।

कमल गाउँपालिका मातहतका सामुदायिक विद्यालयमा कार्यरत

बाल शिक्षक,सहयोगी कर्मचारी,सहायक कर्मचारी तथा शिक्षकहरुको दरबन्दी विवरण

क्र स	विद्यालयको नाम	विद्यार्थी संख्या	बाल शिक्षक	सहयोगी कर्मचारी	सहायक कर्मचारी	प्रा वि			नि मा वि			मा वि			संघीय अनुदान
						स्थायी	अस्थायी	राहत	स्थायी	अस्थायी	राहत	स्थायी	अस्थायी	राहत	
१	श्री बाँसबारी मा वि	२७२	१	१	१	८	१	०	३	०	०	०	०	०	२
२	श्री नरेन्द्र जनता मा वि	५००	१	१	१	६	०	०	३	१	०	४	०	१	०
३	श्री कालिका आ वि	१३३	१	१	०	५	०	०	०	०	०	०	०	०	०
४	श्री नवदुर्गे आ वि	७३	१	१	०	४	०	०	०	०	०	०	०	०	०
५	श्री महेन्द्र रत्न मा वि	४८०	१	१	१	६	१	०	५	०	०	५	०	०	०
६	श्री कमला मदन आश्रित मा वि	५७१	२	१	१	७	१	०	५	०	०	२	०	२	०
७	श्री ज्योति मा वि	२८५	२	१	१	९	०	०	०	०	३	१	०	०	१
८	श्री कञ्चनजंघा आ वि	७८	२	१	०	७	१	०	०	०	०	०	०	०	१
९	श्री शहिद धर्मभक्त मा वि	६००	२	१	१	१०	०	०	४	०	०	४	०	१	०
१०	श्री सरस्वती मा वि कमल ४	२१६	१	१	१	७	०	१	२	०	२	०	०	०	२
११	श्री ज्योति आ वि	८१	१	१	०	६	०	०	१	०	०	०	०	०	१
१२	श्री सिद्धदेवी आ वि	१६८	१	१	०	३	०	१	०	०	०	०	०	०	०
१३	श्री शहिद रत्न आ वि	९७	१	१	०	६	०	०	०	०	०	०	०	०	०

१४	श्री मंगलमय मा वि	१३११	५	१	१	१३	२	५	२	०	३	२	०	३	०
१५	श्री गुह्येश्वरी आ वि	१९६	२	१	०	७	०	०	०	०	३	०	०	०	०
१६	श्री बाणी मा वि	४०७	१	१	१	९	०	०	५	०	०	४	०	१	०
१७	श्री पञ्चकन्या आ वि	८२	१	१	०	३	१	०	०	०	०	०	०	०	०
१८	श्री सरस्वती मा वि कमल ७	८४९	२	१	१	१०	०	०	५	०	०	४	०	१	०
१९	श्री सिंहदेवी आ वि	२८५	१	१	०	३	१	०	०	०	०	०	०	०	०
२०	श्री पिङ्डाडा आ वि	३३	१	१	०	४	०	०	०	०	०	०	०	०	०
२१	श्री अरनिको आ वि	१०६	१	१	०	३	१	०	०	०	०	०	०	०	०
	जम्मा	६८२३	३१	२१	१०	१३६	९	७	३५	१	११	२६	०	९	७

९७ **स्यानिटरी प्याड डिसपोजिल मेशिन खरिद-** (२९६-२०८१-३-२४):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ९ (१) मा सेनिटरी प्याडको विसर्जन सम्बन्धीमा प्रयोग भएका महिनावारी व्यवस्थापन सामाग्रीहरुलाई वातावरणमा प्रतिकूल असर नपर्ने गरी दीगो विसर्जन गर्न विद्यालयको हाताभित्र खाल्डो खनी पुर्नु पर्नेछ । साथै विद्यालयको हातामा पुर्ने ठाउँको अभाव भएमा अन्य फोहोर मैला सरह यस्ता वस्तुहरुको विसर्जन गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्यानिटरी प्याड डिसपोजिल मेशिन रिप्पल ग्रुप अफ इण्डष्ट्री एण्ड ट्रेड प्रा.लि. बाट कोटेशन मार्फत २०८१।३।२४ मा मेशिन प्रति थान रु.३८,०००।०० का दरले ७ थान रु.२६६,०००।०० मा खरिद गरेको छ । पालिका भित्रका विद्यालयलाई हस्तान्तरण गरेको देखिएन । खरिद भएको सामाग्री हस्तान्तरण नगरिएकोमा बाँकी ७ थान वितरण गर्न बाँकी विद्यालय लाई हस्तान्तरण गरी उक्त मेशिन जडान तथा प्रयोग गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,६६,०००

९८ **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय अनुदान :** (३००-२०८१-३-२४):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को ९.८.मा यस निर्देशिकाको अनुसूची १० को खण्ड "क" "ख" "ग" र "घ" मा उल्लेख भएका विद्यालयलाई स्वीकृत गुरूयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वयन योजनाअनुसार उल्लिखित सम्पन्न गर्नुपर्ने भौतिक निर्माणका लागि खण्ड "क" मा उल्लिखित विद्यालयले भौतिक पूर्वाधार निर्माण कार्यका लागि बजेट विनियोजन नरहेकाले निर्माणाधीन अवस्थामा भए सो सम्पन्न गर्ने र तत्कालीन रूपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरू, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने । यस आवमा सम्पादन गर्ने कार्यक्रम

निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी को शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्कमा विद्यालयमा ५०० भन्दा कम विद्यार्थी भए प्रति विद्यालय ३० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने र उक्त रकम विद्यालयको गुरुयोजनाअनुसार खर्च गर्ने। विद्यालयले सम्झौता अनुरूप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने। स्थानीय तहबाट नमुनाका लागि छनोट भएका विद्यालयहरूमा जीव विज्ञान, रसायन विज्ञान तथा भौतिक विज्ञानको अध्ययन अवसर सुनिश्चित गर्ने व्यवस्था मिलाउनु पर्ने छ । पालिकाले कमला मदन आश्रित स्मृति मा.वि. ले नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यन्वयनका लागि रु.३० लाख निकासा दिएको छ । संलग्न फाँटवारीमा २०८१ बैशाख ४ गते विद्यालय व्यवस्थापन समितिको बैठकले प्रस्तावना तयार गरी पालिकासँग बजेट माग गर्ने निर्णय भएको छ । सोही निर्णय अनुसार प्राविधिमैत्री शिक्षण सिकाईका लागि ३ थान Interactive Panel Board, ६ थान ल्यापटप सामाग्री खरिद वापत रु.९ लाख ६० हजार र विज्ञान प्रयोगाशालामा प्रयोगात्मक कक्षा सञ्चालनका लागि सामाग्री खरिद वापत रु.१ लाख तथा फाईवर डेस्क बेन्च ५४ थान खरिद वापत रु.४ लाख ८५ हजार र कोचिङ्ग अतिरिक्त कक्षा सञ्चालन वापत रु.१ लाख २५ हजार गरी भुक्तानी दिई जम्मा रु.१६ लाख ७० हजार खर्च भएको प्रमाण पेश भएको छ । विद्यालयलाई रु.३० लाख निकासा भएकोमा बाँकी रु.१३ लाख ३० हजारको बिल भरपाई देखिएन । अतः कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार विद्यालयको गुरुयोजनाअनुसार खर्च गर्ने, सञ्चालित कार्यको नियमित अनुगमन गरी कार्य प्रगति लिने, विभिन्न विषयकको अध्ययन गर्ने व्यवस्था गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,३०,०००

९९ **निशुल्क पाठ्यपुस्तक रकम निकासाः**

कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० कालागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमाविद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँविद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरीनपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो पटक निकासा रु.२९,५१,५३३.०० विभिन्न २१ विद्यालयको नाममा पठाएको छ । दोस्रो पटक निकासा रु.६८८,६९९.०० गर्दा शैक्षिक सत्रमा भएको नयाँविद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेरमात्र निकासा दिनु पर्नेमा यकिननै नगरी विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको छ । पाठ्यपुस्तक खरिद गरी IEMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ । लेखापरीक्षणका लागि छनौट गरिएका केही विद्यालयहरु मध्ये देहायका विद्यालयहरुमा IEMIS भन्दा बढी विद्यार्थीलाई निकासा दिएकोले एकिन गरि असुल गर्नुपर्ने रु.

क्रसं	**विद्यलयको नाम**	**कक्षा**	**विद्यार्थीसंख्य**		**फरक**	**दर**	**रकम**	**कैफियत**
			भएको	**भुक्तानी**				
१	कमल मदनआश्रित स्मृति मावि	१२	७५	९०	१५	५२०	७८००	
		७	३८	४१	३	७४८	२२४४	
	जम्मा						**१००४४**	
२	वाणी मावि	११	२३	२८	५	२७०	**१३५०**	
	कुल जम्मा						११३९४	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१,४९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	११,३९४

१०० **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट २२ विद्यालयका २२ जना शिक्षकलाई रु.५८ लाख २८ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो ।

१०१ **पुरस्कार रकम** - (908-२०८१-२-२२):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। युवा तथा खेलकुद कार्यक्रम संचालनका लागि सुर्य प्रसाद न्यौपानेले लिनुभएकव पेश्कि फर्छौट गर्दा पुरस्कार वापतको रकम बुझिलिएको भनि सादा भरपाईमात्र गरी रकम बुझाएको देखियो । सो जसमा निम्न व्यक्तिले रकम बुझेको देखिने प्रमाण कागज पेश गर्नुर्पर्ने रु.

क्र.स.	नाम थर	पुरस्कार रकम
१	आकाश ठटाल	१०१०००
२	मदन श्रेष्ठ	५१०००
३	योगेन्द्र सुवेदी	६००००

प्रमाण पेश नगरेको	२,१२,०००

१०२ **छात्रवृती कार्यक्रम** - (949-२०८१-२-२९):

पालिकाले दलित विद्यार्थीको उच्च शिक्षामा सहयोग पुगोस भनी स्नातकतह छात्रवृती कार्यक्रम संचालन गरी रु.३००००० भुक्तानी भएको छ । विभिन्न कलेजमा अध्ययनरत १७ जना छात्र/छात्रालाई अधिकतम ५०००० सम्म छात्रवृती दिएको देखियो । निजी कलेजमा अध्ययनरत विद्यार्थीलाई समेत छात्रवृती दिएको र विपन्न विद्यार्थीको भएको यथेष्ट आधार कारण संलग्न नगरी भएको छात्रवृती वितरण कार्य प्रभावकारी भयो भनी भन्न सकिने अवस्था नदेखिदा मापदण्ड तयार गरी खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१०३ **अवकास कोष –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने तथा सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पालिकाका करार कर्मचारी सेवा बाट निस्किदा र देहायका विद्यालयहरुका करार कर्मचारी अबकाश हुदा समेत यस कोषबाट रकम भुक्तानी दिएको छ । कानुन विपरित विद्यालयका करार कर्मचारी समेतलाई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

क्रस	**विद्यालयको नाम**	**कर्मचारीको नाम**	**भुक्तानी रकम**
१	महेन्द्र रत्न मा वि	टेक बहादुर निरौला	१५००००
२	कमला मदन आश्रित स्मृति मावि	गोविन्द बहादुर कार्की	१५००००
३	ज्योति मावि कमल २	यान बहादुर पौडेल	१५००००
४	कमल गाउँपालिका	सुमन दाहाल	११४४४०
जम्मा			**५६४४४०**

अनियमित भएको	५,६४,४४०

१०४ **दोहोरो रकम भुक्तानी -** (882-२०८१-२-२६):

प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७९ को नियम ४१(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। आमा बुबा गुमाएका एवं बुबाको मृत्यु भई आमाको सहारामा रहेका सामुदायिक विद्यालयमा अध्ययरत विद्यार्थीलाई छात्रवृती वापत आधारभूत तह(१-५) मा ५००, ६ कक्षा देखी ८ कक्षा सम्म ८०० र कक्षा ९ देखी १० सम्म १२०० का दरले कुल २३१ जनालाई रु.२१७६०० भुक्तानी भएको छ । कार्यक्रम कार्यान्वय पुस्तिका २०८० बमोजिम प्रत्येक सामुदायिक विद्यालयमा पाठ्यपुस्तक,दिवा खाजा तथा अन्य तोकिएको छात्रवृती समेत भुक्तानी भएकोमा पुन पालिकाले तिनै विद्यार्थीलाई थप रकम भुक्तानी दिएको देखिदा मापदण्ड बिना दोहोरो भुक्तानी भएको रकमलाई नियमसम्मत मान्न नसकिएको रु.

अनियमित भएको	२,१७,०००

१०५ **किशोरी आत्मरक्षा तालिम -**

पालिकाले किशोरी आत्मरक्षा तालिम विद्यालयका बालक्लव र अन्य किशोरीहरुलाई संचालन गरी रु.४६३७१० भुक्तानी भएको छ । जसमा देखिएका व्यहोरा देहाय बमोजिम रहेको देखिन्छ ।

• आत्मरक्षाका लागि शसस्त्र प्रहरी बलका ४ जना प्रशिक्षकले ५ दिन प्रशिक्षण दिनुभएको देखिन्छ । कार्यक्रम बिहान संचालन भएको भनिएपनि कतिबजेबाट संचालन भयो कार्यतालिका पेश भएन ।५ दिनमा ७ वडामा कुल ७० वटा कक्षा संचालन भएको देखिन्छ । विहान २ कक्षा संचालन भएको देखिदा पालिकाको खर्च मापदण्ड बमोजिम न्यूनतम कक्षा १:३० घण्टा कक्षा संचालन भए नभएको यकिन हुन सकिएन ।

• कुल खर्च रकममध्ये खानामा मात्र रु.२०२४०० खर्च भएको छ ।५ दिनको अवधिमा कुल १२११ जनालाई खाना खुवाएको देखिन्छ । कार्यक्रम स्थल विद्यालयको दुरी लगायतलाई बिचार गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

१०६ **ढुंगा गिटीको अमानत रकम -**

पालिकाले प्रारम्भिक वातावरणिय प्रतिवेदनको आधारमा तोकिएको नाकाबाट मात्र नदिजन्य पदार्थको तोकिएको परिमाण बराबरको उत्खनन तथा बिक्रीवितरण गर्न पाउने व्यवस्था रहेको देखिन्छ । पालिकाको वडा नं. ५ ले रतुवाखोलामा नदिजन्य पदार्थको व्यवस्थापनको लागि भनी निम्न व्यक्ति राखी रकम संकलन गरेको देखियो । संकलनकर्ता खटाएको पत्र तथा निजले बुझेको नगदी रसिको ठेली लेखापरीक्षणको क्रममा पेश हुन सकेन । संकलन भएको राजश्व समेत दमक नगरपालिकाको विभाज्य कोष खातामा दाखिला भएको छ । यसरी वडा कार्यालयले नदिजन्य पदार्थको अमानतबाट राजश्व संकलन गर्न कुन कुन नाकामा संकलनकर्ता खटाएको हो ? नगदी रसिदको अवस्था, संकलन भएको राजश्व वाडफाँड र पालिकामा प्राप्त भएको विवरण सहितको आवश्यक प्रमाण कागज पेश हुनुपर्ने रु.

भौ.न./मिति	खोला	संकलनकर्ता	रकम	दाखिला
३७-२०८०।६।८	रतुवाखोला	बुद्वीराज धिमाल	६५६५०	दमक नगरपालिकाको विभाज्य कोषमा रु. ९३९७९.८ दाखिला
१०९७-२०८१।३।१४	रतुवाखोला	कर्ण बहादुर रुचाल	७०२००	दमक नगरपालिकाको विभाज्य कोषमा रु. ७४३०९ दाखिला
कुल			१३५८५०	

प्रमाण पेश नगरेको	१,३५,८५०

१०७ **क्याम्पा छाताचोक-सुनारा सडक**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता गरी रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने

व्यवस्था रहेको छ । पालिकाले २०८०।२।१७ मा शान्ति प्रविण जेभीसँग क्याम्पा सुनहारा सडक कालोपत्रे कार्यका लागि ठे नं १२। ०७९।८० अन्तर्गत संघ सरकार र पालिकाको समान लागत सहभागितामा रु ८७१९४६६५।२७ मा खरिद सम्झौता भएको छ । लागत अनुमान रु ११६२९१२८९ रहेको यस निर्माण कार्य २०८१।१०।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएको यस कार्यका लागि छैठो रनिङ्ग बिलसम्म रु ६८९३७२०५।७५ भुक्तान भैसकेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

- निर्माण व्यवसायी छनौट हुँदा पहिलो न्यून कबोल गर्नेले सम्झौता गर्न नआएको कारण निजको रु ३० लाख बोलपत्र जमानत जफत पश्चात दोश्रोसँग सम्झौता गर्नुपर्दा सार्वजनिक निकायलाई जफत बाहेक रु ६२७९६५४।८३ थप व्ययभार पर्न गएको तथापी सम्झौता गर्न नआएको शेर्पा हेना सुनामी जेभी कानूनी उपचारका लागि अदालत गएको मुद्दा विचाराधिन रहेको छ ।
- लेखापरीक्षण टोलीले मिति २०८१।८।२८ मा साईट भिजिट गर्दा साईट परिचालन नभएको र निर्माण कार्य सुचारु नरहेको अवस्था छ ।
- निर्माण व्यवसायीले खरिद सम्झौतासाथ पेश गरेको गुणस्तर आश्वस्तता योजना स्वीकृत भएको देखिएतापनि निर्माण सामाग्रीको पूर्व स्वीकृति लगायत ल्याव परिक्षणको कार्यतालिका तोकिएबमोजिम भए नभएको यकिन गरेको छैन ।

सोही योजना सञ्चालन भएको चेनेजभित्र ४० मि को राईट अफ वेलाई ५० कायम गर्नुपरेको र सो क्रममा विद्युत संरचना स्थानान्तरणको लागि विओक्यूमा कायम रहेको रकम अपर्याप्त भएको कारण जनाई रु ८११४१८।५२ लागत अनुमान कायम गरी जेभीमध्येकै प्रविन निर्माण सेवालाई रु ७६८०३६ भुक्तान गरेको छ । पिएस आईटममा रहेको क्रियाकलाप र निर्माण व्यवसायीसँग सम्झौता हुँदा कायम भएको परिमाण वा क्रियाकलाप फरक पर्ने गरी थप कार्य गरे गराएको नियमसम्मत देखिएन । साथै, खरिद सम्झौता गर्नुअघी लागत अनुमान अद्यावधिक गरेर मात्रै खरिद व्यवस्थापन गर्नुपर्नेमा सम्झौता कार्यान्वियन हुँदै गर्दा पिएस आईटममा थप परिमाण र रकम खर्च गर्ने कार्य उपयुक्त देखिएन । यस खरिद सम्झौता सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेका व्यहोरा सम्बन्धमा समेत अवस्था सुधार भएको नदेखिएकोले खरिद सम्झौता र ऐन नियमबमोजिम समयमै कार्य सुचारु गरी कार्य सम्पन्न गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्ने तथा संघीय श्रोत समावेश भएको यस कार्यसँग सम्बन्धित बोलपत्र जमानत जफत भएको रकमको ५० प्रतिशत संघीय सञ्चित कोषमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	१५,००,०००

१०८ **साधुहोली पर्यटनक्षेत्र विकास (ठेक्का नं. २६।KRM ISADHUHOLI।०७७।७८)**

गाउँपालिकाले साधुहोली पर्यटनक्षेत्रमा पार्क तथा पानी व्यवस्था गर्न २०८०।११।२७ सम्म सम्पन्न गर्ने गरी भगवती एमबीए हेना जेभीसँग २०७८।५।३१ मा रु.४,७०,१७,०२१.५३ को खरिद सम्झौता गरेको छ । निर्माण कार्यमा यो वर्षको रू.४१,९८,३०३.६२ र गत वर्षको रू.१,६४,७१,०८५.३९ समेत जम्मा रू.२,०६,६९,३८९.८१ भुक्तानी भएको छ । खरिद सम्झौता सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्

गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण कार्य गराई भुक्तानी गर्नुअघि स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशनको आधारमा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पार्क निर्माण गर्ने कार्यको QAP स्वीकृती गरी परीक्षण कार्य सूचारु गरेको पाइएन । प्राविधिक मुल्याङ्कन रु.४१,९८,३०३.६२ भुक्तानी गरेकोमा रु.२३,८६,३९२.०० Plain cement Concrete (PCC) for RCC Works को भुक्तानी गरेकोमा उक्त RRC Worksको गुणस्तर परीक्षण प्रमाण समावेश भएको पाइएन । पार्क निर्माण कार्य चालु रहेकोले QAP स्वीकृत गरी गुणस्तर परीक्षण गराएर भुक्तानी गर्नुपर्दछ ।

१०९ **महेन्द्ररत्न मा.वि.को भवन निर्माण**

ठेक्का नं. १।०८०/८१ महेन्द्ररत्न मा.वि.को भवन निर्माण कार्यका लागि गाउँपालिकाले रु.१,१९,५५,७९१.७५ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा ग्रिनफिल्ड कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. (६१०४५७४४३) संग मिति २०८१ जेष्ठ २५ मा काम सम्पन्न गर्नेगरी रु.७७,४१,९३१.५७ को ठेक्का सम्झौता भएकोमा हाल कार्यसम्पन्न वापत रु.७१,४३,६५४.०० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

स्थलगत अवलोकन-

महालेखापरीक्षक बाट स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०८१ बमोजिम लेखापरीक्षण गर्दा आवश्यकता अनुसार स्थलगत रुपमा योजना अवलोकन गरी देखिएका व्यहोरा औल्याउन सकिने व्यवस्था रहेको छ । निर्माण सम्पन्न भइ हस्तान्तरण भएको यस विद्यालयको मिति २०८१।८।२७ गते सम्बन्धित प्राविधिक सहित लेखापरीक्षण टोलीले स्थलगत अवलोकन गर्दा स्वीकृत डिजाईन स्टीमेट भन्दा फरक पारी भुई तलामा ग्रिड C,C मा एक झ्याल थप भएकोमा त्यहाँको ढोका हटाईएको तथा ग्रिड १,१ र २,२ को वाल को लम्बाई बढाई कार्य गराएकोमा पहिलो तल्लाको ग्रिड C,C मा २ वटा झ्याल थप गरी कार्य गरेको पाईयो । भवनको छतमा जाने ढोकाको पल्ला जोडिएको देखिएन । विद्यालयको कक्षाकोठा प्रयोजनका लागि भवन निर्माण भएता पनि विद्यालयले कार्यालय प्रयोजनको लागि प्रयोग गर्ने गरी डिजाईन स्टिमेट परिवर्तन गरी निर्माण कार्य गराएको छ । हाल भवनमा विद्यालय व्यवस्थापन समितिको सचिवालय लगायत विभिन्न प्रयोजनमा प्रयोग भएको पाइयो । अतः जुन उद्देश्यका लागि भवन निर्माण भएको हो सोही अनुसार उपयोग गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

११० **प्रिमिक्समा नर्म्सको पालना**

सडक विभागको Standard Specification for Road and Bridge Works को सिं.न. १३११ मा प्रिमिक्सको मोटाई २० मीमी हुने उल्लेख छ । गाउँपालिकाले निम्नानुसार लम्बाई र चौडाई रहेका कालोपत्रे सडक निर्माण कार्यमा प्रिमिक्स कार्पेटिङ गर्दा Standard Specification मा उल्लेख भएकोभन्दा फरक मोटाई राखी लागत अनुमान तयारी र सोही बमोजिमको परिमाणको आधारमा भुक्तानी दिएको छ । सडक निर्माणमा प्रयोगमा रहेको नर्म्स अनुसार निर्माण गर्दा Standard Specification अनुसार प्रयोग गर्नु पर्नेमा नर्म्समा उल्लेख भएभन्दा बढी मोटाईको लागत अनुमान र नापजाँच गरी देहायअनुसार प्रतिघनमिटर दरले हुने रु.४७,४८,६७८.०० र मुल्य अभिबृद्धि कर समेत रु.५३,६६,००६.०० भुक्तानी दिएबाट सार्वजनिक निकायलाई थप व्ययभार परेको छ। गाउँपालिकालाई थप व्ययभार पर्नेगरी कार्य गरे गराएको सम्बन्धमा सम्बन्धितबाट पुष्ट्याई सहित यसप्रकार कार्य गरे गराएको नियमसम्मत नदेखिएको रु.

ठेक्का नं	योजना	निर्माण व्यवसायी	भुक्तानीका लागि नापजाँच भएको उचाई	नर्म्स बमोजिम भुक्तानीका लागि प्रयोग गर्नुपर्ने उचाई	फरक	भुक्तानी दिएको		फरक परिमाण	दर	रकम
						लम्बाई	चौडाई			
०२/KRM/ROAD /२०८०/०८१	Construction Of Black Top Road Basbari to Sunara Connecting Road Ward २	Singh Nirman Sewa	०.०३	०.०२	०.०१	५९३	५.५	३२.६१	१४०००	४५६६१०
०३/KRM/ROAD /२०८०/०८१	Construction Of Asphalt Concrete Road in Gurung Tole(Chainage ०+४३० to ०+८८६)	Saila Construction Pvt. Ltd	०.०४	०.०२	०.०२	४५६	९.२	८३.९०	१७०००	१४२६३६८
०४/KRM/ROAD /२०८०/०८१	Construction Of Blacktopped Works From Jyoti Chowk ०+५४७ to ०+८२७ chainage and Ekata Chowk ०+५५९ to ०+८३९ chainage	Singh Nirman Sewa	०.०३	०.०२	०.०१	५६०	५.५	३०.८	१४०००	४३१२००
०५/KRM/ROAD /२०८०/०८१	Construction Of Blacktopped Works Along South of the Ward Office to Sankhaduba Connecting Road Ward ६	Singh Nirman Sewa	०.०३	०.०२	०.०१	३५०	५.५	१९.२५	१४०००	२६९५००
०७/KRM/ROAD /२०८०/०८१	Construction Of Blacktopped Road on Dahi Chowk-Jiwan Chowk-Chalphal Chowk Ward ६,४	Singh Nirman Sewa	०.०३	०.०२	०.०१	१००५	६	६०.३	१३०००	७८३९००
११/KRM/ROAD /२०८०/०८१	Construction of Blacktopped Road on Geuriya Chowk purwa Dakchin Connecting Gauradaha ward no ७	Parvati ambika construction PVT.LTD.	०.०३	०.०२	०.०१	४००	५.५	२२	१३७००	३०१४००

१२/KRM/ROAD /२०८०/०८१	Construction of Blacktopped Road from Prasai Chowk to Baigundhura Connecting Road Ward No १	Big B. Consult and Builders Duhabi-०५ Sunsari	०.०३	०.०२	०.०१	४६५	५.५	२५.५७	८०००	२०४६००
१३/KRM/ROAD /२०८०/०८१	Construction of Blacktopped Road with Ashphalt Concreting on Mainakhata to Managalbare Bazzar ward no ५,६	Parvati ambika construction PVT.LTD.	०.०४	०.०२	०.०२	३४०	६	४०.८	१७०००	६९३६००
२१/KRM/ROAD /२०८०/०८१	Road Upgrading from kerkha chowk utter chulachuli road (Blacktop)	Ugreshwor Mahadev Builders Pvt.Ltd.	०.०३	०.०२	०.०१	२४२	५	१२.१	१५०००	१८१५००
जम्मा										**४७४८६७८**
मुल्य अभिवृद्धि कर सहित जम्मा										**५३६६००६**

अनियमित भएको	५३,६६,००६

१११ **साम्राको मिल हुदै क्याम्पा सडक कालोपत्रे निर्माण**

ठेक्का नं. ६।०८०/८१ साम्राको मिल हुदै क्याम्पा सडक कालोपत्रे निर्माण कार्यका लागि गाउँपालिकाले रु.४६,१५,०६३.३७ को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा किराँतकोयू कन्स्ट्रक्सन प्रा.लि.संग मिति २०८० चैत्र ३० मा काम सम्पन्न गर्नेगरी रु.२५,७३,२६०.०० को ठेक्का सम्झौता भएकोमा कार्यसम्पन्न वापत रु.२४,९२,९९१.०० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

तराई- मधेश समृद्धि कार्यक्रमः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ परिच्छेद-२ कार्य सञ्चालन गर्ने क्षेत्र र बजेटको व्यवस्था सम्बन्धी दफा (५) मा लागत साझेदारी सम्बन्धी बुदामा आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट अधिकतम सतरी प्रतिशत र स्थानीय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख गरेको छ । स्थानीय तह र संघीय सरकारको ३० र ७० प्रतिशत क्रमश लागत साझेदारी रहने गरी स्थानीय प्रथामिकता प्राप्त योजना संचालन गर्दा कुल लागत अंकको ७० प्रतिशत घटाउँदा बचत हुने रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नु पर्दछ । तसर्थ तराई-मधेश समृद्धि कार्यक्रमबाट प्राप्त भएको रकम रु.२४,९२,९९१.०० भुक्तानीमा पालिकाको घटी सहभागी भएकाले उक्त घटी हुन आउने रकम रु.२१२,१००.०० संघीय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्नेमा चालु आर्थिक वर्ष २०८१।८२ मा भुक्तानीमा समायोजन भएको प्रमाण पेश भएको छ ।.

क्र स	कार्य विवरण	भुक्तानी रकम	लागत सहभागीता (३० प्रतिशत) हुनुपर्ने	लागत सहभागीता भएको	घटी लागत सहभागीता
१	साम्राको मिल हुदै क्याम्पा सडक कालोपत्रे निर्माण	२४९२९९१	७४७८९७	५३५७९७	२१२१००

११२ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिष्प्रर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना

लागत अनुमान भन्दा ११.४१ देखि ४४.२४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

Contract Identification No.	Name Of Project	Name Of The Contractor	Approved Estimated Amount with Vat PS & Contingencies	Contract amount	घटीप्रति
०१/KRM/SCHOOL /२०८०/०८१	Construction of Mahendra Ratna Ma Vi School Building Ward no २	Greenfield Construction and Suppliers Pvt. Ltd.	११,९५५,७९१.७५	७,७४१,९३१.५७	३५.२५
०२/KRM/ROAD /२०८०/०८१	Construction Of Black Top Road Basbari to Sunara Connecting Road Ward २	Singh Nirman Sewa	९,७१६,८८७.२३	५,७१७,९६९.२५	४१.१५
०३/KRM/ROAD/२०८०/०८१	Construction Of Asphalt Concrete Road in Gurung Tole(Chainage ०+४३० to ०+८८६)	Saila Construction Pvt. Ltd	९,७३०,९५३.७१	६,१०९,५८३.६०	३७.२१
०४/KRM/ROAD/२०८०/०८१	Construction Of Blacktopped Works From Jyoti Chowk ०+५४७ to ०+८२७ chainage and Ekata Chowk ०+५५९ to ०+८३९ chainage	Singh Nirman Sewa	६,४९८,५७३.३४	३,६४४,२४३.६१	४३.९२
०५/KRM/ROAD/२०८०/०८१	Construction Of Blacktopped Works Along South of the Ward Office to Sankhaduba Connecting Road Ward ६	Singh Nirman Sewa	४,८३०,३४१.४०	२,७६७,९८९.५०	४२.७०
०६/KRM/ROAD/२०८०/०८१	Upgrading of Roadway of Samra Mill-Bagane Toll Sishabadh-Campa Connecting Road Chainage ३+७८० to ४+१०० Ward २	Kirat Koyu Construction Pvt. Ltd	४,६१५,०६३.३७	२,५७३,२६०.५०	४४.२४
०७/KRM/ROAD/२०८०/०८१	Construction Of Blacktopped Road on Dahi Chowk-Jiwan Chowk-	Singh Nirman Sewa	१२,९५९,९४२.१५	७,२४९,६२९.२९	४४.०६

	Chalphal Chowk Ward ६,४				
०८/KRM/SQ/BRIDGE/२०८०/०८१	Provide, Supply & Transportatation of Multi Truss Bridge Steel Parts upto Delivery Point(Roadhead) Kamal-२&४, JyotiNagar tole	Inter-Tech PVT.LTD.	१,९९८,६१३.७५	१,७७०,५३८.३८	११.४१
११/KRM/ROAD/२०८०/०८१	Construction of Blacktopped Road on Geuriya Chowk purwa Dakchin Connecting Gauradaha ward no ७	Parvati ambika construction PVT.LTD.	५,४२५,२२७.६५	३,३०८,०८५.०५	३९.०२
१३/KRM/ROAD/२०८०/०८१	Construction of Blacktopped Road with Ashphalt Concreting on Mainakhata to Managalbare Bazzar ward no ५,६	Parvati ambika construction PVT.LTD.	६,७८०,०३६.०१	४,२६५,०१७.३१	३७.०९
१४/KRM/HEALTHPOST/२०८०/०८१	Construction of Lakhanpur Primary Health Post Building, Ward No-६	Charali/Maa Pathibhara/Innovation j.v.	४९,४५९,५९९.००	२७,९४४,६८६.६५	४३.५०
१६/KRM/BLOCK/२०८०/०८१	Construction of Block Road in different location of kamal ward no.३	Jaleshwor Nirman Sewa	९,६१६,०१७.६३	७,९५७,३६६.३०	१७.२५
१७/KRM/BLOCK/२०८०/०८१	Construction of Agricultural Market in Campa Bajar ward no.२	Jaleshwor Nirman Sewa	२,५९४,३३७.५१	२,२४३,०४८.७५	१३.५४
१८/KRM/AGRICULTURE/२०८०/०८१	Construction of Organic fertilizer Producing infrastructure	East Side Developers Pvt.Ltd.	३,५९८,२५३.७२	२,७३७,७४३.९७	२३.९१
२१/KRM/ROAD/२०८०/०८१	Road Upgrading from kerkha chowk utter chulachuli road (Blacktop)	Ugreshwor Mahadev Builders Pvt.Ltd.	२,५०७,१३२.६०	२,०६७,७५८.५०	१७.५२

११३ **नमुना विद्यालयः**

११३.१ **सम्झौता र कार्यसम्पन्नः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुदाँ नं २.८.८ को उप क्रियाकलाप नं ८.२ परिच्छेद क देखी झ सम्म रहेका व्यवस्था बमोजिम नमूना विद्यालयको लागि प्राप्त हुने भौतिक पूर्वाधार निर्माणमा

स्थानीय तहले लागत अनुमान तयार गरी विद्यालयसँग भाद्र मसान्त सम्ममा सम्झौता गरी विद्यालयले आर्थिक वर्षको जेठ मसान्त सम्ममा निर्माण कार्य सक्नुपर्ने साथै तोकिएको समयभित्र कार्य सम्पन्न नभएमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने व्यवस्था छ । श्री कमला मदन आश्रित स्मृति माध्यमिक विद्यालयले अघिल्ला दुई आर्थिक वर्ष २०७८।७९ र २०७९।८० मा पहिलो र दोश्रो तलाको सम्पन्न भएको भवनमा तेश्रो तलाको भवन निर्माणको कुल लागत अनुमान रु.१,५९,८८,७५५।०० बाट २०८० पौष ६ मा सुचना प्रकाशन भएकोमा वोलपत्रको मूल्याङ्कनमा लागत अनुमानको ३४.३८ प्रतिशत घटी कबोल गर्ने आर.यू.पि.एस. कन्स्ट्रक्सन (३०२२२८७९९) सँग २०८१ असोज मसान्तमा सम्पन्न गर्ने गरी रु.१,०२,३१,८०६.१५ मा २०८० फाल्गुन १४ गते सम्झौता भएको छ । यस वर्ष नमुना विद्यालयलाई रु.१ करोड निकासा भएको छ । सार्वजनिक खरिद ऐन तथा नियमावलि एवं कार्यक्रम कार्यान्वियन पुस्तिका वमोजिम ठेक्का व्यवस्थापन गर्नुपर्दछ । साथै विद्यालयले एउटै भवनमा तिनवटा ठेक्का मार्फत फरक फरक निर्माण व्यवसायी बाट निर्माणको लागि छुट्टा छुट्टै लागत अनुमान तयार गरी ठेक्का लगाएकोमा भवनको गुणस्तरियता, दिगोपना कायम हुने नहुने एवं निर्माण कार्यका आइटमहरुमा दोहोरोपना भए नभएको सम्बन्धमा यकिन गर्न सकिदैन। विद्यालयले गुणस्तरीय तवरले दोहोरोपना नहुनेगरी निर्माण कार्य गर्नुपर्दछ ।

११३.२ (..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१०,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

११४ **लखनपुर आधारभूत स्वास्थ्य चौकी भवन निर्माण**

ठेक्का नं. १४।०८०/८१ लखनपुर आधारभूत स्वास्थ्य चौकी भवन निर्माण कार्यका लागि गाउँपालिकाले रु.४,९४,५९,५९९.०० को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा चाराली/मा.पाथीभारा/इनोभेशन जे.भी. संग मिति २०८२ पौष २५ मा काम सम्पन्न गर्नेगरी रु.२,७९,४४,६८६.६५ को ठेक्का सम्झौता भएकोमा हाल सम्म रु.८० लाख भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

मोविलाइजेशन पेश्कीको प्रयोगः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम निर्माण व्यवसायिलाई सार्वजनिक खरिद ऐनको दफा ५२क को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए वमोजिम पेश्की दिनसक्ने व्यवस्था छ साथै यस नियम वमोजिम दिएको पेश्की रकम जम्मा भएको वैङ्क खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायिले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । गो.भौ.नं. ३७।२०८१।२।१४ मा गाउँपालिकाले सम्झौतामा पार्टिकुलर कन्डिसन अफ कन्ट्रक्टको बुँदा नं १४.२ मा उल्लेखित व्यवस्था अनुसार सम्झौता भए पश्चात १० प्रतिशत पहिलो किस्ता मोविलाईजेशन पेश्की वापत रु.२० लाख उपलब्ध गराएकोमा पुनः व्यवस्था अनुसार थप १० प्रतिशत गो.भौ.नं. ४५।२०८१।२।२३ मा रु.२० लाख गरी समग्रमा रु.४० लाख पेश्की उपलब्ध गराएको छ । साथै पालिकाले पेश्की दिनु भन्दा अगाडी गो.भौ.नं. ३५।२०८१।१।२७ गते निर्माण व्यवसायीले कार्य गरे वापत प्रथम रनिङ्ग विल रु.२९,७७,००२.०० भुक्तानी दिएको छ । नियम अनुसार मोविलाईजेशन पेश्की ठेक्का सम्झौता भए पश्चात कार्य सुरुवातको लागि दिनुपर्नेमा प्रथम रनिङ्ग विल भुक्तानी पश्चात पुनः पेश्की जनाई रकम निर्माण व्यवसायीलाई दिनु नियमसम्मत देखिएन । सो मोविलाईजेशन पेश्कीको प्रयोगका सम्वन्धमा निर्माण व्यवसायीले वैङ्कको विवरण तथा खर्चको हिसाव पेश गरेको छैन। सम्झौताको शर्त र कानुनमा भएको व्यवस्था बमोजिम उल्लेखित निर्माण कार्यका लागि मोविलाइजेशन पेश्कीको प्रयोगको सुनिश्चितता गर्नुपर्दछ । प्रथम रनिङ्ग विल भुक्तानी पश्चात पुनः पेश्की जनाई रकम निर्माण व्यवसायीलाई दिनु नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२०,००,०००

११५ **गुरुङ्ग टोल सडक निर्माण**

ठेक्का नं.३।०८०/८१गुरुङ्ग टोल सडक अस्फाल्ट निर्माण कार्यका लागिगाउँपालिकाले रु.९७,३०,९५३.०० को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा साईला कन्स्ट्रक्सन प्रा.लि.संग मिति २०८० चैत्र २५ मा काम सम्पन्न

गनेगरी रु.६१,०९,५८३.०० को ठेक्का सम्झौता भएकोमा हाल सम्म रु.२६,४२,१८७.०० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

११५.१ **पुर्व-निर्धारित क्षतिपूर्ति-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । गाउँपालिकाले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । गाउँपालिकाको कार्यपालिकाले समेत म्याद थपका लागि मनासिव देखिएकोले अन्तिम पटकका लागि म्याद थप गर्ने निर्णय गरी म्याद थप हुदा समेत कार्यसम्पन्न नभई पुनः म्याद थप भएको देखिन्छ । अतः गाउँपालिकाले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ तथा ढिला गरी कार्य गर्नेलाई उपरोक्त सम्झौतामा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले हुन आउने पूर्वनिर्धारित क्षतिपुर्ति रकम यकीन गरी असुल गर्नुपर्ने रु.

ठेक्का नं	योजना	निर्माण व्यवसायी	सम्झौता रकम (पिएस र मुअकर बाहेक)	सम्झौता भएको	सम्पन्न गर्नुपर्ने मिति	अन्तिम पटकका लागि म्याद थप	लेप अवधि	ढिला कार्य दिन	क्षतिपुर्ति रकम
३।०८०।८१	गुरुङ्ग टोल सडक अस्फाल्ट निर्माण	साईला कन्स्ट्रक्सन प्रा.लि.	५४०६७११	२०८०।६।२९	२०८०।१२।२५	२०८१।२।३०	२०८१।५।१९	७९	२५०४९३

यस सम्बन्धमा पालिकाले कार्य सम्पन्न भई पूर्वनिर्धारीत क्षतिपूर्ती रकम रु.२५०४९३ कट्टा गरी बाँकी भुक्तानी दिएको जनाई सोको प्रमाण पेश गरिने छलफलमा उल्लेख गरेको छ ।

असुल गर्नुपर्ने	२,५०,४९३

११५.२ **बैंक ग्यारेन्टीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेण्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्दछ । यस सडक अस्फाल्ट निर्माण कार्यका लागि २०८१ जेष्ठ मसान्त म्याद थप भएकोमा कार्यसम्पन्न नभएकोमा २०८२ जेष्ठ २९ सम्मको निर्माण व्यवसायीले रु.१२,४६,४७९.०० को नविल बैंकको कार्यसम्पादन बैंक जमानत नविकरणको पत्र पेश गरेको छ । उक्त पत्र सोही बैंकको वेवसाईटमा भेरिफिकेशन् गर्दा कुनै रेकर्ड नदेखिएकोले सोको एकिन गरी पेश गर्नुपर्ने रु

११५.३ **प्रदेश लागत सहभागीताः** कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ को दफा ४ मा समपूरक अनुदान प्रदान गरिने ढाँचाहरु (२) प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दीगोपना आदिको आधारमा कूल लागतको बढीमा पैसठ्ठी प्रतिशत सम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्नेछ । गाउँपालिकाको देहायको निमार्ण कार्यवापत लागत सहभागीतामा घटी सहभागी भएकाले उक्त घटी हुन आउने रकम रु.९२४७६५.०० प्रदेश संचित कोषमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

ठेक्का नं	कार्य विवरण	निर्माण व्यवसायी	लागत अनुमान	भुक्तानी रकम	लागत सहभागीता (३५ प्रतिशत) हुनुपर्ने	लागत सहभागीता भएको	घटी लागत सहभागीता
३। ०८०/८१	गुरुङ्ग टोल सडक अस्फाल्ट निर्माण	साईला कन्स्ट्रक्सन प्रा.लि.	९७३०९५३	२६४२१८७	९२४७६५	०	९२४७६५

प्रमाण पेश नगरेको	९,२४,७६५

११६ **अस्पताल भवन निर्माण (ठेक्का नं. KRM।NCB ।०७७।७८):**

गाउँपालिकाले पालिकाको हालकै कार्यालय परिसर तोपगाछीमा १५ शैयाको अस्पताल निर्माण कार्य २४ महिनासम्ममा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी आशिष।आशिर्वाद।स्वामीनारायण जेभीसँग २०७८।१।१७ मा रु. १२३९३५५११।६१ को खरिद सम्झौता गरेको थियो । निर्माण स्थलको विवादको कारण निर्माण कार्य हुन नसकेकोले पालिकाले मिति२०८०।३।२८ को बैठकबाट सुविस्ताको आधारमा निर्माण कार्यको सम्झौता अन्त्य गर्ने निर्णय गरेको र निर्माण व्यवसायीलाई दिएको पेस्की रू १०९६७००० फर्स्यौट नगरेको व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको छ । सो सम्बन्धमा पालिकले २०८०।४।७ को कार्यपालिकाको निर्णयानुसार २ वर्षसम्म पनि निर्माणस्थलको विवाद समाधान हुन नसकेको र निर्माण व्यवसायीले समेत ठेक्का तोड्नका लागि निवेदन पेश गरेको आधारमा थप १ महिना म्याद थप गर्ने, कार्यालयले पेश्की रकममा ब्याज दावी नगर्ने तथा ठेक्का सम्झौता प्रक्रियामा भएको खर्च वा क्षतिपुर्ति कार्यालयले पनि दावि नगर्ने आपसी सहमतिका आधारमा अस्पताल भवन ठेक्का तोड्ने निर्णय गरेको छ । तथापी सोही स्थानमा पालिकाले २०८१।५।२६ मा प्रशासकिय भवन निर्माणका लागि अर्को निर्माण व्यवसायी सारा श्रृष्टि जेभीसँग सम्झौता गरी निर्माण कार्य भैरहेको छ । निर्माणस्थल एकै रहेको तर अस्पताल निर्माणका लागि विवाद रहेको व्यहोरासहित निर्माण कार्यको खरिद सम्झौता २ वर्षपछी अन्त्य हुने र सोही स्थानमा प्रशासनिक भवन निर्माणका लागि सम्झौता भई कार्य सञ्चालन भैरहेको देखिएबाट खरिदको स्थान छनौट र विवाद समाधानमा पालिकाले यथोचित निर्णय र कार्यान्वियन गर्न सकेको देखिएन । यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

११७ **लागत अनुमान तयारी**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ र ५क मा लागत अनुमान तयारी र स्वीकृती सम्बन्धी व्यवस्था छ । साथै नियमावलीको नियम ५क मा विवरण स्वीकृती र नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने विषय एवं नियम १० मा निर्माण कार्यको लागत अनुमान तयारी सम्बन्धमा आवश्यक कार्यविधि उल्लेख गरिएको छ । पालिकाले मिति २०८०।४।२७ को ३७औ कार्यपालिका बैठकको ११ नं निर्णमा आर्थिक वर्ष २०८०।८१ को बजेटमा समपुरक कोषको उपयोग गर्ने गरी निर्माण गरिने पूर्वाधार निर्माणमा ३० प्रतिशत र पुल तथा भवनमा २० प्रतिशतसम्म रकम थप गरी लागत अनुमान तयार गरी ठेक्का आव्हान गर्ने गरी निर्णय गरेको छ । प्रदेश तथा संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदानलाई फिर्ता हुन नदिने योजनाका साथ लागत अनुमानलाई अवास्तविक र तथ्यमा आधारित नबनाउँदा पालिकाबाट भएका यसप्रकारका लागत अनुमान र स्वीकृतिसम्बन्धि कामकारवाहीमा विश्वस्त हुने आधार देखिएन । यसमा सुधार गरी वास्तविकतामा आधारित लागत अनुमान तयारी, स्वीकृति, अद्यावधिक र ठेक्का व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

११८ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ३० योजना सञ्चालन गरी यस वर्ष ७१ जनालाई औसत ७८.६२ दिन रोजगारी उपलव्ध गराई रु.३७,२८,७७६.०० श्रमिक ज्याला खर्च गरेको छ । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

११९ **रेमि परियोजनाः**

बैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिहरुको लागि पून:एकिकरण (रेमि परियोजना) का लागि यस पालिकामा जम्मा बजेट रु.५१ लाख विनियोजन भएकोमा कार्यक्रम संचालन खर्च वापत रु.१० लाख ४७ हजार, संचालन खर्च वापत रु.६ लाख ४२ हजार र तलब भत्ता खर्च वापत रु.२३ लाख ६ हजार गरी जम्मा खर्च रु.३९ लाख ९६ हजार गरेको देखिन्छ । १७ वटा कार्य जिम्मेवारी तोकिएकोमा ५ वटा बाहेक अरु कार्य सम्पन्न भएकोमा समग्रमा ७० प्रतिशत कार्य प्रगति गरेको देखिन्छ । परियोजनाले कार्यक्रमको उद्देश्य अनुरूप वैदेशिक रोजगारबाट फर्कीएका व्यक्तीहरुलाई नेपाल/स्वदेश भित्र नै सामाजिक, आर्थिक, साँस्कृतिक र राजनैतिक रुपमा सक्रिय बनाई समुदायमा पुनः स्थापित गराउने कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१२० **टुक्रा पारी खरिद** -

सार्वजनकि खरदि ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरीद नियमावलीमा रु.५ लाख (संसोधन पश्चात रु १० लाख) सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको कामलाई निम्नानुसार टुक्रापारी गरेको खरिद गरेको देखिएको हुँदा यसलाई नियन्त्रण गर्नु पर्दछ।

क्र.सं.	मिति	भौ. नं.	विवरण	डेबिट
१	०६/३०/२०८०	१२१	पानस सप्लायर्सलाइ कार्यालय सामान खरिदको रकम भुक्तानी	३०९६७०.
२	०७/०३/२०८०	१४८	पानस सप्लायर्सलाइ कार्यालय सामान खरिदको रकम भुक्तानी	९९,८०७.००
३	०८/१७/२०८०	२५७	पानस सप्लायर्सलाइ कार्यालय सामान खरिदको रकम भुक्तानी	२००५७५.
४	०८/२४/२०८०	२७८	सालघारी ईन्टरप्राइजेको रकम भुक्तानी	५५११९४.
५	०१/०४/२०८१	७०७	पानस सप्लायर्सलाइ कार्यालय सामान खरिदको रकम भुक्तानी	६४४४२२.
६	०३/१२/२०८१	१०५१	न्यु पाथिभरा कम्प्युटर एण्ड रिपेयरिङ सेन्टरको रकम भक्तानी	८९,४५०.००
७	०३/१३/२०८१	१०६४	ज्ञानोदय प्रिन्टिङ्ग प्रेसको रकम भुक्तानी	६६९६३७.
८	०३/१९/२०८१	११३५	सालघारी ईन्टरप्राइजेको रकम भुक्तानी	४५९६८३.
जम्मा				३०२४४३८.

१२१ **प्रकोप व्यवस्थापन कोषः**

आर्थिक वर्ष २०८०।०८१ को प्रकोप व्यवस्थापन कोषको आय व्यय विवरण यस प्रकार छः

आय				व्यय			
शीर्षक	प्रस्तावित आय	वास्तविक आय	मौज्दात	शीर्षक	बार्षिक बजेट	खर्च	मौज्दात
अन्तरिक श्रोत	२३९११८५३	८२७१८५३	१५६४००००	चालु	८२७१८५३	६७१४९०५	१५५६९४८
१४५२९ अन्य राजस्व	१९६०००००	३९६००००	१५६४००००	२२५२२ कार्यक्रम खर्च	४३११८५३	४२८१८५३	३००००
३२१२२ बैंक मौज्दात	४३११८५३	४३११८५३	०	२७२१२ उद्दार राहत तथा पुनर्स्थापना खर्च	३९६००००	२४३३०५२	१५२६९४८
जम्मा	**२३९११८५३**	**८२७१८५३**	**१५६४००००**	**जम्मा**	**८२७१८५३**	**६७१४९०५**	**१५५६९४८**

यस गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष सञ्चालनको लागि कार्यविधि बनाएकोमा सोही कार्यविधि अनुसार सञ्चालन हुनुपर्नेमा कार्यपालिकाले निर्णय गरी खर्च गर्ने प्रवृत्ति देखियो । यस प्रकारको प्रवृत्तिमा नियन्त्रण गरी कार्यविधि अनुसार खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१२२ **सार्वजनिक संरचना निर्माणमा उपभोक्ता समिति**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा खरिद विधि छनौट र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिद कारबाहीको तयारी सम्बन्धी व्यवस्था रहेका छन् । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसारका उपभोक्ता समितिमार्फत कार्य गराएकोमा सार्वजनिक निकायसँग सम्बन्धित निर्माण कार्य गर्नका लागि उपभोक्ता समिति परिचालन भएको व्यहोरा सहित निम्नानुसार भुक्तानी दिएको छ । उपभोक्ता वा लाभग्राही समुदाय प्रत्यक्ष संलग्नता नरहने वा लाभान्वित नहुने वा जनसहभागिता नजुटने सार्वजनिक निकायको निर्माण वा मर्मतसँग सम्बन्धित कार्य उपभोक्ता समितिमार्फत गराएको अनियमित देखिएको रु

क्र स	उपभोक्ता समिति	भुक्तानी	कार्य
१	प्रहरीचौकी तोपगाँछी रंगरोगन उपभोक्ता समिति	१९५०००	रंग रोगन कार्य
२	वडा कार्यालयको अधुरो भवन निर्माण उपभोक्ता समिति	१७०६२५	अधुरो भवन निर्माण
३	वडा भवनको कम्पाउण्ड वाल निर्माण उपभोक्ता समिति	१०३३५००	कम्पाउण्ड वाल निर्माण
४	कमल नगरअस्पताल सञ्चालन तथा व्यवस्थापन उपभोक्ता समिति	१५६०००	अस्पताल भवनमा पार्किङ्ग ट्रस निर्माण
	जम्मा	**१५५५१२५**	

अनियमित भएको	१५,५५,१२५

१२३ **ढुङ्गाको प्रयोग** - (१०३-२०८०-१०-१०):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मिलन चौक देखी सिमलडाँगी जाने सडक कल्भर्ट निर्माण वापत उपभोक्ता समितिलाई रु.९७५००० भुक्तानी गरेको छ । जसमा Dismantling of stone masonry कार्य ११.७० घनमिटर कार्यको रु.१४३१ का दरले रु.१६७४२.७० भुक्तानी भएको देखिन्छ साथै Stone Soling वापत १४.११ घनमिटरको रु.३०४६.५० का दरले रु.४२९७८.२७ भुक्तानी भएको छ । यसरी पुरानो काम Dismantling गर्दाको ढुंगा प्रयोग नगरी अन्य ढुंगाको प्रयोग भएको सम्बन्धमा पुरानो Dismantling कार्यको ६० प्रतिशतले हुने ७.०२ घनमिटरको रु.१००४६ बराबरको उक्त ढुङ्गा प्रयोग योग्य भए नभएको प्राविधिक पुष्टयाइ सहित प्रमाण पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	१०,०४६

१२४ **साझेदारीमा कल्भर्ट निर्माण**

(२७०-२०८१।२।१) कमल गाउँपालिका झापा र चुलाचुली गाउँपालिका ईलामले सिमानामा रु ९८६०७५ लागत अनुमान रहेको तिनफन्के होली कल्भर्ट निर्माणका लागि गत आर्थिक वर्षमा २०८०।२।२२ को सहमतीका आधारमा रु ५ लाख (वडा कार्यालयको रु ३ लाख र पालिकाको रु २ लाख) साझेदारी कमल गाउँपालिकाले गरेबमोजिम रु ९०१२३२।७६ को कार्य सम्पन्न प्रतिवेदनका आधारमा चुलाचुली गाउँपालिकालाई रु ४५०६१६।३८ भुक्तानी दिएको छ । भुक्तानीसाथ संलग्न कागजात परिक्षण गर्दा कमल गाउँपालिकाको लागत सहभागिता रहेको व्यहोरा कार्य सम्पन्न प्रतिवेदन नापजाँच र बिल भरपाईमा नखुलेको, निर्माण व्यवसायीमार्फत कार्य गराउने गरी लागत अनुमान र भिमेश्वर कन्स्ट्रक्सन प्राली बिराटनगर मार्फत कार्य गराएको कार्य सम्पन्न प्रतिवेदन रहेतापनी सो को बिल संलग्न नरहेकोले दोहोरो भुक्तानी भए नभएको प्रमाण पुष्ट्याई सहित कर विजक पेश गर्नु पर्दछ । लेखापरीक्षणका क्रममा उक्त विल विजक पेश भएको देखिन्छ ।

१२५ **प्राईम कोटको भुक्तानी -**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **१२७,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१२६ **सामाजिक सुरक्षा भत्ता वितरण -**

पालिकाले ७ वटा वडामा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको खातामा ई.एफ.टि. मार्फत वितरण गरेको देखिन्छ।यस वर्ष पहिलो, दोस्रो, तेस्रो र चौथो चौमासिकमा रु.२५,८९,३४,७१६।०६ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

१२६.१ मृत्यु भएको व्यक्तिको नाममा निकासा –

सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मात्र निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयमा बैंकबाट प्राप्त स्टेटमेण्ट र ब्याच ईन्ट्रीको परीक्षण गर्दा मृत्यु भएका व्यक्ति र एकल महिलाले विवाह गरी लगत कट्टा गरीसके पश्चात पनि रकम लाभग्राहिको बैँक खातामा जम्मा गरेको देखिएकोले पालिकाले यकीन गरी बढी भुक्तानी भएको रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

व्यक्तिगतन	**नाम**	**नागरिकतान**	**जन्ममिति**	**लगतकट्टा मिति**	**वडा नं**	**भुक्तानीभएको**	**भुक्तानीहुनुपर्ने**	**बढीभुक्तानी**
1990041700403	राम बहादुरप्रधान	43042462	1990-03-17	2081-03-03	2	48000	44400	3600
2008022900352	टेकमायाआचार्य	९७७३३६८	2008-02-29	2081-03-01	3	48000	44000	4000
2004010132249	टिकारामथापा	1444	2004-01-01	2081-02-19	1	48000	42533	5467
1995040120925	मान बहादुरसुवेदी क्षेत्री	97730700	1995-04-01	2080-08-19	1	48000	22399	25601
2005022501562	धन बहादुरतामाङ्ग	04027202393	2005-02-25	2080-10-18	1	36000	26399	9601
2012040107016	टुकादेवीन्यौपाने	977316026	2012-04-01	2080-10-27	3	46660	27600	19060
2009073000795	डम्वरलिम्वु	977310146	2009-07-30	2080-10-26	4	48000	27466	20534
1992082700037	केवलप्रसाद मावो	९७७३१६८९७	1992-08-27	2080-09-08	3	24000	21066	2934
2008032702137	शंखर मानसंवाहाङफे	४१००	2008-03-27	2080-05-28	2	12000	7733	4267
जम्मा								**95064**

असुल गर्नुपर्ने	९५,०६४

१२६.२ आर्थिक वर्ष २०७८।०७९ देखि २०८०।०८१ सम्मको सामाजिक सुरक्षा पाउने लाभग्राहीको संख्याको र खर्चको अवस्था देहाय बमोजिम रहेको छ :



१२६.३ अनुगमन तथा सुपरीवेक्षण :-

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरुजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	इट्टाभट्टा शुल्क - पालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ३ सि.नं. ३० विविधमा एक वटा चिम्नी भएको इटाभट्टा वार्षिक शुल्क रु.३०००० दर निर्धारण गरेको छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा दर्ता भएका ३ वटा इट्टाभट्टाको आर्थिक वर्ष २०७८।०७९ देखि २०८०।०८१ सम्मको वार्षिक शुल्क रु.२७०,०००।- असुल गरेको नदेखिएको हुँदा पालिकाले यकीन गरी असुल गर्नुपर्ने रु.	२,७०,०००

आर्थिक वर्ष	ईटाभट्टा संख्या	वार्षिक शुल्क दर	जम्मा रकम
२०७८।०७९	३	३००००	९००००
२०७९।०८०	३	३००००	९००००
२०८०।०८१	३	३००००	९००००
जम्मा			२७००००

क्र.सं.	बेरुजुको विवरण	रकम
२	**रकम रोक्का :** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलापन नं ११.१.२.४४५ को बुदा नं ८.२ अनुसार स्थानीय तहले नमुना विद्यालय भौतिक निर्माण कार्यका लागि भाद्र मसान्त भित्र विद्यालय सँग सम्झौता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सम्झौता बमोजिम पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको ५० प्रतिशत स्ट्रक्चरल पार्टको कार्य सम्पन्न भए पश्चात कुल अनुदान रकमको ३० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात नापी किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा २० प्रतिशतले हुने रकम निकासा दिनुपर्ने देखिन्छ। विद्यालय भवन निर्माणको कार्यको लागि यस वर्ष रु.१ करोड बजेट प्राप्त भएकोमा पालिकाले विद्यालयलाई गो.भौ.नं. २४।२०८०।१२।१ मा ५० प्रतिशत वापत रु.४५ लाख ३५ हजार र गो.भौ.नं. ५३।२०८१।३।२१ मा बाँकी बजेट रु.५४ लाख ६५ हजार गरी रु.१ करोड निकासा दिएको छ । संलग्न फाँटवारीमा निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की वापत रु.१६ लाख र प्रथम रनिङ्ग विल वापत रु.३७,९६,१६७.०० को विलको भुक्तानी गरेको विल पेश गरेको छ । निर्माण कार्यको म्याद असोज मसान्त सम्म भएतापनि आर्थिक अन्त्यमा विद्यालय निर्माण कार्यमा खर्च नभई वाँकी भएको रु.६२,०३,८३३.०० तथा बजेट बाट बाँकी रु.२० लाख कार्य सम्पन्न प्रतिवेदन पेश गरे पश्चात रकम फुकुवा हुने गरी विद्यालयको बैंक खातामा उक्त रकम रोक्का राख्ने गरी निकाशा दिएको सम्बन्धमा प्रारम्भिक प्रतिवेदनमा बेरुजु औल्याईएकोमा प्रतिक्रियासाथ खर्च नभई बाँकी रहेको रकम रु ४४५१२५ बेरुजु खातामा दाखिला सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुन आएको छ । कार्य सम्पन्न नहुँदै वा तोकिएबमोजिम कार्य नभएको अवस्थामा रकम निकाशा गरि विद्यालयको खातामा रोक्का राख्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कमल गाउँपालिका, झापा , कमल गाउँपालिका , झापा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राज कुमार शाक्य	२०७९-४-२२	२०८१-४-९
कार्यालय प्रमुख	केशव कुमार ढकाल	२०८१-४-९	हाल सम्म कार्यरत
लेखा प्रमुख	shrijana rai	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१४,०९७,५१०.६५	१४,३७९,१९४	१९,५४२,०१२	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					४८,०१८,७१६.६५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१०,५५०,२६६
संपरीक्षणबाट थप भएको बेरुजू रु.					२७०,०००
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३७,७३८,४५०.६५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०९९२३१६४.४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४५१९१३०००	चालु खर्च	३७९२०५२०७.०५
प्रदेश सरकारबाट अनुदान	३७४६२९०९	पूँजीगत खर्च	२६५७४९१४७
राजश्व बाँडफाँट	११५८६४४४०.३	वित्तीय/अन्य व्यवस्था	३६०३५९८६०.२
आन्तरिक आय	२२१७४८७४.२५		
अन्य आय	३२२७९५५४८.९८		
कुल आय	९५०२१०७७२.५३	कुल खर्च	१००५३१४२१४.२५
बाँकी मौज्दात		५४८१९७२२.६८	

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	१२,३६,८३,५३०.९४	१२,३६,८३,५३०.९४	१०,४८,७८,४७७.३९	१०,४८,७८,४७७.३९
१३०००	अनुदान	४४,२४,९५,४५९.८०	४४,२४,९५,४५९.८०	४९,६७,३७,७९७.००	४९,६७,३७,७९७.००
१४०००	अन्य राजस्व	१,४३,५७,७८३.६२	१,४३,५७,७८३.६२	१,५९,५५,१९३.१७	१,५९,५५,१९३.१७
१५०००	विविध प्राप्ति	५३,०००.००	५३,०००.००	०	०
क	कुल जम्मा प्राप्ति	५८,०५,८९,७७४.३६	५८,०५,८९,७७४.३६	६१,७५,७१,४६७.५६	६१,७५,७१,४६७.५६
३	चालु	३७,९१,९०,२०७.०५	३७,९१,९०,२०७.०५	३६,१४,३४,५७८.५४	३६,१४,३४,५७८.५४
२१०००	पारिश्रमिक / सुविधा	२१,८५,८०,०५२.०६	२१,८५,८०,०५२.०६	२०,८२,८२,६५४.५४	२०,८२,८२,६५४.५४
२२०००	मालसामान तथा सेवाको उपयोग	११,७६,१७,४८२.९९	११,७६,१७,४८२.९९	१४,२८,४९,८२३.००	१४,२८,४९,८२३.००
२५०००	सहायता (Subsidy)	१,७२,७७,४८४.००	१,७२,७७,४८४.००	३५,९७,३०३.००	३५,९७,३०३.००
२६०००	अनुदान	१,६३,८२,३४४.००	१,६३,८२,३४४.००	३,२१,७५०.००	३,२१,७५०.००
२७०००	सामाजिक सुरक्षा	८७,९९,४९४.००	८७,९९,४९४.००	५५,७०,४४८.००	५५,७०,४४८.००
२८०००	अन्य खर्च	५,३३,३५०.००	५,३३,३५०.००	८,१२,६००.००	८,१२,६००.००
४	पूंजीगत	२६,५७,४९,१४७.००	२६,५७,४९,१४७.००	२६,२५,०६,३३८.००	२६,२५,०६,३३८.००
३१११०	भवन तथा संरचना	३,०३,९३,९७३.००	३,०३,९३,९७३.००	३,६२,९६,८२४.००	३,६२,९६,८२४.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१,०२,३९,०२०.००	१,०२,३९,०२०.००	१,२५,२९,५८६.००	१,२५,२९,५८६.००
३११३०	अन्य पूँजीगत खर्च	२०,२१,३०३.००	२०,२१,३०३.००	४,९६,०००.००	४,९६,०००.००

३११५०	सार्वजनिक निर्माण	२२,०९,०४,६६३.००	२२,०९,०४,६६३.००	२०,४१,८८,९३९.००	२०,४१,८८,९३९.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	०	०	२३,४०,९५३.००	२३,४०,९५३.००
३११७०	पूँजीगत सुधार खर्च	२१,९०,१८८.००	२१,९०,१८८.००	६६,५४,०३६.००	६६,५४,०३६.००
ख)	कुल जम्मा भुक्तानी	६४,४९,३९,३५४.०५	६४,४९,३९,३५४.०५	६२,३९,४०,९१६.५४	६२,३९,४०,९१६.५४
ग)	बचत /कमी (ग = क-ख)	(६,४३,४९,५७९.६९)	(६,४३,४९,५७९.६९)	(६३,६९,४४८.९८)	(६३,६९,४४८.९८)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	९२,४८,९३७.९८	९२,४८,९३७.९८	(२६,४८,४७२.८६)	(२६,४८,४७२.८६)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी				
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(५,५१,००,६४१.७१)	(५,५१,००,६४१.७१)	(९०,१७,९२१.८४)	(९०,१७,९२१.८४)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	१०,९९,०८,१६४.४०	१०,९९,०८,१६४.४०	११,८९,२६,०८६.२४	११,८९,२६,०८६.२४
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	५,४८,०७,५२२.६९	५,४८,०७,५२२.६९	१०,९९,०८,१६४.४०	१०,९९,०८,१६४.४०

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	वि
१	साधुहोलीबाट विस्थापित परिवारहरुलाई घर निर्माण सहयोग	२
२	कमल झोल तथा प्राङ्गारिक मल निर्माण र वितरण (सम्भव भएसम्म रोजगार सेवा केन्द्रबाट श्रमिक उपलब्ध गराइ निर्माण गर्ने)	१
३	खेलकुद सामााग्री खरिद तथा वितरण	१
४	सिचाई मोटर १/२ ईन्च बितरण ५० % अनुदान	७
५	विपन्न व्यवसायी महिलाहरुका लागि ठेला वितरण	५
६	कृषि यन्त्र उपकरण ५० प्रतिशत अनुदानमा वितरण	८
७	टनेल वितरण ७५ % अनुदान	५
८	तरकारी खेती गर्ने कृषकहरुका लागि फेरोमेन ट्र्याप अनुदानमा वितरण	४
९	कक्षा १–५ र कक्षा १–८ चलेका विद्यालयहरुलाई स्मार्ट टि.भि. वितरण	८
१०	टोनेल वितरण	४
११	७ जना एकल महिलाहरुकालागि सीप बिकास तालिम (ढाका तालिम र तान वितरण)	४
१२	कृषि चुन अनुदानमा वितरण ७५ % अनुदान	४
१३	हियल चियर खरिद गरि बितरण गर्ने	३
१४	वडा स्तरीय युवा खेलकुद सामाग्री खरिद तथा कार्यक्रम	२
१५	युवालाई खेलकुद प्रशिक्षण तथा सामाग्री खरिद	२
१६	बंगुरलाई मिनिरल वितरण कार्यक्रम (पके६ फ्लोअप)	२
१७	बाल क्लवलाई खेल सामाग्री व्यवस्थापन	२
१८	स्प्रे टेंकी मकै रोप्ने मेशीन बितरण कार्यक्रम । (८०÷३०)	२
१९	डिसपेजेल मेशिन खरिद तथा वितरण	२
२०	खेलकुद सामाग्री बितरण कार्यक्रम ।	२
२१	आदिबासी जनजातिहरुको भेषभुषा तथा सास्कृतिक सामाग्री खरिद	१
२२	खेलकुद सामाग्री वितरण	१
२३	बंगुरपालक किसानहरुलाई उन्नत जातको पाठापाठी वितरण (७५ प्रतिशत अनुदान)	१
२४	विपन्नहरुलाई घरेलु उद्योगहरुको औजार वितरण कार्यक्रम	१
२५	कृषकहरुलाई सम्मान तथा कृषि सामाग्री वितरण कार्यक्रम ।	१

२६	पशुपालक कृषकहरुलाई घासको बिउ वितरण	१
२७	अधियाँ ठेक्का गर्ने विपन्न कृषकहरुलाई ५० % अनुदानमा कृषि सामग्री वितरण	२
२८	आर्थिक सहयोग सहित समवेदना कार्यक्रम	५
२९	सहिद धर्मभक्त मा वि भाडाकुडा तथा सामाग्री खरिद	५
३०	प्लाष्टिक मल्चिङ वितरण	१
	जम्मा	१

बेरूजु दफा १३ सँग सम्बन्धित विवरण - अनुसूची -५

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च
१	आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत)	१४१४०००००.	१२११
२	माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीप्राविधिक धारका प्रशिक्षक समेत)	३२२००००० .	३२२०
३	केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान	६७०००००.	६७००
४	प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान	५८३६०००.	५७२२
५	शिक्षण सहयोग अनुदान (शिक्षक र स.का.)	५००००००.	५०००
६	तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	६४२५०००.	२९७६
७	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	३३५२०००.	२८४९
८	सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान	२८४९०००.	२७५६
९	केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान	२१०००००.	२१००
१०	तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	१९९००००.	१९९०
११	माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	१९०४०००.	१९०४
१२	प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान	१८१३०००.	१८१३
१३	CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान	१४०००००.	१४००
१४	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	१३९८०००.	१३९८
१५	केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान	१२०००००.	१२००
१६	प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान	१०९००००.	१०९०
१७	तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	११५८०००.	१०८९
१८	प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान	१०५४०००.	१०५४
१९	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	१०४२०००.	१०४२
२०	सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान	८८५०००.	८८३३
२१	टोल विकास संस्था अनुदान	९०००००.	८५५०
२२	एक घर एक स्वास्थ्य विमा (५० % प्रतिशत अनुदान)	८०००००.	७९९५
२३	मदन आश्रित स्मृति बहुमुखी क्याम्पसलाई अनुदान	७०००००.	७०००
२४	सिचाई मोटर १/२ ईन्च बितरण ५० % अनुदान	७५००००.	६२८२
२५	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	६०६०००.	६०६०

२६	आधारमुत तह कक्षा (६-८) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	६०६०००.	६०५९
२७	कृषि यन्त्र उपकरण ५० प्रतिशत अनुदानमा वितरण	८५००००.	५५९१
२८	टनेल वितरण ७५ % अनुदान	५०००००.	५०००
२९	स्वास्थ्य संस्था सञ्चालन तथा MSS का लागी सामाग्री खरिद गर्न लखनपुर स्वास्थ्य चौकी लाई बार्षिक एकमुष्ट रु. २००००० र आधारभुत स्वा के र सामुदायिक स्वास्थ्य इकाइ हरु (६) लाई रु ५०००० को दरले निशर्त अनुदानप्रदान गर्ने ।	५०००००.	४९९९
३०	बालमैत्री स्थानीय तह घोषणा उन्मुख सहयोग अनुदान	५०००००.	४८६३
३१	अन्य संस्थालाई सःशर्त चालु अनुदान	५०००००.	४७४८
३२	तरकारी खेती गर्ने कृषकहरुका लागि फेरोमेन ट्र्याप अनुदानमा वितरण	४७००००.	४६९९
३३	माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	५९२०००.	४५०७
३४	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	४३५०००.	४३५०
३५	बजारमुखी एक समूह एक सामूहिक तरकारी उत्पादनका आधारमा प्रोत्साहन अनुदान(न्यूनतम ५ कठ्ठा देखि अधिकतम २ बीगाहा सम्म)	४३००००.	४२७५
३६	कृषि चुन अनुदानमा वितरण ७५ % अनुदान	४०००००.	३७५०
३७	माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	३४४०००.	३४४०
३८	प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान	३३९०००.	३३९०
३९	बिपन्न परिवारलाई खानेपानी जडान अनुदान	३०००००.	३०००
४०	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	२५३०००.	२५३०
४१	ईलेक्ट्रीक च्यापकटर ५० % अनुदान	२५००००.	२४९६
४२	कृषकहरुलाई मकै रोप्ने/छोडाउने मेशिन ५० % अनुदान	२०००००.	१९८८
४३	आधारमुत तह कक्षा (६-८) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	१८८०००.	१८८०
४४	प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान	१९७०००.	१५५९
४५	कृषि सिचाई मिटरमा ५० प्रतिशत अनुदान	१५००००.	१४४९
४६	आधारमुत तह कक्षा (६-८) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	१०९०००.	१०९०
४७	एक घर एक पशुविमामा ५०% अनुदान	१०००००.	१०००
४८	बंगुरपालक किसानहरुलाई उन्नत जातको पाठापाठी वितरण (७५ प्रतिशत अनुदान)	१०००००.	१०००
४९	विपन्न नागरिक स्वास्थ्य विमा ५० प्रतिशत अनुदान	१०००००.	९९७५
५०	मकै छोडाउने मेसिन ५० प्रतिशत अनुदान	१०००००.	९८००
५१	बाख्रापालक किसानहरुलाई उन्नत जातको बोका(७५ प्रतिशत अनुदान)	१०००००.	७४७०

५२	अधियाँ ठेक्का गर्ने विपन्न कृषकहरुलाई ५० % अनुदानमा कृषि सामग्री वितरण	२०००००	६७११
५३	लैङ्गिक हिंसा निवारणका लागि स्थानीय तहमा संरक्षण कोष संचालन अनुदान	५००००	५०००
५४	महिला लक्षित पुष्पखेती उत्पादनका आधारमा प्रोत्साहन अनुदान	२४०००	२४००
५५	नदि उकास तथा अन्य बाँझो जमिनमा खरभुजा तरभुजा परबल लगायत अन्य लहरेबाली उत्पादनमा प्रोत्साहन अनुदान	२६०००	२०००
	जम्मा	२३३४६५०००	२०८१

बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची - ६

क्र.सं.	भुक्तानी पाउने	भुक्तानी रकम
१	कुइनेटो मिडिया प्रा .लि	४३६३९२.
२	बिगहब नेटवर्क	३९३३७५.
३	पुर्व न्युज मिडिया	३०४६९९.
४	कान्तिपुर मिडीया सर्भिस	२७७४६७.
५	हिमशिखर टेलिभिजन	२७१३४९.
६	भिजन डेभलपमेन्ट सोलुसन प्रा. लि.	२४२७३५.
७	प्लस मिडिया नेटवर्क प्रा. लि.	२११७७५.
८	निष्कर्ष मिडिया	१७७६०६.
९	सप्तरंगी एफ एम प्रा.लि	१४७९२९.
१०	हिम शिखर मिडिया प्रा.लि.	१४७७५०.
११	नयां प्रकाशन प्रा.लि.	१४१६६०.
१२	मदानी मिडिया	९८४२५.
१३	रोजी एडभरटाईजिङ्ग एजेन्सी	९८३४३.
१४	पुर्वाञ्चल दैनिक	९६३५१.
१५	भर्याङ मिडिया	९६०१७.
१६	पार्श्व मिडिया प्रा.लि.	७०२४५.
१७	नवयुग मिडिया	६०८७९.
१८	प्राइम एफ.एम. प्रा.लि.	६०७००.
१९	किंग मिडिया ग्रुप प्रा.लि.	३८४६३.
२०	गौरादह मिडिया प्रा.लि.	३७४३०.
२१	ब्रदर बुक्स प्रकाशन प्रा.लि.	२३१३७.
२२	जय लोकतन्त्र साप्ताहिक	२१२५०.
२३	एस.के.मिडिया एडभरटाईजिङ्ग	१९७३४.
२४	चेसुङ्ग मिडिया	१९७००.
२५	पूर्व क्षितिज प्रकाशन प्रा.लि.	१३८८८.

२६	पूर्वाञ्चल दैनिक	१२८०५.
२७	पर्दाफास मिडिया नेटवर्क	९८५०.
२८	पाथिभरा एडभरटाइजिङ	९८५०.
२९	मकालु एड्भरटाइजिङ्ग प्रा.लि.	८०२८.
३०	पाथीभरा एफ.एम.प्रा.लि.	७८८०.
३१	मुलपानी मिडिया प्रा.लि.	६८९५.
३२	न्युजलय मिडिया प्रा.लि.	४९३४.
३३	प्रगति एड्भरटाईजिङ्ग एजेन्सी	४९२५.
३४	चौतारी पोष्ट अनलाइन डट कम	४९२५.
३५	महाप्रवाह साप्ताहिक	४९२५.
३६	गौरीगञ्ज मिडिया प्रा .लि	४९२५.
३७	न्यू पाथीभरा साप्ताहिक	४८४२.
३८	मावा टाइम्स मिडिया प्रा.लि.	४७०७.
३९	पुर्वी कमाण्ड मिडिया प्रा.लि	४७०७.
४०	रोमा एड्भरटाइजिङ कम्पनी प्रा लि	२९५५.
४१	ओमकार टाइम्स मिडिया प्रा.लि.	२९५५.
	जम्मा	३६०७४०७.

बेरूजु दफा १६ सँग सम्बन्धित विवरण - अनुसूची -७

क्र.स.	पूर्वाधार वा संरचनाको शिर्षक र ठेगाना	विनियोजन	खर्च	जग्गा तथा भवन स्वामित्व सम्वन्धि
१	श्री महेन्द्र रत्न मा वि भवन निर्माण कमल २	10000000	9163145	विद्यालयकै नाममा
२	लखनपुर स्वास्थ्य चौकीको भवन निर्माण कमल ६	800000	800000	पालिकाको नाममा
३	वडा भवन निर्माण कमल २	7001703	5847354	पालिकाको नाममा
४	हाम्रो खुल्ला व्यायामशाल तथा कभर्ड हल निर्माण कमल ४	2800000	2343132	सयपत्री युवाक्लवको भोगचलन
५	क्याम्पा कृषि बजार निर्माण कमल २	2000000	2000000	सडकको क्षेत्राधिकार भित्र भवन निम
६	ढ्याङ्ग्री सरङ्गपाडा शुक्रवारे बजार निर्माण कमल १	1500000	1459646	सडकको क्षेत्राधिकार भित्र/ सार्वजनि
७	इमर्जेन्सी भवन निर्माण कमल नगर अस्पताल कमल २	1220000	1203571	तोपगाछी स्वास्थ्य चौकी
८	मदन भण्डारी स्मृति भवन कमल २	1000000	948082	ने क पा एमाले
९	समयगढ बजार निर्माण कमल २	800000	800000	सडकको क्षेत्राधिकार भित्र/ सार्वजनि
१०	पाराखोपी मन्कुडाँडा सभाहल निर्माण कमल १	500000	500000	जलेश्वर शिवालय मन्दिर
११	क्याम्पा बजार निर्माण कमल २	500000	500000	सडकको क्षेत्राधिकार भित्र/ सार्वजनि
१२	सरङ्गपाडा बजार अधुरो भवन निर्माण कमल १	300000	292500	सडकको क्षेत्राधिकार भित्र/ सार्वजनि
१३	पारुहाङ्ग मन्दिरमा घेराबेरा तथा टहरा निर्माण कमल ५	300000	292500	वर्षौंदेखि मन्दिरले भोगचलन गरिरहेव
१४	लक्ष्मीनारायण मन्दिर घेरावेरा निर्माण कमल ६	300000	292500	मन्दिरकै नाममा
१५	राधाकृष्ण मन्दिर निर्माण कमल ५	300000	289584	वर्षौंदेखि मन्दिरले भोगचलन गरिरहेव
१६	कृषि सामुदायिक भवन छाना तथा घेराबेरा कमल ६	250000	233281	नमुना मुल कृषक समूह
१७	आदिवासी समावेशी ताजपुरिया युवा क्लव मर्मत कमल ७	150000	146250	मेदनी प्र. सेनेहाङ्ग
१८	महाराज संरक्षण समिति मैनाखोता गेट निर्माण कमल ६	100000	86669	महाराजथान संरक्षण समितकै नामम
	जम्मा	२९८२१७०३.	२७१९८२१४.	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।